# सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा प्रकाशित साहित्यिक रचना एवं क्रियाशील साहित्यकारहरु

## को

## विवरण सङ्कलन र अध्ययन सम्बन्धी

# प्रतिवेदन

REPORT

**पेश गरिएको कार्यालय**

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

कालिकास्थान, डिल्लीबजार काठमाडौं

**प्रस्तुत गर्ने**

सुदूर पश्चिमाञ्चल साहित्य समाज

धनगढी, कैलाली

## विषयसूची

## परिच्छेद एक


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १.१ | अध्ययनको परिचय | १ |
| १.२ | अध्ययनको उद्देश्य | २ |
| १.३ | अध्ययनको कार्यक्षेत्र | ३ |
| १.४ | अध्ययनको प्रक्रिया | ३ |
| १.५ | अध्ययन प्रतिवेदनमा सलिग्न गरिने विषयहरु | ५ |
| १.६ | अध्ययनको अवधि | ११ |
| १.७ | अध्ययनको कार्यविधि | ११ |
| १.८ | अध्ययनका सीमा | १२ |
| २ | सुदूर पश्चिमाञ्चलमा साहित्यको विद्यागत लेखनको अवस्था | १३ |
| २.१ | पृष्ठ भूमि | १३ |
| २.२ | **डोटेली लोकसाहित्यको क्षेत्रमा भएका खोज अनुसन्धान र प्रकाशित कृतिहरु** | १४ |
| २.३ | सुदूर पश्चिममा कविता काव्य लेखन र प्रकाशित कृतिहरु | १८ |
| २.४ | सुदूर पश्चिममा गजल लेखनको अवस्था र प्रकाशित गजलकृतिहरु | ३४ |
| २.५ | सुदूर पश्चिममा कथा लेखन र प्रकाशित कथा कृतिहरु | ४१ |
| २.६ | सुदूर पश्चिममा उपन्यास लेखन र प्रकाशित औपन्यासिक कृतिहरु | ४५ |
| २.७ | सुदूर पश्चिममा नाटक लेखनको अवस्था र प्रकाशित नाट्य कृतिहरु | ४९ |
| २.८ | सुदूर पश्चिममा निबन्ध लेखनको अवस्था र प्रकाशित निबन्ध कृतिहरु | ५१ |
| २.९ | सुदूर पश्चिममा यात्रासंस्मरण र प्रकाशित कृतिहरु | ५५ |
| २.१० | सुदूर पश्चिममा समालोचना लेखनको अवस्था र प्रकाशित कृतिहरु | ५६ |
| २.११ | सुदूर पश्चिममा जीवनी लेखन सम्बन्धी प्रकाशित कृतिहरु | ५८ |
| २.१२ | सुदूर पश्चिममा प्रकाशित भाषा, व्याकरण र शब्दकोष सम्बन्धी कृतिहरु | ६० |
| २.१३ | सुदूर पश्चिममा प्रकाशित इतिहास र बंशवली सम्बन्धी कृतिहरु | ६१ |


## परिच्छेद तीन


| | | |
|---|---|---|
| ३ | **सुदूर पश्चिमाञ्चलमा क्रियाशील साहित्यकारहरु** | ६४ |


## परिच्छेद चार


| | | |
|---|---|---|
| ४.१ | **सुदूर पश्चिमाञ्चलमा सक्रिय साहित्यिक संस्थाहरु** | ९५ |
| ४.२ | **कैलाली जनपुस्तकालय** | ९५ |
| ४.३ | **सुदूर पश्चिममाञ्चल साहित्य समाज** | ९६ |
| ४.४ | **महाकाली साहित्य संगम** | ९७ |
| ४.५ | **विद्यार्थी साहित्य प्रतिष्ठान** | ९७ |
| ४.६ | **सुदूर पश्चिमाञ्चल गजल मञ्च** | ९८ |
| ४.७ | **मोती साहित्य समाज टीकापुर** | ९९ |
| ४.८ | **नवरत्न साहित्य संगम** | १०० |

| | | |
|---|---|---|
| ४.९ | बभाङ्ग साहित्य मञ्च | १०१ |
| ४.१० | सु.प.साहित्य कला प्रतिष्ठान | १०२ |
| ४.११ | अन्य संस्थाहरु | १०३ |


## परिच्छेद पाँच


| | | |
|---|---|---|
| ५ | सुदूर पश्चिमाञ्चलमा प्रकाशित रचना र साहित्यकारहरुको अवस्था | १०४ |


## परिच्छेद छ


| | | |
|---|---|---|
| ६ | रोयल्टी प्रावधान लागू गर्नका लागि गर्नुपर्ने कार्यहरु | १०७ |


## परिच्छेद सात


| | | |
|---|---|---|
| ७ | निष्कर्ष तथा सुझावहरु | ११० |
| ७.क. | निष्कर्ष | ११० |
| ७. क. १ | बौद्धिक सम्पत्तिका रुपमा साहित्यिक रचना | ११० |
| ७.क२ | साहित्य  लेखन र विकासमा बढ्दो क्रियाशीलता | ११० |
| ७.क.३ | साहित्य लेखनमा नवप्रतिभाहरुको आकर्षण: आशलाग्दो भविष्य | १११ |
| ७.ख. | सुझावहरु | ११२ |

# अनुसूची

# विवरण फाराम - प्रश्नावली

# परिच्छेद एक

## १.१ अध्ययनको परिचय

बौद्धिक सम्पत्तिका रुपमा रहेका साहित्य र कला मानिसको मानसिक र मौलिक सिर्जना हुन् । मौलिक सिर्जना र बौद्धिक सम्पत्तिका रुपमा रहेका कला र साहित्य एकातिर मानव सभ्यताका अमूल्य नीधि हुन् भने अर्कोतिर भाषा, संस्कृति कला र साहित्य हरेक राष्ट्रका परिचायक र समृद्धिका सूचक समेत हुन् । प्रतिभाशाली र महान स्रष्टाहरुका मौलिक र साश्वत रचनाहरुबाट नै राष्ट्रको प्रशिद्धि र पहिचान झल्किन्छ भने स्रष्टाहरुको संरक्षण सम्बर्धन र उचित सम्मानबाट नै राष्ट्रले गहकिला र कालजयी रचनाहरु प्राप्त गर्न सक्दछ । कुनैपनि राष्ट्रको समृद्धिको सूचक, शास्वत सम्पत्ति र अमूल्य गहना भनेकै स्रष्टा र उनीहरुका सिर्जनाहरु नै हुन् । अतः आफ्नो राष्ट्रका गहना र गौरवका रुपमा रहेका स्रष्टा र तिनका रहचनाहरुको खोजी गर्नु, संरक्षण र सम्बर्द्धन गर्नु, प्रकाशन गर्नु र प्रकाशित रचनाको जगेर्ना गर्नु, स्रष्टाहरुलाई प्रोत्साहित आदि गर्नु हरेक राष्ट्रको कर्तव्य र दायित्व हुन जान्छ ।

नेपालमा बौद्धिक सम्पत्तिका रुपमा साहित्यिक रचना तथा सिर्जनाको महत्वपूर्ण स्थान रहेपनि यसको उपयोग संरक्षण र प्रतिलिपि अधिकारको क्षेत्रभित्र पर्ने साहित्यिक रचना र त्यसको प्रकाशन सम्बन्धमा हालसम्म सरकारी र गैरसरकारी निकायबाट कुनै ठोस अध्ययन र खोजी हुन सकेको छैन । यही मर्मलाई मध्येनजर गरी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले सर्वप्रथम नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा प्रकाशित साहित्यिक रचना एवं क्रियाशील साहित्यकारहरुको विवरण सङ्कलन र अवस्था बारे अध्ययन गर्ने उद्देश्यले मिति २०६६/११/११ को गोरखापत्रमा सूचना प्रकाशित गरेको र मिति २०६६/१२/०५ मा सुदूर पश्चिमाञ्चाल साहित्य समाज र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबीच भएको सम्झौताअनुसार अध्ययन गर्नका लागि पेश गरिएको अवधारणा पत्र र तत्पश्चात पेश गरिएको मस्यौदा प्रतिवेदन समेत स्वीकृत भइसकेकोले कार्यालयबाट प्राप्त आवश्यक सुझाव सहित अध्ययनको अन्तिम प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

**क**. नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका कैलाली , कञ्चनपुर, डोटी, डडेल्धुरा, बैतडी, दार्चुला, अछाम, बझाङ्ग र बाजुरा जिल्लामा साहित्य साधना गर्ने साहित्यकारहरु र त्यहाँबाट प्रकाशित साहित्यिक रचनाहरुको एकीकृत विवरण तयार गर्ने ।

**ख**. सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा साहित्य सिर्जनामा लागेका स्थानीय स्तरका साहित्यकारहरुको विवरण तयार गर्ने ।

**ग**. सुदूर पश्चिमाञ्चल क्षेत्रमा साहित्यिक क्षेत्रमा स्थापित, क्रियाशील र संलग्न विभिन्न साहित्यिक संघ संस्थाको विवरण सङ्कलन गर्ने एवं साहित्यिक क्षेत्रमा रोयल्टी प्रावधान लागू गर्न आधार तयार गर्ने ।

**घ**. हालसम्म सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा साहित्यका विविध विधाहरु- कथा, कविता, नाटक, निबन्ध, गीत गजल, यात्रा, उपन्यास समालोचना आदिको अवस्था, लेखन र प्रकाशन बारे यथार्थ विवरण प्रस्तुत गर्ने ।

**ङ**. बौद्धिक सम्पत्तिका रुपमा रहेका साहित्यिक रचनाहरुको प्रकाशन, उपयोग र श्रष्टाहरु आफ्ना कृतिहरुबाट के कति लाभान्वित छन भन्ने कुराको लेखाजोखा गर्ने ।

**च**. सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा प्रकाशित रचना तथा क्रियाशील साहित्यकारहरुको गतिविधि, क्रियाशीलता र अवस्थाबारे यथार्थ विवरण पेश गर्ने ।

**छ**. माथिका विवरणहरुको विवेचनाका आधारमा अध्ययन विश्लेषण र निष्कर्ष एवं सुझावहरु पेश गर्ने ।

## १.३ अध्यनको कार्यक्षेत्र :

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत कैलाली, डोटी, अछाम, बझाङ्ग, बाजुरा, डडेल्धुरा, बैतडी, दार्चुला र कञ्चनपुर जिल्लामा प्रकाशित साहित्यिक रचना एवम् क्रियाशील साहित्यकारहरुको विवरण सङ्कलन र अध्ययन गरिएको हुँदा समग्र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र नै यो अध्ययनको कार्यक्षेत्र हो ।

## १.४ अध्ययनको प्रक्रिया

### क. तथ्याङ्क सङ्कलन

अध्ययनका लागि आवश्यक तथ्याङ्क र विवरण विभिन्न विधि, श्रोत एवं माध्यमहरुको उपयोगद्वारा सङ्कलन गरिएका छन् ।

### ख. तथ्याङ्क सङ्कलनको श्रोत

अध्ययनको लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क र विवरणहरु विभिन्न प्राथमिक र माध्यमिक श्रोतहरुबाट सङ्कलन गरिएका छन् । प्राथमिक श्रोत अन्तर्गत सम्बन्धित क्षेत्रका साहित्यकार, समालोचक, सङ्कलक, साहित्यप्रेमी एवं बौद्धिक व्यक्तिहरुको सहयोग र उनीहरुका प्रकाशित रचना, प्रकाशक र सम्पादक आदिको सहयोग लिइएको छ भने माध्यमिक श्रोतका रुपमा विभिन्न पुस्तकालय, पत्रपत्रिका, स्मारिका, सञ्चारका माध्यम र प्रकाशन संस्थाहरु तथा विभिन्न सरकारी र गैरसरकारी साहित्यिक संघ संस्थाको सहयोग लिइएको छ । आवश्यकता अनुसारका विभिन्न पुस्तक ग्रन्थ र सन्दर्भसामग्रीहरुको पनि प्रयोग गरिएको छ ।

### ग. तथ्यांक सङ्कलन विधि

सुदूर पश्चिममा प्रकाशित रचना तथा क्रियाशील साहित्यकारको विवरण सङ्कलन र अध्ययनका लागि प्राथमिक र माध्यमिक तथ्याङ्क सङ्कलन पश्चात एकीकृत अध्ययन गरिएको छ । यसमा मुख्यतया सुदूर पश्चिमाञ्चलमा प्रकाशित साहित्यका विभिन्न विधाका समग्र रचनाहरुको एकीकृत रुप तयार गर्ने प्रयास गरिएको छ भने क्रियाशील साहित्यकारहरुको अवस्था र विवरण पनि सङ्कलन गरिएको छ । साथै सुदूर पश्चिममा क्रियाशील साहित्यिक संघ, संस्थाहरुकोसमेत विवरण संकलन गरी प्रस्तुत गरिएको छ ।

## घ. तथ्याङ्क सङ्कलनका माध्यमहरु

अध्ययनको लागि सूचना, साहित्यिक रचना र साहित्यकारको विवरण एवं तथ्याङ्कहरु विभिन्न माध्यमहरुको प्रयोग गरी सङ्कलन गरिएको छ ।

### *i. व्यक्तिगत विवरण*

सुदूर पश्चिमाञ्चलमा प्रकाशित विभिन्न रचनाहरुको विवरण प्राप्त गर्नका लागि साहित्यका विभिन्न विद्यामा क्रियाशील साहित्यकारहरुको परिचय खुल्ने र उनीहरुबाट रचना भएका कृतिहरु उल्लेख भएका व्यक्तिगत विवरण फाराम तयार गरी उनीहरुलाई भराएर विवरण प्रस्तुत गरिएको छ ।

### *ii. प्रत्यक्ष व्यक्तिगत भेटघाट*

प्रकाशित रचना तथा क्रियाशील साहित्यकारहरुको परिचय खुल्ने खालको फाराम तयार गरी सम्बन्धित रचनाकारहरुलाई प्रत्यक्ष भेटेर भराइएको छ भने प्रकाशित रचनाहरुका विवरण पनि सँगसँगै सङ्कलन गरी प्रस्तुत गरिएको छ ।

### *iii. अवलोकन*

प्रकाशित रचना र क्रियाशील साहित्यकारहरुको विवरण सङ्कलन गर्न सम्बन्धित विषय र क्षेत्रको प्रत्यक्ष अवलोकन समेत गरिएको छ । क्रियाशील साहित्यकारहरुसँग प्रत्यक्ष भेटेर उनीहरुको अवस्थाको अवलोकन गरिएको छ भने प्रकाशित रचना र कृतिहरुको समेत प्रत्यक्ष अवलोकन र अध्ययन गरिएको छ । साथै विभिन्न साहित्यिक संघ, संस्थाका स्थिति र गतिविधि बुझ्न विभिन्न कार्यक्रममा सहभागी भई अवलोकन गर्ने कार्य गरिएको छ ।

### *iv. विज्ञहरु मार्फत विवरण सङ्कलन*

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न दुर्गम तथा विकट क्षेत्रबाट प्रकाशित भएर पनि प्रचारमा आउन नसकेका र ओझेलमा परेका रचना तथा साहित्यकारहरु यस विवरणमा समावेश र संलग्न हुनबाट नछुटुन् भन्ने उद्देश्यले यस क्षेत्रसँग सम्बन्धित साहित्यकारहरु, समालोचक, समीक्षक, अनुसन्धानकर्ता, विभिन्न पत्रपत्रिका, सम्पादक, पत्रकार, साहित्यिक संघसंस्थाका प्रतिनिधि, विज्ञ र बौद्धिक व्यक्तिहरुको सहयोगबाट समेत विवरण सङ्कलन गरिएको छ ।

*v. अन्य*

माथि उल्लेखित माध्यमहरुबाहेक समय, लागत, कार्यक्षेत्र र आवश्यकता अनुसार सुदूर पश्चिमाञ्चलमा प्रकाशित सबै विधाका सबै रचना र क्रियाशील सबै साहित्यकारहरुको एकीकृत विवरण तयार गर्नका लागि सम्भव हुने सबै माध्यमको प्रयोग गरिएको छ । इमेल, इन्टरनेट, बेभसाइट, प्रकाशित ग्रन्थ, पुस्तकालय, पत्रपत्रिका, फोटो जस्ता अन्य माध्यमहरुको प्रयोग गरी विवरण सङ्कलन गरिएको छ ।

## ङ. तथ्याङ्क प्रशोधन

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा प्रकाशित रचना र क्रियाशील साहित्यकारहरु तथा सम्बन्धित साहित्यिक संघसंस्थाहरुसँग सरोकार राख्ने प्रश्नावली, व्यक्तिगत विवरण फाराम तथा अन्य माध्यमबाट प्राप्त भएका विवरण र तथ्याङ्कहरुलाई तिनको प्रकृति, महत्व र अपरिहार्यताका आधारमा विभिन्न समूहहरु बनाई वर्गीकृत गरेर प्राप्त हुन आएका तथ्याङ्कहरुलाई विभिन्न विधिहरु अपनाई विश्लेषण एवं मूल्याङ्कन गरी प्रस्तुत गरिएको छ ।

## च. तथ्याङ्क विश्लेषण र मूल्याङ्कन

प्रशोधित तथ्याङ्कहरुलाई विभिन्न विधिहरुको उपयोग गरी सङ्कलन विवरण एकीकृत गरिएको छ । आवश्यकता अनुसार संश्लेषण एवं विश्लेषण गरी सुदूर पश्चिमाञ्चल क्षेत्रमा प्रकाशित साहित्यिक रचना र क्रियाशील साहित्यकारहरुको विगत र वर्तमान अवस्था र समग्र साहित्य प्रकाशनको स्थितिको समेत विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.५ अध्ययन प्रतिवेदनमा संलग्न गरिएका विषयहरुः

सुदूर पश्चिमाञ्चलमा प्रकाशित साहित्यिक कृति र क्रियाशील साहित्यकारहरुको विवरण संकलन गर्ने क्रममा हालसम्म साहित्यका विभिन्न विधाको लेखन अवस्था र विभिन्न विधाका कृतिहरुको उत्पादन/प्रकाशन, क्रियाशील र प्रतिनिधि साहित्यकारहरुको विवरण, साहित्यिक संघसंस्थाको विवरण र रचनाहरुको उत्पादन, प्रकाशनमा भएका सदुपयोग, दुरुपयोग, रोयल्टी प्राप्तिको अवस्था तथा अध्ययनबाट प्राप्त निष्कर्ष र सुझावहरुलाई विभिन्न भाग र खण्डहरुमा संलग्न गरिएको छ ।

**परिच्छेद एक - अध्ययनको परिचय**

**परिच्छेद दुई - सुदूर पश्चिमाञ्चलमा साहित्यको विधागत लेखनको अवस्था र हालसम्म प्रकाशित साहित्यिक कृतिहरु**

**परिच्छेद तीन - सुदूर पश्चिमाञ्चलमा क्रियाशील साहित्यकारहरु**

**परिच्छेद चार - सुदूर पश्चिममा सक्रिय साहित्यिक संस्थाहरु**

**परिच्छेद पाँच - सुदूर पश्चिममा प्रकाशित रचना र साहित्यकारहरुको अवस्था**

**परिच्छेद छ - साहित्यका क्षेत्रमा रोयल्टी प्रावधान लागू गर्नका लागि गर्नुपर्ने कार्यहरु**

**परिच्छेद सात - निष्कर्ष र सुझावहरु**

## क.सुदूर पश्चिमाञ्चलमा साहित्यको विधागत लेखनको अवस्था

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र संस्कृति र साहित्यको विशाल भण्डारका रुपमा चिनिदै आएको छ । सुदूर पश्चिमाञ्चल अनादिकालदेखि लोक जीवनमा रहेको लोकसाहित्यको धनी र सम्पन्न क्षेत्र हो । यहाँको लोक जीवनमा रहेको लोकसाहित्यलाई 'डोटेली लोकसाहित्य' भनिन्छ । प्राचीनकालदेखि जनजिब्रोमा रहेको डोटेली लोकसाहित्यको खोज, अनुसन्धान र प्रकाशनका क्षेत्रमा पनि प्रशस्त कार्यहरु भएका छन् । लिखित साहित्यका रुपमा प्रचलित शिष्ट साहित्यका विभिन्न विधाहरुमा लेखनको परम्परा पनि लामै रहेको देखिन्छ । हालसम्म सुदूर पश्चिमाञ्चलमा साहित्यका कथा, उपन्यास, निबन्ध, नाटक, कविता, गीत, गजल, यात्रा संस्मरण/नियात्रा र समालोचना जस्ता विधामा प्रशस्त कलमहरु चलेका छन् । साहित्यका यी विभिन्न विधाहरुको लेखनमा लागेका लेखक र कृतिहरु तथा विधागत लेखनको अवस्था के, कस्तो छ भन्ने सम्बन्धी विस्तृत चर्चा यस प्रतिवेदनमा गरिएको छ ।

## ख.सुदूर पश्चिममा हालसम्म प्रकाशित साहित्यिक कृतिहरु

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र लोकजीवनमा प्रचलित लोकसाहित्यको क्षेत्रमा मात्र होइन, लिखित शिष्ट साहित्यको लेखन र प्रकाशनका क्षेत्रमा समेत सम्पन्न छ । नेपाली व्याकरणका क्षेत्रमा जयपृथ्वीबहादुर सिंहको पहिलो 'प्राकृत व्याकरण' देखि प्रथम दुखान्त नाटककार पहलमान सिंह स्वारको 'अटलबहादुर' नाटकबाट सुदूर पश्चिममा साहित्यका विभिन्न विद्याका कृतिहरु प्रकाशनको क्रम शुरु भएको मानिन्छ । हालसम्म सुदूरपश्चिममा साहित्यका विभिन्न विधाका कृतिहरु प्रकाशित भएका छन् । कथा, उपन्यास, नाटक, निबन्ध, यात्रा संस्मरण/नियात्रा, गीत गजल र समालोचना सम्बन्धी विभिन्न साहित्यकारहरुका कृतिहरु प्रकाशित भएका छन् । अध्ययन प्रतिवेदनमा प्रकाशित साहित्यिक कृतिहरुको विवरण दिने क्रममा प्रकाशित कृतिको नाम, कृतिको विधा, लेखकको नाम, प्रकाशक संस्था, आदि उल्लेख गएिको छ । कृतिहरुको विवरण संकलन गरी प्रतिवेदनमा निम्नानुसार समावेश गरिएको छ :

कृतिको नाम : पहाडकी सौंराइ

विधा : उपान्यास

लेखक : पदमराज जोशी 'प्रभात'


प्रकाशक : सौंराइ प्रकाशन, धनगढी

प्रकाशित मिति : २०६४

संस्करण : पहिलो

प्रकाशित संख्या : ५०१

पृष्ठ संख्या : १०१




यस सम्बन्धी संकलन र अध्ययन भइसकेको र विस्तृत विवरण यस प्रतिवेदनको परिच्छेद दुईमा प्रस्तुत गरिएको छ ।

## ग.सुदूर पश्चिमाञ्चलमा क्रियाशील साहित्यकारहरु


सुदूर पश्चिमाञ्चल विकास क्षेत्रबाट नेपाली भाषा र साहित्यको क्षेत्रमा धेरै स्रष्टाहरुले अमूल्य योगदान दिएका छन् । नेपाली साहित्यका प्रथम दुखान्त नाटककार पहलमानसिंह स्वार सुपबाटै उदाएका नेपाली साहित्यका अमर स्रष्टा हुन भने डोटेली लोकसाहित्यका प्रथम अध्यता देवकान्त पन्त, साहित्यकारहरु एन.डी. प्रकाश चटौत, देवीप्रसाद ओझा, नृप बहादुर स्वाँर यसै क्षेत्रका प्रशिद्ध साहित्यकार हुन् । लोकेन्द्र बहादुर चन्द, आर.डी प्रभाष चटौत, महेश विक्रम शाह, आनन्ददेव भट्ट, ललिजन रावल, डा.जयराज पन्त, डा. डी.पी. भण्डारी डा. महादेव अवस्थी आदि नेपाली साहित्यका चर्चित अनुहारहरु पनि सुदूरपश्चिमबाटै उदाएका हुन् । हाल सुदूरपश्चिममै बसेर श्रेष्ठप्रिया पत्थर, पदमराज जोशी, बासुदेव भाइसाब, वासुदेव पाण्डेय, रामलाल जोशी, टी.एन.जोशी, मनिराज जोशी, यज्ञराज यात्री जस्ता सयौं स्रष्टाहरु नेपाली साहित्यका क्षेत्रमा क्रियाशील छन् । सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा प्रकाशित साहित्यिक रचना र क्रियाशील साहित्यकारहरुको अध्ययन प्रतिवेदन प्रस्तुत गर्ने क्रममा साहित्यकारहरुको नाम, उपनाम, जन्मस्थान, हालको ठेगाना, क्रियाशील साहित्यिक विधा, प्रकाशित कृतिको नाम र संख्या, आवद्ध साहित्यिक संस्था, पेशा लगायत विवरण प्रस्तुत गरिएको छ ।



नाम : हरिप्रिया श्रेष्ठ
उपनाम :श्रेष्ठ प्रिया पत्थर
जन्मस्थान :सिलगढी वजार, डोटी
हालको ठेगाना : नारायणपुर ८, सत्ती, कैलाली
सम्पर्क फोन नं. : ९८४८४२०४१५
पिता/माता : पूर्णमान श्रेष्ठ/कृष्ण कुमारी श्रेष्ठ
शिक्षा : स्नातक
क्रियाशील विधा : उपन्यास, कथा, कविता र गजल
प्रकाशित कृति सङ्ख्या : १२
कृतिको नाम र विधा :

(क) पतिङ्गर (उपन्यास) (ख) पुकार (उपन्यास)
(ग) रङ्गभूमि(उपन्यास) (घ) मर्यादा (उपन्यास) आदि

आबद्ध साहित्यिक संस्था : सुदूरपश्चिमाञ्चल गजल मञ्च
मन पर्ने साहित्यकार : पारिजात, देवकोटा, मेक्सीम गोर्की, प्रेम चन्द
मनपर्ने विधा : गजल, उपन्यास
पेशा : नोकरी
परिभाषामा साहित्य : समाजको प्रतिविम्व
सर्जकलाई सुझाव : धैर्यतापूर्वक लेखनमा लागिरहनु पर्छ ।

हस्ताक्षर : 

*क्रियाशील साहित्यकारहरुको विवरण संकलन भइसकेको र विस्तृत विवरण यस प्रतिवेदनको परिच्छेद तीनमा प्रस्तुत गरिएको छ ।*

**घ.सुदूर पश्चिमाञ्चलमा सक्रिय साहित्यिक संस्थाहरु**

सुदूर पश्चिमाञ्चलमा साहित्यको संरक्षण, सम्बर्द्धन विकास र नयाँ प्रतिभाको खोजी गरी साहित्य र साहित्यकारहरुको हकहितका लागि कार्य गर्ने उद्देश्यले विभिन्न जिल्लामा विभिन्न साहित्यिक संघ संस्थाहरुको स्थापना यहाँका क्रियाशील साहित्यकारहरु र साहित्यप्रेमी व्यक्तिहरुकै संलग्नतामा भएको देखिन्छ । हाल अस्तित्वमा रहेका र क्रियाशील साहित्यिक संघसंस्थाहरुले यहाँका स्रष्टाहरुका कृति प्रकाशनदेखि लिएर विभिन्न कवि गोष्ठी गर्ने,साहित्यिक कार्यक्रम गर्ने, साहित्यकारहरुका जन्मजयन्ती मनाउने, नयाँप्रतिभालाई प्रकाशनमा ल्याउने, पत्रपत्रिका प्रकाशन गर्ने जस्ता कार्यहरु गरी साहित्यको प्रचार-प्रसार र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सुदूर पश्चिमाञ्चल साहित्य समाज, महाकाली साहित्य संगम,सुदूर पश्चिमाञ्चल गजल मञ्च, विद्यार्थी साहित्य प्रतिष्ठान, सुदूर पश्चिमाञ्चल साहित्यिक सांस्कृतिक सम्वर्द्धन समिति, नवरत्न साहित्य संगम, वझाङ साहित्य मञ्च, लेखनाथ साहित्य समाज, कैलाली जनपुस्तकालय, नाट्यश्वरी कला केन्द्र जस्ता संघ/संस्थाहरु सुदूर पश्चिमाञ्चलमा क्रियाशील रहेका छन् । क्रियाशील साहित्यिक संघसंस्थाको विवरण संकलन र पेश गर्ने क्रममा संस्थाको नाम, दर्ता स्थान, स्थापना मिति,आवद्ध साहित्यकर्मीहरुको संख्या वर्तमान कार्यसमिति, संस्थाको सम्पर्क ठेगाना लगायतका विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

### क्रियाशील साहित्यिक संघ-संस्था

संस्थाको नाम : **सुदूर पश्चिमाञ्चल साहित्य समाज**

दर्ता स्थान : जि.प्र.का. कैलाली

स्थापना मिति : २०५१ माघ ८

संस्थापक व्यक्तिहरु : यज्ञराज जोशी 'यात्री', वासुदेव पाण्डेय, कमलापती जोशी, पद्मकान्त जोशी, मेघनाथ खनाल, दिनानाथ भट्ट, मनिराज जोशी, गुणाकर भट्ट

आवद्ध सदस्य सङ्ख्या : १७२ (आजीवन)

वर्तमान कार्यसमिति :

| पद | नाम |
|---|---|
| अध्यक्ष | रामलाल जोशी |
| उपाध्यक्ष | टी.एन. जोशी |
| सचिव | हरिकृष्ण कडायत |
| सह-सचिव | हेमन्ती जोशी |
| कोषाध्यक्ष | तिर्थराज पाण्डेय |
| सदस्य | ठाकुर प्रसाद ढुंगेल |
| सदस्य | राम नाथ अधिकारी |
| सदस्य | टंक कुँवर |
| सदस्य | हरि क्षेत्री |
| सदस्य | दल बहादुर वोगटी |
| सदस्य | टोपेन्द्र शाह |
| सदस्य | तपराज विनाडी |
| सदस्य | उमाकान्त जोशी |

संस्थाको कार्यालय/ सम्पर्क स्थान : ध.न.पा. १, मेनरोड,धनगढी कैलाली

फोन नं. : ०९१-५२३८८१

यस सम्बन्धी विस्तृत विवरण परिच्छेद चारमा समावेश गरिएको छ ।

## ङ. सुदूर पश्चिममा प्रकाशित रचना र साहित्यकारहरुको अवस्था

सुदूर पश्चिम कला, संस्कृति र साहित्यको उर्वरक्षेत्र हो । नेपाली भाषा साहित्यको क्षेत्रमा सुदूर पश्चिमका सयौं स्रष्टाहरु क्रियाशील छन् भने साहित्यका विभिन्न विधाका कृतिहरु प्रकाशित भएका छन् । यस क्षेत्रमा प्रकाशित साहित्यिक रचनाहरुप्रतिको जागरुकता

र सचेतता भने अझै प्रयाप्तरुपमा आएको देखिदैन । त्यसैले पनि आफ्ना रचनाहरुको सदुपयोग र दुरुपयोग बारे स्रष्टाहरु पर्याप्त सजग भइसकेका छैनन । तथापि कुनै पनि स्रष्टाको रचनाको दुरुपयोगले कुनै स्रष्टालाई क्षति पुगेको अथवा कुनै वादविवाद र प्रभावले हानीनोक्सानी व्यहोरेको चर्चित घटनाहरु देखिएका छैनन् । यस सम्बन्धी विस्तृत विवरण भने सम्बन्धित स्रष्टा, विभिन्न जिल्ला र पुनरावेदन अदालत तथा कानून व्यवसायीहरुसँगको छलफल र निष्कर्षबाट प्राप्त गरी परिच्छेद पाँचमा प्रस्तुत गरिएको छ :

## च. साहित्यका क्षेत्रमा रोयल्टी प्रावधान लागू गर्नका लागि गर्नुपर्ने कार्यहरु

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा प्रशस्त साहित्यिक कृतिहरुको प्रकाशन,उत्पादन र विक्री वितरण हुने गरेको छ । यस क्षेत्रका स्रष्टाहरुका कृतिहरु अन्य व्यक्ति,संस्था र प्रकाशकहरुले प्रकाशन,उत्पादन र बिक्री वितरण गर्ने गरेका भएपनि स्रष्टाहरुले त्यसबाट प्रत्यक्ष लाभ र फाइदा लिन नसकेको तितो यथार्थ छँदैछ । विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाको पारिश्रमिक नपाउने,प्रकाशक/उत्पादकका तर्फबाट के,कति पटक लेखकका कृतिहरु कति मात्रामा प्रकाशित हुने गरेका छन् र त्यसको रोयल्टी स्रष्टाहरुलाई के, कसरी दिने वा नदिने गरेको यथार्थ खोजीनिती हुनु आवश्यक छ भने लेखक र स्रष्टाहरुलाई आफ्ना रचनाको मूल्य र प्रतिफलप्रति सचेत गराउन र उत्पादक/प्रकाशकले कृतिहरुबाट प्राप्त नाफाको केही अंश रोयल्टीका रुपमा स्रष्टाहरुलाई दिने प्रावधान लागु गराउन स्थानीय प्रशासन, सरकार र स्रष्टाहरु स्वयंका तर्फबाट गर्नुपर्ने कार्यहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

## छ. निष्कर्ष र सुझावहरु

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र साहित्य संस्कृतिको धनी र सम्पन्न क्षेत्र भएका कारण यस क्षेत्रमा साहित्यका कथा, उपन्यास, नाटक, निबन्ध, समालोचना यात्रा, संस्मरण, कविता, गीत र गजल जस्ता विधाका प्रशस्त कृतिहरु प्रकाशित भएका छन् भने विभिन्न विधाका सयौं साहित्यकारहरु पनि क्रियाशील रहेका छन् । त्यसैगरी साहित्यको विकासमा दर्जनौ साहित्यिक संघसंस्थाहरु क्रियाशील छन् । यस क्षेत्रमा प्रकाशित रचना र क्रियाशील साहित्यकारहरुको विवरण संकलन गरी प्रतिवेदन पेश गर्ने क्रममा तथ्याङ्क संकलनका आधारमा यस क्षेत्रमा हुने गरेका साहित्य सिर्जनाहरुको अनाधिकृत उत्पादन र विक्री

वितरणलाई निरुत्साहित तुल्याउन र स्रष्टाहरुलाई प्रतिलिपि अधिकारप्रति सजग र सचेत गरी जनचेतना जगाउन र प्रतिलिपि अधिकारलाई सुनिश्चित गर्नका लागि स्थानीय र राष्ट्रिय स्तरबाट गर्नुपर्ने कार्यहरुलाई प्राप्त तथ्याङ्कलाई आधार मानी बुँदागत रुपमा निष्कर्ष र सुझावहरु पेश गरिएका छन् ।

## १.६ अध्ययनको अवधि

सुदूर पश्चिमाञ्चलमा प्रकाशित साहित्यिक रचना र क्रियाशील साहित्यकारहरुको बिवरण संकलन गरी अध्ययन प्रतिवेदन पेश गर्नका लागि भएको सम्झौता बमोजिम सम्झौता भएको मितिले ३ महिनाभित्र उक्त कार्य सम्पन्न गरी यो अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

## १.७ अध्ययनको कार्यविधि

क. नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट परारम्भिक अवधारणापत्र र मस्यौदा प्रतिवेदन समेत स्वीकृत भई सोको जानकारी प्राप्त भएकोले विस्तृत अध्ययन कार्य पश्चात यो अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

ख. प्रारम्भमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रभरिका प्रकाशित साहित्यिक रचना तथा क्रियाशील साहित्यकारहरुको विवरण सङ्कलन गरी माथि उल्लेखित विधि तथा माध्यमहरुको प्रयोगद्वारा अध्ययन र आवश्यक विवरणहरु प्राप्त गरी एकिकृत रुप निर्माण गरिएको छ ।

ग. उल्लेखित सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा प्रकाशित रचना र क्रियाशील साहित्यकारहरुको विवरण सङ्कलन गरी त्यसको एकिकृत रुप तयार गरेर अध्ययन र विश्लेषण गरी विस्तृत कार्यारम्भ गरेको १ (एक) महिना भित्र अवधारणा पत्र, दुई महिना भित्र मस्यौदा प्रतिवेदन र ३ (तीन) महिना भित्र अन्तिम प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

घ. प्रारम्भिक मस्यौदा प्रतिवेदन स्वीकृतको पत्र प्राप्त भएकोले कार्यालयवाट प्राप्त सुझाबहरु समेतका आधारमा सम्बन्धित क्षेत्रबाट आवश्यक विवरणहरु सङ्कलन गरी

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रभरि प्रकाशित रचना र क्रियाशील साहित्यकारहरुको तथ्याङ्क विवरण प्रशोधन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । सो बाट प्राप्त भएका विवरणलाई प्रतिवेदनको रुप दिई निष्कर्ष र सुझावहरु सहित अध्ययनको अन्तिम प्रतिवेदन तयार गरी सोको सी.डी. सहित दुई/दुई प्रति कार्यालयमा बुझाईएको छ ।

साथै अध्ययनका सिलसिलामा प्राप्त भएका विभिन्न रचना, कृति तथा सहित्यकारहरुका फोटोहरु समेत प्रतिवेदनमा समावेश गरिएका छन् ।

## १.८ अध्ययनको सिमा :

क. सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा प्रकाशित साहित्यिक रचनाहरुका पूरै अंश समावेश गर्न सम्भव नभएकोले रचनाको नाम, शीर्षक, पुस्तकको नाम, लेखक, चित्र, प्रकाशक र विद्याको नाम उल्लेख गरिएको छ भने प्रकाशित रचना र क्रियाशिल साहित्यकारहरुको चिनारी खुल्ने गरी विवरण प्रस्तुत गरिएको छ ।

ख. सम्बन्धित साहित्यकार, तिनका प्रकाशित रचना, सम्बन्धित स्रोत व्यक्ति वा संघसंस्थाले दिएका विवरणहरुलाई नै अध्ययनको आधारको रुपमा लिइएको छ ।

ग. सुदूर पश्चिमाञ्चल विकास क्षेत्रभित्र प्रकाशित विविध विधाका रचना तथा क्रियाशील साहित्यकारहरुको विवरण सङ्कलन र अध्ययन गर्न सम्झौतामा उल्लेखित स्रोत र समयावधि पनि आफैमा अध्ययनको सीमाको रुपमा रहेको छ ।

## प्रकाशित रचनाहरुको अवस्थाबारे बुझ्न गरिएका प्रश्नहरु

१. तपाईका प्रकाशित रचनाको के कति सदुपयोग गर्न सक्नु भएको छ ?

.............................................................................................................

................................................................................

२. कुनै व्यक्ति वा निकायबाट तपाईका रचनाको चोरी, नक्कल वा अनाधिकृत प्रयोग भएको थाहा छ ?

.............................................................................................................

................................................................................

३. तपाईको कृतिको दुरुपयोग वा अनाधिकृत प्रयोग भएकोमा कुनै मुद्दा मामिला गर्नु भएको छ ?

.............................................................................................................

................................................................................

४. तपाईका रचनाहरु कसैलाई प्रकाशन गर्न दिनु भएको छ ? प्रकाशकले बिक्रिवितरण गरेको छ ? त्यसबापत तपाईले रोयल्टी प्राप्त गर्नु भएको छ ?

.............................................................................................................

................................................................................

५. सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा साहित्यिक सिर्जनाहरुको अनधिकृत उत्पादन/प्रकाशन र बिक्री वितरण भएको देख्नु भएको छ ?

.............................................................................................................

................................................................................

६. सुदूर पश्चिमाञ्चलका साहित्यकारहरुको अवस्था कस्तो रहेको छ ? आफ्ना रचनाहरुप्रति सर्जकहरु कति सचेत पाउनु भएको छ ?

.............................................................................................................

................................................................................

७. स्रस्टाहरुलाई आफ्ना रचना र प्रतिलिपि अधिकारप्रति सचेत गराउन स्थानीय र राष्ट्रिय स्तरबाट के पहल गर्नुपर्ला जस्तो लाग्छ ?

.............................................................................................................

................................................................................

**<u>अन्तरवार्ता दिनेको</u>**

नाम :

हस्ताक्षर :

# परिच्छेद दुई

# सुदूर पश्चिमाञ्चलमा साहित्यको विद्यागत लेखनको अवस्था

## २.१ पृष्ठभूमिः

सुदूर पश्चिमाञ्चल साहित्य र संस्कृतिको धनी र सम्पन्न क्षेत्र हो । संस्कृति र साहित्यको विशाल भण्डारका रुपमा रहेको "डोटेली लोकसाहित्य" नै लिखित र शिष्ट साहित्यको उद्‌गम श्रोत रहिआएको छ । नेपाली भाषाको समेत जननी स्थल मानिने प्राचीनकालीन विशाल डोटी राज्यभित्रको "डोटेली लोकसाहित्य" नेपाली साहित्यकै जेठो र पहिलो उद्‌गम श्रोत हो ।

भाषा, साहित्य, कला र संस्कृतिको श्रोत र विशाल भण्डारका रुपमा सम्पन्न र समृद्ध प्राचीन काली-कर्णालीको सेरोफेरो प्राचीन डोटेली प्रदेशका रुपमा स्थापित भएपनि हाल सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका नामले भौगोलिक रुपमा विभाजन गरिएको छ । सुदूर पश्चिमाञ्चल भन्ने वित्तिकै हाल यहाँको संस्कृति, भाषा, कला, साहित्य र लोकसाहित्यसँग अन्योन्याास्रित सम्बन्ध जोडिएको कर्णाली क्षेत्र बाहेक पश्चिम नेपालका सेती र महाकाली अञ्चलका डोटी, अछाम, बझाङ्ग, बाजुरा, कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जिल्लाको समग्र नामलाई सम्बोधन गरिएको भौगोलिक क्षेत्र बुझ्नु पर्ने हुन्छ ।

हाल सुदूर पश्चिम भनिने प्राचीन डोटेली प्रदेश, नेपाली भाषा, साहित्य, कला संस्कृति र लोकसाहित्यको उद्‌गम श्रोत र स्थलका रुपमा रहेको कुरा भाषा, लोकसाहित्य र संस्कृतिका अनुसन्धाता, र विभिन्न विद्वानहरुले उल्लेख गरेका छन् । सुदूर पश्चिममा रहेका तमामौं प्राचीन, अभिलेख, ताम्रपत्र र शीलालेखहरुले नेपाली भाषाको उद्‌गम स्थलका रुपमा यस क्षेत्रलाई मान्ने प्रशस्त आधारहरुको रुपमा काम गरेका छन् भने यहाँको लोकसाहित्यको विशाल भण्डारले सुदूर पश्चिम साहित्य र संस्कृतिको क्षेत्रमा पनि अत्यन्त समृद्ध र सम्पन्न छ भन्ने कुरा प्रमाणित गर्दछ ।

लोकसाहित्यकै प्रेरणा र प्राप्तिका रुपमा सुरु भएको शिष्ट (लिखित) साहित्यको परम्परा र विकासको क्रम पनि सुदूर पश्चिममा लामो र सम्पन्न रहिआएको पाइन्छ । साहित्यका विभिन्न विद्याहरुको लेखन कार्य भएको देखिए पनि यसको सुरुवात र क्रमिक विकास कसरी भयो भन्ने कुरा खोजी र अनुसन्धानकै विषय बनेको छ । तथापि सुदूर पश्चिमाञ्चलमा साहित्यको विद्यागत लेखन र विकासको अवस्थालाई केलाउने हो भने लोक साहित्यकै प्रेरणा र प्रतिफलका रुपमा सर्वप्रथम कविता लेखनको माध्यमबाट साहित्यको इतिहास सुरु भएको देखिन्छ ।

कविता नै संसारमा र नेपालमा पनि साहित्यको जेठो र प्राचीन विद्या हो भन्ने कुरा सिद्ध भइसकेको अवस्थामा सुदूर पश्चिममा पनि कविता लेखनबाटै साहित्यको सुरुवात भई अन्य विद्याहरुको विकास  र विस्तार भएको देखिन्छ ।

सुदूर पश्चिममा साहित्य लेखनको इतिहास खोज्दै जानेक्रममा सोह्रौ शताब्दीको अन्त्यतिर  तत्कालिन डोटी राज्यका राजा सुर्तान मल्लको दरबारका बाजुरेली पण्डित थरका कवि रत्नाकर पण्डित नै पहिलो कविका रुपमा देखिन आउँछन् भने अठारौ शाताब्दीका कुमाउनी भाषाका कवि गुमानी पन्तले समेत डोटेली भाषासँग तादात्म्यता राख्ने कुमाउनी भाषामा कविता रचेको देखिन्छ । तत्पश्चात पहलमान सिंह स्वाँर बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंह हुँदै सुदूर पश्चिममा साहित्यका क्षेत्रमा तमामौ स्रष्टाहरु देखा परेका छन् ।  पहलमानसिंह स्वाँरसँगै सुदूर पश्चिममा साहित्यको कथा, उपन्यास, कविता, नाटक निबन्ध जस्ता अन्य विद्याहरुको लेखनक्रम सुरु भएको पाइन्छ । जेहोस आजसम्म आइपुग्दा सुदूर पश्चिममा साहित्यका विभिन्न विद्याको विद्यागत लेखनको अवस्था विभिन्न विद्यामा प्रकाशित कृतिहरु र साहित्यकारहरुको लेखाजोखा गर्ने क्रममा लोकसाहित्यसँगै कविता, कथा उपन्यास नाटक निबन्ध यात्रासंस्मरण समालोचना र गीत-गजल जस्ता विद्याहरुको विद्यागत चर्चा गर्नु आवश्यक देखिन्छ ।

## २.२ डोटेली लोकसाहित्यको क्षेत्रमा भएका खोज, अनुसन्धान र प्रकाशित कृतिहरुः

लोकसाहित्य आदिम कालदेखि मानव जीवनसँग सम्बन्धित सम्वेदनाको कडी हो । अनादि कालदेखि नै लोकजीवनसँग अन्योन्याश्रित रहेको लोकसाहित्य जनजिब्रोद्वारा नै प्रत्येक पिंढीमा पुस्तान्तरण हुँदै जान्छ र मौखिक रुपमा नै जीवित रहेको हुन्छ । लोकसाहित्य कुनै व्यक्ति वा रचनाकारको नीजि सिर्जना होइन । यसले लोकजीवनको सामूहिक संस्कार, सामूहिक सम्वेदना र सामूहिक पहिचान बोकेर लोकजीवनलाई प्रतिविम्वित गरिरहेको हुन्छ ।

सुदूर पश्चिमका विभिन्न जिल्ला र समुदायमा रहेको लोकसाहित्यलाई समग्रमा “डोटेली लोकसाहित्य” भनिन्छ । डोटेली लोकसाहित्य नेपाली साहित्य र संस्कृतिकै उद्‍गम श्रोत मानिन्छ । लोकसाहित्यका विभिन्न अध्यता विद्ववानहरुले विभिन्न जिल्ला क्षेत्र र समुदायमा प्रचलित लोकसाहित्यमध्ये “डोटेली लोकसाहित्य” लाई नै विशाल भण्डार तथा मानव सभ्यता र संस्कृतिको अथाहा सागरको उपमा दिएका छन् ।

लोकजीवनमा रहेको लोकसाहित्यको खोज अनुसन्धान र प्रकाशन भएन भने एकातिर लोकसाहित्य सीमित समुदाय र क्षेत्रभित्र मात्रै सीमित भएर जान्छ, अरु आम जनसमुदायले पढ्न र आस्वास्वादन गर्न पउँदैनन् भने अर्कोतिर अत्याधुनिकीकरण हुँदै गएको आजको पुस्ता र भोलिको पुस्ताका लागि त्यो विस्मृतिको गर्भमा विलाएर जान सक्ने सम्भावना रहन्छ । त्यसैले पनि लोकजीवनमा प्रचलित लोकसाहित्यको खोज, अनुसन्धान र प्रकाशन हुनु आवश्यक देखिन्छ । अथाह सागर र विशाल भण्डारका रुपमा रहेको डोटेली लोकसाहित्यभित्र माँगल, फाग, धमारी, चैत, हुड्केली, भुवा, डेउडा, भारत, ढुस्को जस्ता विभिन्न प्राचीन र महत्वपूर्ण लोकविद्याहरु प्रचलित छन् । यस्तो विशाल भण्डारका रुपमा रहेको डोटेली लोकसाहित्यको खोज अनुसन्धान र संकलन-प्रकाशनका क्षेत्रमा उल्लेखनीय उपलब्धी हुन सकेको भने देखिदैन ।


डोटेली लोकसाहित्यको विशाल भण्डारको खोज, अनुसन्धान, संकलन र प्रकाशनको पहिलो औपचारिक र आधिकारिक दियो बाल्ने कार्य स्व. देवकान्त पन्तले गरेका हुन् । २०३२ सालमा यशियाली प्रकाशनद्वारा प्रकाशित उनको **"डोटेली लोकसाहित्य एक अध्ययन"** नामक कृति प्रकाशित भएपछि नै डोटेली लोकसाहित्यको विशाल फाँटलाई आवादी गर्न लोकसाहित्यप्रेमीहरु उद्धृत भएका देखिन्छन् । यद्यपि नाटककार पहलमानसिंह स्वाँरको यसअघि नै लेखिएको र २०३२ मा प्रकाशित भएको **"अछामका चाडपर्व"** नामक कृतिले सुदूर पश्चिमको लोकजीवन, लोकसंस्कृति र साहित्यको पहिलो झुल्को भने दिएको थियो । तथापि देवकान्त पन्तको "डोटेली लोकसाहित्य एक अध्ययन" प्रकाशित भएपछि भने प्रशिद्ध लोकसाहित्यकर्मीदेखि सुदूर पश्चिमकै नव अनुसन्धानकहरु यस क्षेत्रमा लागि परेका देखिन्छन् । प्रशिद्ध साहित्यकार पूर्णप्रकाश नेपाल "यात्री" ले सुदूर पश्चिमका सबै जिल्लाको भ्रमण गरी प्रत्यक्ष डोटेली लोकसाहित्यको अवलोकन गरेर २०३४ सालमा हिमाली सौगात प्रकाशन विराटनगरद्वारा **"सेतीको नालाबेली", "सेतीका तारा"** र **"महाकाली अञ्चल दिग्दर्शन"** जस्ता तीनवटा महत्वपूर्ण ग्रन्थ प्रकाशित गरे भने अर्का प्रशिद्धि लोकसाहित्यकार विजय चालिसेले २०३९ सालमा साझा प्रकाशनद्वारा **"डोटेली लोकसंस्कृति र साहित्य"** भन्ने अत्यन्त महत्वपूर्ण र अनुसन्धानमूलक कृति प्रकाशन गरे । यसैगरी यस क्षेत्रको लोकसाहित्यको खोज, अनुसन्धान, संकलन र प्रकाशनमा साधनारत र क्रियाशील व्यक्तिहरुमा जयराज पन्त र बद्रीप्रसाद शर्मा विनाडीले त डोटेली लोकसाहित्यमै विद्यावारीधि समेत गरी सकेका छन् भने पदमराज जोशी "प्रभात", वासुदेव भाइसाव, भानदेव बड्, गोविन्द पनेरु, मानबहादुर सिंह "पहाडी", स्थीरजङ्गबहादुर सिंह, परमानन्द भट्ट, एकराज भट्ट, गोविन्द पाण्डेय, तुलसीप्रसाद पण्डित, गजेन्द्रबहादुर सिंह, बासुदेव पाण्डेय र काशीराम ढुंगाना जस्ता क्रियाशील सर्जकहरु डोटेली लोकसाहित्यको खोज, अनुसन्धान, संकलन र प्रकाशनमा लागिपरेका छन् । "डोटेली लोकसाहित्य" को खोज अनुसन्धान र संकलन सम्बन्धी प्रकाशित केही महत्वपूर्ण कृतिहरुको विवरण निम्नानुसार उल्लेख गरिएको छ :

### १. डोटेली लोकसाहित्य एक अध्ययनः-

यो लोकसाहित्यको खोज, अनुसन्धान र संकलन सम्बन्धी सुदूर पश्चिमको पहिलो आधिकारिक र प्रमाणिक कृति हो । सुदूर पश्चिमका फाग, माँगल, धमारी, हुड्केली, भुवा, चैत, डेउडा जस्ता लोकसाहित्यको पहिलोपटक अध्ययन अनुसन्धान गरी वि.स. २०३२ सालमा प्रकाशित यस कृतिका लेखक देवकान्त पन्त हुन भने यशियाली अध्ययन प्रतिष्ठानद्वारा यसको प्रकाशन भएको हो । त्रिभुवन विश्वविद्यालय नेपाली विभागद्वारा लोकसाहित्यको अध्ययन सम्बन्धी सन्दर्भ पुस्तकका रुपमा समेत यसलाई राखिएको छ । यो साझा प्रकाशनबाट सुदूर पश्चिमको पहिलो लोकसाहित्य पुरस्कार प्राप्त कृति हो ।

## २. सेतीको नालीबेली, सेतीका तारा र  महाकाली अञ्चल दिग्दर्शन

यीं तीनवटै कृतिहरु प्रशिद्ध साहित्यकार पुर्णप्रकाश नेपालका यात्रावृतान्तमा लेखिएका डोटेली लोकसाहित्य सम्बन्धी कृति हुन् । वि.स. २०३४ सालमा "हिमाली सौगात प्रकाशन" विराटनगरद्वारा प्रकाशित यी कृतिहरुमा सुदूर पश्चिमको भूगोल, संस्कृति, लोकसाहित्य, साहित्यकार, भाषा, रहनसहन र भेषभूषा सम्बन्धी खोज अनुसन्धान गरी  प्रकाशन गरिएका महत्वपूर्ण कृति हुन् ।





## ३. डोटेली लोकसंस्कृति र साहित्य

प्रशिद्ध साहित्यकार विजय चालिसेद्वारा लिखित यो कृति लोक साहित्यको खोज अनुसन्धान सम्बन्धी कृति हो । डोटेली लोक साहित्य र संस्कृतिको संक्षिप्त चर्चा गरिएको यस कृतिको प्रकाशन साझा प्रकाशन पुलचोक ललितपुरद्वारा २०३९ सालमा गरिएको देखिन्छ ।

## ४. अंजुलीभरि सगुनः पोल्टाभरि फागः

डोटेली लोकसाहित्यमै विद्यावारिधि गरेका डा. जयराज पन्तद्वारा लेखिएको यो कृति डोटेली लोकसाहित्यका विविध विद्याका गीत, फाग, मागल, धमारी, चैत, हुड्केली, डेउडा सम्बन्धी गीतहरुको संकलन र लोकसंस्कृतिको खोज गरिएको विशालकाय ग्रन्थ हो । वि.स. २०५५ सालमा नेपाल प्रज्ञा प्रतिष्ठान काठमाडौंद्वारा प्रकाशित यो ग्रन्थ डोटेली लोकसाहित्यको अमूल्य रत्न हो ।




## ५. गौरापर्वः एक परिचयः

सुदूर पश्चिमाञ्चलका चर्चित साहित्यकार पदमराज जोशी "प्रभात" द्वारा लेखिएको यस कृतिको प्रकाशक सुदूर पश्चिमाञ्चल संस्कृति सम्बर्धन समिति तथा प्रशंसा संरक्षण समूह काठमाण्डौ रहेका छन् । वि.स. २०५८ भाद्रमा प्रकाशित यो कृति सुदूर पश्चिको एक महत्वपूर्ण गौरापर्वको महत्व, महिमा, ऐतिहासिक तथा सांस्कृतिक सन्दर्भमा लेखिएको कृति हो भने साझा प्रकाशनले प्रत्येक वर्ष प्रदान गर्दै आएको लोकसाहित्य पुरस्कार प्राप्त गर्ने सुदूर पश्चिमको दोश्रो कृति हो ।

## ६. डोटयाली लोकसाहित्य र लोकसंस्कृति

**विद्या:** लोकसाहित्य
**लेखक:** बासुदेव भट्ट "भाइसाव"
**प्रकाशक:** कर्णाली बुक डिपो
महेन्द्रनगर, कञ्चनपुर
**प्रकाशित मिति:** २०६१
**संस्करण:** प्रथम

## ७. सुदूर पश्चिममा डोटी प्रदेशका लोकगाथा अवलोकन


**विधा:** लोक साहित्य
**लेखक:** **वासुदेव "भाइसाव"**
**प्रकाशक:** महाकाली साहित्य संगम

## ८. तिहुवार

**विद्या:** थारु भाषाको लोकसंस्कृति
**लेखक:** लक्की चौधरी
**प्रकाशक:** श्रीमती गीता चौधरी, धनगढी
**प्रकाशित मिति:** २०६२ जेष्ठ
**संस्करण:** प्रथम

## ९.सुदूर पश्चिमको समाज र लोकसंस्कृति

**विद्या:** लोकसाहित्य र संस्कृति
**लेखक:** पदमराज जोशी "प्रभात"
**प्रकाशक:** सौराइ प्रकाशन, धनगढी
**प्रकाशित मिति:** २०६४
**संस्करण:** प्रथम




*डोटेली लोकसाहित्यमा विद्यावारिधि गरेका डा. जयराज पन्तद्वारा लिखित र २०६५ सालमै वाङमय प्रकाशन काठमाडौंबाट नै प्रकाशित डोटेली लोकसाहित्य विद्याका कृतिहरु:*

**१०. शैलेश्वरी महात्म्य र तिनका केही गीतहरु**







**११. डोटेली धमारी गीत: एक अध्ययन**

**१२. मस्टा परम्परा र त्यसका गीतहरु**

**१३. डेउडा**





**१४. डोटेली गौरा पर्वका गीत र गाथाहरु**

**१५. डोटेली भोपर्वका गीत र गाथाहरु**

**१६. सेती पनि काली पनि - षडानन्द ढकाल ("प्रतीक ढकाल")-साझा प्रकाशन काठमाडौं २०६४**

## २.३ सुदूर पश्चिममा कविता-काव्य लेखन र प्रकाशित कृतिहरुः

कविता साहित्यको सबैभन्दा जेठो र सर्वप्राचीन विद्या हो । साहित्यको पर्यायकै रुपमा रहेको कविता-काव्य प्राचीनकालको समृद्ध विद्या हो । नेपाली साहित्यको मौलिक इतिहास पनि मौलिक कविता लेखनबाटै सुरु भएको देखिन्छ भने सुदूर पश्चिममा पनि साहित्यको सुरुवात काव्य धाराबाट नै सुरु भएको पाइन्छ । सुदूर पश्मिाञ्चल विकास क्षेत्र प्राचीन डोटी राज्य अन्तर्गत पर्ने डोटेली प्रदेश हो । प्राचीन डोटी राज्यमा पर्ने बाजुरा जुगाडाका **रत्नाकर पण्डित** नै सुदूर पश्चिमका पहिला कवि हुन् भन्ने तथ्य प्रशिद्ध विद्वान योगी नरहरि नाथले आफ्नो **"स्वदेश वर्णन"** कृतिमा उद्घाटन गरेका छन् ।

डोटेली राजा सुर्तान मल्लका दरबारमा राजाश्रय पाएका विक्रमको सोह्रौं शाताब्दीको अन्ततिरका कवि रत्नाकर पण्डितका केही फुटकर कविताहरु प्राप्त भएका छन् । सुर्तान मल्लले आशु कविको उपाधि दिएका यी कविको विस्तृत विवरण भने प्राप्त हुन सकेको छैन । निम्न पंक्तिहरुले तत्कालीन अवस्थामा रत्नाकर पण्डित हालको सुदूर पश्चिम भनिने तत्कालिन डोटेली राज्यमा लोकप्रिय कविका रुपमा प्रख्यात थिए भन्ने तथ्य उद्घाटन हुन्छः-

**रत्नाकर सर्वलोकप्रिय प्रियबर**
**बाजुराका घर-घर कवि रत्नाकर ।**

कवि रत्नाकर पण्डितका कुनै काव्यकृतिहरु भेटिन सकेका छैनन् । केवल फुटकर कविताहरु मात्रै रचना गर्ने कवि रत्नाकर सुदूर पश्चिमका पहिला कवि हुन भन्ने तथ्य उद्घाटन भइसकेको छ ।

रत्नाकर पण्डितपछि तत्कालिन डोटी राज्यसँग सिमाना जोडिएको र डोटी राज्य सँगै नेपालमा दुई पटक गाभिएको अलमोडा राज्यका कुमाउनी भाषी कवि गुमानी पन्तलाई (वि.स. १८४७-१९०६०) डोटेली प्रदेशकालीन कवि भनेर उल्लेख गर्न सकिन्छ । बहादुर शाहको मुख्तियारी कालमा डोटी राज्य विजय पश्चात पश्चिम कुमाउ र काकडासम्म गोरखाली राज्यको अधिनमा आएपछि यी कवि गुमानी पन्तले डोटेली र नेपाली भाषासँग मेलखाने कुमाउनी भाषामा नै गोरखाली राजाको गुणगान आफ्ना कवितामा गाएको पाइन्छ :

**दिनदिन खजानाका भारिका भोकनाले ।**
**शिवशिव चुलिमैका बाल नै एक कैका ॥**
**तदपि मुलुक तेरो छोडि कोही न भाज्या ।**
**इति वदति गुमानी धन्य गोरखाली राजा ॥**

युद्धकालीन अवस्थामा गोरखाली राज्यको विजयपताका फहराउनका लागि गोरखामा विलय भएका डोटी र कुमाउका जनताहरुले दिनदिनै युद्धसामग्रीका भारी बोक्दबोक्दै तालुका एउटा रौं पनि नरहेर खुइलिदासम्म पनि मुलुक छाडेर कसैलाई पनि भाग्न नदिने गोरखाली राजाको प्रताप यसमा वर्णन गरिएको छ ।

सुदूर पश्चिममा कविता काव्य लेखनको आधुनिक इतिहास केलाउँदा सर्वप्रथम पहमानसिंह स्वाँरबाटै सुरुवात भएको देखिन्छ । साहित्यका कथा, उपन्यास निवन्ध जस्ता विधाको समेत सुरुवात गरेका पहलमानसिंह स्वाँरले **"अटलबहादुर"** जस्तो दुखान्त मौलिक नाटक लेखेर नेपाली साहित्यका प्रथम दुखान्त नाटककार बन्ने सुअवसर प्राप्त गरे भने वि.स. १९५६ मा भारतको सिंघाहीमा बसेर पहिलोपटक गणितका हिसाव र सुत्रहरुलाई नेपाली कविताश्लोकमा लेखेर **"अङ्केन्दुरशेखर"** नामक कविता कृतिको रचना गरे । वि.स. १९५६ मा बनारसबाट छापिएको यही **अङ्केन्दुरशेखर** काव्य कृति नै सुदूर पश्चिमको पहिलो पुस्तकाकार कृति ठहरिन्छ । तत्पश्चात वि.स. १९६० मा पहलमान सिंह स्वाँरको नै **प्रेमामृत बचन संग्रह** नामक काव्य कृति बनारसबाटै छापिएको देखिन्छ भने उनैले लेखेका **"अछामका चाडपर्व"** काव्यसंग्रह, **"पहलमान भजनमाला"** र **खोर रहस्य** जस्ता काव्यकृतिहरु उनको शेषपछि प्रकाशित भएका देखिन्छन् ।

पहलमानसिंह स्वाँरकै समकालीन नेपाली भाषाका प्रथम व्याकरणविद जयपृथ्वीबहादुर सिंहको पनि साहित्यका क्षेत्रमा अमूल्य योगदान रही आएको छ । उनको **"तत्व प्रशंसा"** नामक काव्य कृतिले सुदूर पश्चिमको काव्य यात्रामा कोसेढुंगाको कार्य गऱ्यो भने अन्य विद्याका कृतिहरु समेत प्रकाशित छन् । कुनै पुस्तकाकार कृति नभएका तर फुटकर कविताको रचना गर्ने यसकालका अन्य कविहरुमा डोटीका रामचन्द्र जोशी, बैतडीका रामचन्द्र ओझा, डडेल्धुराका करुणाकर पनेरु, गंगाराम पनेरु, विश्वेश्वर चटौत, जयदेव भट्ट आदिले कविता काव्यलेखनको प्रक्रियालाई निरन्तरता दिएको देखिन्छ भने डडेल्धुराका डमरुबल्लभ उप्रेतीले वि.स. १९८९ मा **"पुत्रशोक"** नामक खण्डकाव्य प्रकाशित गरी सुदूर पश्चिमको कविताकाव्यको इतिहासमा प्रथमपटक खण्ड काव्यकार बनेर खण्डकाव्य लेखनको सुरुवात गरेको देखिन्छ ।

२००७ सालको क्रान्तिपश्चात सुदूर पश्चिममा कविताकाव्य लेखनको लहर आएको देखिन्छ । क्रान्तिको लागि जनतामा जागरण ल्याउँदै सर्वप्रथम डोटेली भाषामा नै कविता लेख्न थालेका कवि एन.डी प्रकाश चटौतका कविताहरुका संगालो **"रचना प्रकाश"** र **"एन.डी. प्रकाशका कालजयी रचनाहरु"** उनको शोषपछि २०५१ र २०५४ सालमा मात्रै प्रकाशनमा आएका छन् भने क्रान्तिसँगै लेख्न थालेका बैतडीका कवि आत्माराम भट्टका रचनाहरु पनि धेरैपछि मात्र प्रकाशनमा आएका देखिन्छन् ।

२००७ सालपछि सुदूर पश्चिममा कविता लेखनको सुरुवातसँगै देखापरेका अन्य कविहरुमा बैतडीका आनन्ददेव भट्ट, डोटीका उमाकान्त भट्ट, देवकान्त पन्त, देवीप्रसाद ओझा, जब्बरे धामी, देवीचन्द्र जैसी, दिनानाथ भट्ट, आर.डी. प्रभाष चटौत, चुडामणी शास्त्री, लोकेन्द्रबहादुर चन्द, पूर्णानन्द भट्ट, महादेव भट्ट, रामचन्द्र जोशी, नृपबहादुर स्वाँर, मानबहादुर सिंह "पहाडी" आदि महत्वपूण कविहरु हुन् । यसै गरी काशीनाथ जोशी, रामकृष्ण भट्ट, भक्तबहादुर बलायर, भालचन्द्र भण्डारी, दीनानाथ बराल, गणेशदत्त न्यौपाने, यज्ञराज जोशी "यात्री", डा. रामचन्द्र भट्ट, ज्योतिप्रकाश जोशी, हर्षप्रसाद भट्ट, मनिराज जोशी, निर्मलकुमार भण्डारी, ललिजन रावल, श्रेष्ठप्रिया पत्थर, शान्तनुलाल श्रेष्ठ, देवराज आचार्य, धनन्जय तिमिल्सेना, वासुदेव पाण्डेय, पदमराज जोशी "प्रभात", रामलाल जोशी,

टि.एन. जोशी, बासुदेव भाइसाव, वेणीमाधव भट्ट, दीर्घराज उपाध्याय, मेघनाथ खनाल, हेमन्ती जोशी, भोजराज भट्ट, नरेन्द्र भट्ट "अञ्जान", गोविन्द श्रृङखला, करबीर शाह, सुभाषचन्द्र भण्डारी, हेमन्त विवश, जगतप्रसाद जोशी, विष्णु प्रकाश दौल्याल, कृष्ण पनेरु वञ्चित, वेणीमाधव भट्ट, अशोक बोहरा, आदर्शदीप रावल, दिव्यसागर साउद, भवानीदत्त चटौत, भक्तबहादुर खड्का "कल्पित", दीपा ऐर "उदासी", अमरबहादुर शाही, गोकुल जोशी, ऋचा लुइटेल, नेत्रप्रसाद पनेरु, शिवराज योगी, तारा भट्ट पल्लवी, तपराज विनाडी, टोपेन्द्र शाह, प्रभाकर भण्डारी, ज्ञानचन्द्र उपाध्याय, ऋषिराज लुम्साली, कैलाशकुमार पाण्डेय, जयराज ढुंगाना, लक्की चौधरी, पुष्कर भट्ट, नारायण कौशिक, रामनाथ अधिकारी, हरिनारायण श्रेष्ठ, लक्ष्मीभक्त जोशी, मञ्जु बैरागी जयराज महरा, मनिराम चौधरी, दीर्घराज उपाध्याय, खगेन्द्र गिरी कोपिला, प्रवीण वि.सी., दीपा ढकाल "आँसु", धिरज ठकुरी "त्रिवेणी", निरञ्जन बम "टी.एम", दीपसागर पन्त, तपेन्द्र भुषाल, टेकबहादुर ठकुल्ला, मीनबहादुर थापा, दिव्यसागर साउँद, अशोक बोहरा, तीर्थराज जोशी, सूर्यप्रकाश दौल्याल, टेकबहादुर ठकुल्ला, भरत गिरी "वियोगी", हिक्मत सिंह "प्रतीत", दीर्घराज जोशी, भरतसिंह नेगी, एम के. सलेनी, शंकर खड्का, पदमराज जोशी, लालबहादुर रावल, ईश्वरदत्त उपाध्याय, कृष्णसिंह पेला, सीताराम भट्ट, ममता अवस्थी जस्ता सयौं स्रष्टाहरु कविता काब्य लेखनको सिर्जनायात्रामा क्रियाशील देखिन्छन् । क्रियाशील स्रष्टाहरुको विवरण छुट्टै प्रस्तुत गरिएको छ ।

***सुदूर पश्चिममा प्रकाशित कविता-काव्य कृतिहरुको विवरण निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :***

## १. अङकेन्दु शेखरः

यो नेपाली साहित्यका प्रथम दुखान्त नाटककार पहलमानसिंह स्वाँरले रचना गरेको कृति हो । राणाशासनबाट निर्वासित भई भारतको सिंघाहीमा बसेर वि.स. १९५३ पछि रचना गरिएको यो कृतिको प्रकाशन वि.स. १९५६ मा बनारसबाट भएको देखिन्छ । लेखक स्वयम् प्रकाशक रहेको यस कृतिको प्रकाशित संख्या उल्लेख गरिएको छैन । गणितका हिसावहरुलाई कवितामा श्लोकवद्ध गरिएको यो काव्यकृति सुदूर पश्चिमको पहिलो पुस्तकाकार र नेपाली साहित्यकै एक महत्वपूर्ण कृति हो ।

## २. प्रेमामृत बचन संग्रहः

यो कृति पनि पहलमानसिंह स्वाँरकै श्रृङगारिक कविताहरुको संगालो हो । वि.स. १९६० मा बनारसबाट प्रकाशित भएको यस कृतिका प्रकाशक पनि लेखक स्वयं नै रहेका छन् । यो कविता विद्याको कृति हो ।

**पहलमानसिंह स्वाँरका अन्य काव्यकृतिः**

**३. अछामका चाडपर्व**
**विद्याः** कविता
**प्रकाशकः** ओजमानसिंह स्वाँर,
स्वाँरसदन काठमाडौं
**संस्करणः** प्रथम, २०३२

**४. किन्किन्धा काण्ड**
**विद्याः** काव्य
**प्रकाशकः** अम्बिका देवी स्वाँर
स्वाँरसदन बानेश्वर, काठमाडौं

**५. काव्य संग्रह**
**विद्याः** कविता
**प्रकाशकः** श्रीमती कमला स्वाँर
स्वाँरसदन बानेश्वर, काठमाडौं
**संस्करणः** प्रथम २०३२

**६. खोर रहस्य**
**विद्याः** कविता
**प्रकाशकः** ईश्वरी स्वाँर स्वाँरसदन
बानेश्वर, काठमाडौं
**संस्करणः** दोश्रो २०३२ रामनवमी

**७. पहलमान भजनमाला**
**विद्याः** कविता
**प्रकाशकः** स्वाँरसदन बानेश्वर, काठमाडौं

**८. पुत्रशोक (खण्डकाव्य)**

यो कृति डडेल्धुरा निवासी कवि डमरुवल्लभ उप्रेतीद्वारा लेखिएको कविताविद्याको रचना हो । लेखक स्वयं प्रकाशक रहेको यस कृतिको प्रकाशन वि.स. १९८९ मा भएको देखिन्छ । आफ्नो पुत्रको मृत्युको विलापमा लेखिएको यो शोककाव्य हो । सुदूर पश्चिमको कविताकाव्य इतिहासमा यो पहिलो खण्डकाव्य कृतिका रुपमा प्रकाशित भएको देखिन्छ ।

**९. तत्व प्रशंसा (कविता)**

नेपाली भाषाका प्रथम व्याकरणविद "प्राकृत व्याकरण" का रचनाकार बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहले लेखेको "तत्व प्रशंसा" कविता विद्याको कृति हो । लेखक स्वयं प्रकाशक रहेको यस कृतिको प्रकाशन वि.स. १९७० मा भएको देखिन्छ ।

**१०. रचना प्रकाश तथा एन.डी प्रकाशका कालजयी रचनाहरुः**

२००७ सालको क्रान्तिसँगै क्रान्तिकारी कविता लेख्न थालेका डडेल्धुराका क्रान्तिकारी व्यक्तित्व एन.डी. प्रकाश चटौतले २००७ सालपछि लेखेका कविताहरुको संगालोका रुपमा उनको शेषपछि एन.डी. प्रकाशका कालजयी रचनाहरु र रचना प्रकाश कविता संग्रहका नामले २०५१ र २०५४ सालमा उन्नयन परिवार घट्टेकुलो काठमाडौंद्वारा प्रकाशित भएका देखिन्छन् । आर.डी.प्रभास चटौत र भुवनेश्वरीदत्त चटौतले सम्पादन गरी

प्रकाशन गरेका यी काव्य कृतिहरुमा सुदूर पश्चिमेली परिवेश, जनताका पीडा र डोटेली भाषाको प्रयोग गरिएको छ ।

***सुदूर पश्चिमाञ्चलबाट प्रकाशित भएका कविता विद्या अन्तर्गतका महाकाव्य खण्डकाव्य र कविता संग्रहहरुको छुट्टाछुट्टै विवरण निम्नानुसार उल्लेख गरिएको छ :***

## महाकाव्य कृतिः

| क.स. | महाकाव्य कृति | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|
| ११ | **सीता स्वयम्बर** | देवकान्त पन्त, कैलाली | लेखकस्वयं, कैलाली | २०२७ |
| १२ | **बेलु** | भक्तबहादुर बलायर, डोटी | लेखक स्वयं | २०४१ |
| १३ | **राइमती** | भक्तबहादुर बलायर,डोटी | विश्व बेलु प्रतिष्ठान | २०५६ |
| १४ | **शान्ति विज्ञान** | पूर्णानन्द भट्ट, डोटी | लेखक स्वयं डोटी | २०५३ |
| १५ | **श्रीसहश्रगीति महाकाव्य** | चुडामणि शास्त्री ढकाल कञ्चनपुर | लक्ष्मीनारायण मन्दिर धनगढी, कैलाली | २०६१ |
| १६ | **अमर साधक पहलमानसिंह स्वाँर** | मनिराज जोशी, कैलाली | पहलमानसिंह स्वाँर स्मृति प्रतिष्ठान, काठमाडौ | २०६१ |
| १७ | **दशरथ चन्द** | मनिराज जोशी ” | दशरथ चन्द मेमेरियल ट्रष्ट काठमाडौ | २०६५ |
| १८ | **नेपाल आमा** | खेमराज ओभ्का, बैतडी | लेखक स्वयं | २०६२ |
| १९ | **शिखरिणी गीता महाकाव्य** | खेमराज ओभ्का, बैतडी | खेमराज पाण्डेय महेन्द्रनगर | २०६३ |

| | | | | |
|---|---|---|---|---|
| २० | **हिमशिखर महाकाव्य** | खेमराज ओझा, बैतडी | लेखक स्वयं | २०६३ |
| २१ | **तत्वबोध रामायण** | महादेव भट्ट, डोटी | मुरलीधर भट्ट कञ्चनपुर | २०६४ |
| २२ | **श्री स्वस्थानी महाकाव्य** | रामनाथ अधिकारी, कैलाली | कैलाली जनपुस्तकालय धनगढी | २०६४ |
| २३ | **मनिराज महाकाव्य** | रामनाथ अधिकारी, कैलाली | विष्णुमाया वाङमय प्रतिष्ठान, पोखरा | २०६५ |

## खण्डकाव्य कृति

| **क.स.** | **कृति** | **विद्या** | **लेखक** | **प्रकाशक** | **संस्करण र मिति** |
|---|---|---|---|---|---|
| २४ | **अब हिमालय बोल्छ** | खण्डकाव्य | आनन्ददेव भट्ट, बैतडी | लक्ष्मीदेवी खाँड सिलगढी डोटी | २०१५ |
| २५ | **युरी एलेक्स रुमिच गागरिन** | " | " | " | " |
| २६ | **९७ साल** | खण्डकाव्य | आनन्ददेव भट्ट | नेपाल भारत मैत्री संघ काठमाडौं | २०१५ |
| २७ | **साहिली मैयाँ** | खण्डकाव्य | आनन्ददेव भट्ट | भीमदेव भट्ट आदि बैतडी | २०१८ |
| २८ | **उमरखैयामलाई जवाफ** | " | " | " | |
| २९ | **शिवमंगल विवाह** | खण्डकाव्य | देवकान्त पन्त, कैलाली | लेखक स्वयं धनगढी | २०२७ |
| ३० | **जयनेपाल** | लघुकाव्य | देवकान्त पन्त | लेखक स्वयं, धनगढी | २०३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | **नेपाली तीज कथा** | गीतिकाव्य | " | कैलाली जनपुस्तकालय | २०५० |
| ३२ | **शान्ति क्षेत्र नेपाल** | खण्डकाव्य | देवकान्त पन्त | लेखक स्वयं धनगढी | २०४० |
| ३३ | **आमा** | खण्डकाव्य | रामचन्द्र जोशी, डोटी | कलसादेवी/चन्द्रकला जोशी | २०३९ |
| ३४ | **बडीमालिका र खप्तडस्वामी** | खण्डकाव्य | रामचन्द्र जोशी | टीकाराज्य लक्ष्मी सिंह, काठमाडौं | २०४२ |
| ३५ | **सुभद्रा** | खण्डकाव्य | भालचन्द्र भण्डारी, कैलाली | ग्रामिण विकासका लागि प्राविधिक शिक्षा (सेती प्रोजेक्ट डोटी | प्रथम २०४५ द्वितिय २०६४ |
| ३६ | **परमानन्द** | शोककाव्य | खेमराज ओझा, बैतडी | लेखक स्वयं, बैतडी | प्रथम २०४५ द्वितिय २०५७ |
| ३७ | **अभिसाप** | खण्डकाव्य | पूर्णानन्द भट्ट, डोटी | लेखक स्वयं डोटी | २०३६ |
| ३८ | **आर्तनाद** | खण्डकाव्य | पूर्णानन्द भट्ट | लेखक स्वयं डोटी | २०३९ |
| ३९ | **वनदेवी** | खण्डकाव्य | पूर्णानन्द भट्ट | लेखक स्वयं डोटी | २०४० |
| ४० | **विलापी** | खण्डकाव्य | पूर्णानन्द भट्ट | लेखक स्वयं डोटी | २०४० |
| ४१ | **गाउँकला** | खण्डकाव्य | पूर्णानन्द भट्ट | लेखक स्वयं डोटी | २०४५ |
| ४२ | **शान्तिमन्दिर** | खण्डकाव्य | पूर्णानन्द भट्ट | लेखक स्वयं डोटी | २०४८ |
| ४३ | **प्रजातन्त्र बालक** | खण्डकाव्य | पूर्णानन्द भट्ट | लेखक स्वयं डोटी | २०५१ |
| ४४ | **विलापी दोश्रो भाग** | खण्डकाव्य | पूर्णानन्द भट्ट | अग्निबहादुर विष्ट | २०६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | **महामानव वी.पी. कोइराला** | ” | आर.डी.प्रभास चटौत | राज्यलक्ष्मी चटौत डडेल्धुरा | २०४७ |
| ४६ | **गोठाले ठिटो** | खण्डकाव्य | नृपबहादुर स्वाँर, कैलाली | लवबहादुर स्वाँर, कैलाली | २०५१ |
| ४७ | **कृष्ण रुक्मिणी विवाह** | खण्डकाव्य | नन्दराम पाण्डे “शास्त्री” धनगढी | लेखक स्वयं, धनगढी | २०५० |
| ४८ | **सुन्यालदेखि बझाङ्गी सम्म** | खण्डकाव्य | विष्णुभक्त जोशी, बझाङ्ग | लेखक स्वयं, बझाङ्ग | २०५५ |
| ४९ | **घोडाघोडी सरोबर महात्म्य** | खण्डकाव्य | बेणीमाधव भट्ट, कैलाली | लेखक स्वयं, कैलाली | २०५६ |
| ५० | **श्रीकेदार जाँत** | खण्डकाव्य | बेणीमाधव भट्ट | लेखक स्वयं, कैलाली | २०५७ |
| ५० | **शहीदपुत्र** | खण्डकाव्य | नरेन्द्र भट्ट “अञ्जान”, बैतडी | विद्यार्थी साहित्य प्रतिष्ठान, कैलाली | २०५६ |
| ५२ | **सावधान नयाँयुग आउँदैछ** | खण्डकाव्य | निर्मलकुमार भण्डारी, डोटी | सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी | २०५७ |
| ५३ | **लालमुगा** | खण्डकाव्य | लालबहादुर रावल, अछाम | सुरथबहादुर रावल अछाम | २०५७ |
| ५४ | **कालुमाया** | खण्डकाव्य | रजेन्द्र पाण्डे, कैलाली | लेखक स्वयं कैलाली | २०५८ |
| ५५ | **नेपालका लाल** | ” | यज्ञराज जोशी “यात्री” | ” | २०४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५६ | **वेहडाबाको उत्पत्ति र महिमा** | ” | मनिराज जोशी, कैलाली | लेखक स्वयं कैलाली | २०४६ |
| ५७ | **सरिता** | खण्डकाव्य | मनिराज जोशी | विद्यार्थी साहित्य प्रतिष्ठान कैलाली | २०५६ |
| ५८ | **द्यौली** | खण्डकाव्य | मनिराज जोशी | तारा जोशी कैलाली | २०६४ |
| ५९ | **गोरा** | खण्डकाव्य | गोविन्दराज पनेरु“शास्त्री” | लेखक स्वयं कैललाी | २०५८ |
| ६० | **युग संक्रमण** | खण्डकाव्य | महादेव भट्ट, डोटी | मुरलीधर भट्ट कञ्चनपुर | प्रथम २०५८ द्धितिय २०६१ |
| ६१ | **ए दशैं** | खण्डकाव्य | कल्यान ओझा, कञ्चनपुर | महाकाली साहित्य संगम, कञ्चनपुर | २०५९ |
| ६२ | **भागेश्वर दर्शन** | भक्तिकाव्य | महेन्द्रदत्त पाण्डये | श्याम कैलाश, डम्बर, धनगढी | २०६० |
| ६३ | **आस्था** | खण्डकाव्य | यज्ञराज जोशी “यात्री” | राजेन्द्र अग्रवाल धनगढी | २०६० |
| ६४ | **विष्णुदास** | शोककाव्य | यज्ञराज जोशी “यात्री” | नर्मदादेवी जोशी धनगढी | २०६३ |
| ६५ | **सपना** | खण्डकाव्य | जयराज ओझा डोटी | सु.प. साहित्य समाज धनगढी | २०६० |
| ६६ | **जीवन जिज्ञासा** | खण्डकाव्य | भवानीदत्त शास्त्री कञ्चनपुर | मधुदेवी चटौत महेन्द्रनगर | २०६० |
| ६७ | **चिन्तनको चौतारी** | खण्डकाव्य | दिनानाथ बराल कञ्चनपुर | रविन्द्र बराल कञ्चनपुर | २०६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६८ | **मेधावी सोमदत्त** | शोककाव्य | दिनानाथ बराल | राजेन्द्र बराल कञ्चनपुर | २०६४ |
| ६९ | **आमाको सम्झना** | खण्डकाव्य | काशीराम ढुंगाना कैलाली | झंकर/मीन ढुंगाना कैलाली | २६१ |
| ७० | **आर्तनाद** | खण्डकाव्य | दीर्घराज जोशी "रोहित" बझाङ्ग | सु.प. साहित्य समाज धनगढी | २०६१ |
| ७१ | **बडीमालिका** | खण्डकाव्य | टेकराज गिरी "बजुरेल" | गिता गिरी बाजुरा | २०६१ |
| ७२ | **प्याउली गुलाफ** | खण्डकाव्य | हर्षप्रसाद भट्ट, अछाम | बमप्रसाद भट्ट अछाम | २०६१ |
| ७३ | **दरबारको आत्मकथा** | खण्डकाव्य | हर्षप्रसाद भट्ट | लेखराज/देवेन्द्र भट्ट अछाम | २०६१ |
| ७४ | **भीडन्त** | चुम्पकाव्य | रामनाथ अधिकारकैलाली | रमादेवी अधिकारी कैलाली | २०६१ |
| ७५ | **छेदालाल** | शोककाव्य | रामनाथ अधिकारी | नेपाल लेखापढी कानून व्यवसायी संघ, कैलाली | २०६१ |
| ७६ | **सानो जिन्दगी** | खण्डकाव्य | स्व. ललिता भट्ट, बैतडी | महाकाली साहित्य संगम कञ्चनपुर | २०६५ |
| ७७ | **सरु** | गीतिकाव्य | दीर्घराज ओझा डोटी | भरतराज ओझा डोटी | २०६५ |
| ७८ | **कमला** | शोककाव्य | यादव जोशी "श्लेषमान्तक" | लेखक स्वयं कैलाली | २०६५ |
| ७९ | **ज्ञान त्रिवेणी** | खण्डकाव्य | यादव जोशी "श्लेषमान्तक" | लेखक स्वयं कैलाली | २०६६ |
| ८० | **खप्तड बडीमालिका** | खण्डकाव्य | ईश्वरदत्त उपाध्याय | छन्द प्रतिष्ठान कैलाली | २०६६ |

## कविता संग्रह

| क्र.स. | कृतिको नाम | विद्या | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|---|
| ८१ | **गुराँस** | कविता संग्रह | आनन्ददेव भट्ट, बैतडी | लेखक स्वयं, बैतडी | २०१५ |
| ८२ | **जीवनकै थुम्कोबाट** | कविता संग्रह | आनन्ददेव भट्ट | लेखक स्वयं, बैतडी | २०१५ |
| ८३ | **तिमीलाई देख्दा** | कविता संग्रह | आनन्ददेव भट्ट | लेखक स्वयं, बैतडी | २०१५ |
| ८४ | **आमा बोलाउँछिन** | कविता संग्रह | आनन्ददेव भट्ट | लेखक स्वयं, बैतडी | २०१५ |
| ८५ | **नारीको लागि** | कविता संग्रह | अर्जुन सिटौला कैलाली | लेखक स्वयं, कैलाली | २०१५ |
| ८६ | **हजारी चरित्र** | कवितासंग्रह | हजारीसिंह साउँद | लेखक स्वयं | २०१६ |
| ८७ | **मान्छे चोला आयो कलि** | कवितासंग्रह | मानबहादुर सिंह पहाडी बझाङ्ग | लेखक स्वयं | २०२८ |
| ८८ | **हिमाली लोकलहर** | कवितासंग्रह | हर्षप्रसाद भट्ट अछाम | लेखक स्वयं | २०२९ |
| ८९ | **खद्दरभित्रको मोहर** | कवितासंग्रह | करबीर शाह, कैलाली | लेखक स्वयं कैलाली | २०३६ |
| ९० | **लुकेर हेरुँ कि** | कवितास्रगंह | आर.डी प्रभास चटौत | राजलक्ष्मी चटौत डडेल्धुरा | २०३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९१ | **जीवनका घाडीपला** | कवितासंग्रह | आर.डी प्रभास चटौत | राजलक्ष्मी चटौत डुगरी, डडेल्धुरा | २०३८ |
| ९२ | **यौटा स्वर** | कवितासंग्रह | आर.डी प्रभास चटौत | राजलक्ष्मी चटौत डुगरी, डडेल्धुरा | २०४६ |
| ९३ | **पोखरा** | कवितासंग्रह | आर.डी प्रभास चटौत | राजलक्ष्मी चटौत डुङरी, डडेल्धुरा | २०४६ |
| ९४ | **बुढाको भैसक्यो बास** | कवितासंग्रह | आर.डी प्रभास चटौत | राजलक्ष्मी चटौत डुङरी, डडेल्धुरा | २०४६ |
| ९५ | **भागेश्वर स्त्रोत्र पाठ** | कवितासंग्रह | आर.डी प्रभास चटौत | भागेश्वर मन्दिर निर्माण समिति डडेल्धुरा | २०५५ |
| ९६ | **डोटेली लोकलहर** | कवितासंग्रह | पूर्णानन्द भट्ट | लेखक स्वयं, डोटी | २०३७ |
| ९७ | **कविता तरंग** | कवितासंग्रह | पूर्णानन्द भट्ट | लेखक स्वयं, डोटी | २०३९ |
| ९८ | **सेतीको मन्दिर** | कवितासंग्रह | नृपबहादुर स्वाँर | लेखक स्वयं कैलाली | २०४२ |
| ९९ | **बेदना** | कवितासंग्रह | एकराज भट्ट | लेखक स्वयं | २०४४ |
| १०० | **पञ्चवेणी भावना** | कवितासंग्रह | दिनानाथ बराल | राजेन्द्र+देवेन्द्र बराल कञ्चनपुर | २०४६ |
| १०१ | **शान्तिको कामना र समस्यापूर्ति** | कवितासंग्रह | दिनानाथ बराल | राजेन्द्र+देवेन्द्र बराल, कञ्चनपुर | २०६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०२ | **सुदूरको घेरोभित्र** | कवितासंग्रह | दिनानाथ बराल | ज्योति पुस्तकालय कञ्चनपुर | २०६४ |
| १०३ | **कंचनजंघाको पीडा** | कवितासंग्रह | दिनानाथ बराल | सन्तुमाया बराल कञ्चनपुर | २०६४ |
| १०४ | **भगवतीको बन्दना** | कवितासंग्रह | यज्ञराज जोशी "यात्री" | लेखक स्वयं कैलाली | २०४७ |
| १०५ | **मातृभूमि नेपाल** | कवितासंग्रह | यज्ञराज जोशी "यात्री" | लेखक स्वयं कैलाली | २०४८ |
| १०६ | **आमाको महिमा** | कवितासंग्रह | यज्ञराज जोशी "यात्री" | लेखक स्वयं कैलिी | २०४८ |
| १०७ | **बालक** | कविता संग्रह | पदमराज जोशी, बैतडी | विष्णुदत्त जोशी महेन्द्रनगर | २०४८ |
| १०८ | **पुर्खाको अर्ती** | कवितासंग्रह | जयराज ढुंगाना अछाम | ढुंगाना बन्धु प्रकाशन, अछाम | २०४९ |
| १०९ | **लोक रहस्य** | कवितासंग्रह | लोकराज जोशी, डोटी | लेखक स्वयं, डोटी | २०५१ |
| ११० | **बालज्योतिसार** | कवितासंग्रह | मनिराज जोशी, कैलाली | जोशी ज्योतिषी सेवा, धनगढी | २०४९ |
| १११ | **आनन्दगीता** | कवितासंग्रह | मनिराज जोशी | लेखक स्वयं कैलाली | २०५३ |
| ११२ | **जयनेपाल** | कवितासंग्रह | भालचन्द्र भण्डारी | लेखक स्वयं कैलाली | २०५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११३ | **कर्तव्यबोध र एकीकृत सन्देश** | कवितासंग्रह | निर्मलकुमार भण्डारी | लेखक स्वयं, डोटी | २०५२ |
| ११४ | **कसम यो माटोको** | कवितासंग्रह | मिहिलाल उपाध्याय | लेखक स्वयं, कैलाली | २०५३ |
| ११५ | **बदलाको प्रेरणा** | " | मिहिलाल उपाध्याय | महेश्वरी उपाध्याय, कैलाली | २०५९ |
| ११६ | **घाइते प्रजातन्त्र** | कवितासंग्रह | कल्यान ओझा, कञ्चनपुर | निङ्गलासैनी युवा क्लव, महेन्द्रनगर | २०५३ |
| ११७ | **प्रकृतिको काखमा कविता र साहित्य** | कवितासंग्रह | कल्यान ओझा | जनमत प्रकाशन बानेपा | २०६४ |
| ११८ | **सहयात्रा** | संयुक्त कवितासंग्रह | कल्यान ओझा आदि | महाकाली साहित्य संगम महेन्द्रनगर | २०६४ |
| ११९ | **फूल** | कवितासंग्रह | शंकर खड्का कैलाली | लेखक स्वयं धनगढी | २०५४ |
| १२० | **संसद र सिंहदरबार लिएर फल्दैछ फुल्दैछ काठमाडौं** | कावितासंग्रह | भोजराज भट्ट, कैलाली | चन्द्रमणि अधिकारी | २०५५ |
| १२१ | **उषा** | कवितासंग्रह | दीपक द्वन्द्व नायक, कैलाली | लेखक स्वयं कैलाली | २०५५ |
| १२२ | **विहानीको पाना** | कवितासंग्रह | यज्ञराज उपाध्याय, अछाम | लेखक स्वयं, अछाम | २०५५ |
| १२३ | **प्रथम प्रेम पत्र** | कवितासंग्रह | जयसिंह विश्वकर्मा | लेखक स्वयं अछाम | २०५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२४ | **विर्सन नसकिने बाला** | कवितासंग्रह | विष्णुप्रकाश दौल्याल | सु.प.साहित्यिक पत्रकार संघ कैलाली | २०५७ |
| १२५ | **कवि कान्तका केही कविता** | कवितासंग्रह | कृष्णदत्त चटौत “कान्त”, कञ्चनपुर | रमेश चटौत महेन्द्रनगर | २०५८ |
| १२६ | **फूल बदलियोस एक्काइसौ शाताब्दी** | कवितासंग्रह | खेमराज ओझा | करवीरसिंह विष्ट महेन्द्रनगर | २०५८ |
| १२७ | **अध्यारा कोठाभित्रका दियाहरु** | कवितासंग्रह | नारायण कौशिक, कञ्चनपुर | लेखक स्वयं | २०५८ |
| १२८ | **हिमालके मुस्कान** | कवितासंग्रह | मनिराम चौधरी, कैलाली | नाटक समिति पृथ्वीपुर, कैलाली | २०५८ |
| १२९ | **गुल्यो-तीतो** | कवितासंग्रह | गणेशदत्त न्यौपाने “कौडिन्य” | सीतादेवी न्यौपाने, कञ्चनपुर | २०६१ |
| १३० | **त्यो विम्ब** | कवितासंग्रह | पदमराज कलौनी | ध्रुव विद्यानिकेतन महेन्द्रनगर | २०६१ |
| १३१ | **जन आवाज** | कवितासंग्रह | रामनाथ अधिकारी | नवराज सत्यराज अधिकारी कैलाली | २०६१ |
| १३२ | **यी जितेके हटलद** | थारुभाषाको कविता संग्रह | जीतबहादुर चौधरी | पशुपति शिक्षा मन्दिर, धनगढी | २०६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३३ | **क्रम जारी छ** | कवितासंग्रह | श्रेष्ठप्रिया पत्थर | कोशी साहित्य प्रतिष्ठान | २०६१ |
| १३४ | **जीवनका आयामहरु** | कवितासंग्रह | नन्दराम पाण्डये “शास्त्री” | लेखक स्वयं, कैलाली | २०६२ |
| १३५ | **जिन्दगीका कोरा तानाहरु** | कवितासंग्रह | हरिनारायण श्रेष्ठ | सु.प. साहित्य समाज, धनगढी | २०६२ |
| १३६ | **नोट अफ डिसेन्ट** | कवितासंग्रह | दीर्घराज उपाध्याय “अनुराग”, कैलाली | भुवन जोशी कैलाली | २०६४ |
| १३७ | **आँखामा राखी हेर** | कवितासंग्रह | दीपा ऐर “उदासी”, कैलाली | कैलाली जनपुस्तकालय धनगढी | २०६६ |
| १३८ | **पुकार** | कवितासंग्रह | भरतसिंह नेगी ( सत्य प्रेम पुजारी) बैतडी | महाकाली साहित्य संगम महेन्द्रनगर | २०६६ |
| १३९ | **प्रश्न नेपाललाई** | कवितासंग्रह | दीर्घराज जोशी, कैलाली | सु.प. साहित्य समाज, धनगढी | २०६६ |

# २.४ सुदूर पश्चिममा गीत-गजल लेखनको अवस्था र प्रकाशित कृतिहरुः

नेपाली साहित्यमा गजलको सुरुवात कवि मोतीराम भट्टले गरेका हुन् । उर्दू र हिन्दी साहित्यमा अत्यन्तै लोकप्रियता पाएको गजलविद्यालाई नेपाली साहित्यमा प्रयोग गरेर कवि मोतीराम भट्टले प्राथमिककालीन भक्तिधाराको अन्त्यगरी नयाँ श्रृङगारिक धाराको सुरुवात गरेका हुन् । श्रृङगारिक भावधारामा लेखिने गजल विद्याले उनको जीवनकालमा लोकप्रियता पाएपनि उनको शेषपछि भने लगभग एक शताब्दीसम्म ओझेलेमा परिरहयो । मोतीराम भट्ट, शम्भुप्रसाद ढुङग्याल, लक्ष्मीदत्त पन्त, उपेन्द्रबहादुर जिगर, भीमनिधि तिवारी जस्ता सशक्त गजलकारहरुले लोकप्रिय तुल्याएको नेपाली साहित्यको गजल विद्याले लामो समयको सुषुप्ततापछि विक्रम सम्वत् २०३० को दशकको अन्त्यतिरबाट आधुनिक वरिष्ट गजलकार ज्ञानुवाकर पौडेलद्धारा पुनर्जीवन पाएको हो ।

वि. सं. २०३८ पछि नेपाली साहित्यमा पुनर्जीवन पाएको गजललाई लोकप्रिय तुल्याउने काम आधुनिक गजलका पुनर्जागरणकर्ता ज्ञानुवाकर पौडेलसँगै अछामका ललिजन रावलले गरेका हुन् । काठमाडौंमै बसेर गजल लेखनमा लागिपरेका ललिजन रावलले वि.सं. २०४३ मा **केही गजलहरु** र **"विरानो यो ठाँउमा"** जस्ता गजल सङग्रह प्रकाशित गरी सुदूर पश्चिमाञ्चलका साहित्यकार र नवप्रतिभाहरुलाई पनि गजल लेखनमा आकर्षित र अभिप्रेरित गरेको देखिन्छ । कसैकसैले बैतडीका देवराज शर्मा भट्टले २०२२ सालमा नै बैतडीमा बसेर गजल लेखेको कुरा उल्लेख गरेका छन् । तथापि अहिलेसम्म उक्त तथ्य प्रमाणित हुन सकेको छैन् । त्यसैले सुदूर पश्चिममा गजल लेखनको इतिहास केलाउने हो भने गजलकार ललिजन रावल नै सुदूर पश्चिमका अग्रज र प्रथम गजलकार ठहरिन पुग्दछन् ।

सुदूर पश्चिममै बसेर गजल लेखनको क्षेत्रमा लागिपर्ने गजलकार भने कैलाली निवासी सुश्री श्रेष्ठप्रिया पत्थर हुन् । २०४८ साल देखि उपन्यास लेखन मार्फत साहित्यको क्षेत्रमा उदाएकी श्रेष्ठप्रिया पत्थरले ६ वटा उपन्यास लेखी साहित्यका क्षेत्रमा आफ्नो पहिचान बनाइसकेपछि २०५३ सालमा "पग्लिएका व्यथाहरु" नामक गजलकृति मार्फत गजलक्षेत्रमा समेत आफ्नो उपस्थिति जनाइन् । गजल क्षेत्रमा देखा मात्र परिनन् अपित **"पग्लिएका व्यथाहरु", "आसुको सौगात"** र **"पत्थरका प्रलापहरु"** जस्ता तीन-तीनबटा गजलकृतिहरु प्रकाशित गरी नेपाली गजलका क्षेत्रमा पहिलो नारी गजलकृतिकार बन्न सफल भइन् भने सुदूर पश्चिमको गजल आकाशमा एक अग्रज र सम्मानित गजलकारको स्थान ओगट्न पनि सफल भएकी छिन् । श्रेष्ठप्रिया पछि सुदूर पश्चिमको गजल क्षेत्रमा देखा परेका चर्चित गजलकार हुन्-रामलाल जोशी । २०५७ सालमा प्रकाशित **"हत्केलामा आकाश"** कृति मार्फत जोशीले सुदूर पश्चिमको गजल लेखनमा स्तरीय रुप प्रदान गरेका हुन् ।

पचासको दशकपछि सुदूर पश्चिममा गजल लेखनमा अत्यन्त तीव्रता आएको देखिन्छ । साहित्यका अन्य विद्यामा क्रियाशील स्रष्टाहरु समेत गजल लेखनमा आकर्षित भएका देखिन्छन् भने नयाँ प्रतिभाहरुले समेत साहित्य लेखनको पहिलो माध्यम गजललाई नै बनाउने गरेको देखिन्छ ।

पचासको दशकमै गजल क्षेत्रमा सुदूर पश्चिममा देखा परेका तममौं गजल स्रष्टाहरुले गजल कृतिहरु पनि प्रकाशित गरेका छन् । गजल क्षेत्रमा देखापरेका गजलकार र कृतिहरुमा कैलालीका दिव्यसागर साउँदको **"एउटा लहर सागरको"** २०५६, बाजुराका खगेन्द्र गिरी 'कोपिला' का **"उस्तै उस्तै नदीका उस्तैउस्तै छालहरु"** २०५९, **"आफ्नै छाल आफ्नै किनार", "व्यग्र चाँदनी", "राग बसुन्धरा",** कैलालीका दीर्घराज उपाध्याय 'अनुरागको' **उनैको यादमा,** टी. एन. जोशीको, **देश रोएको बेला**, अशोक बोहरा र ऋचा लुइटेलको **बाँसुरीका धुनहरु,** लक्की चौधरीको **'सहीदान'** र **'अर्न्तभाव'** जस्ता कृतिहरु देखा परका छन् । नेपाली साहित्यमा नै अत्यन्त लोकप्रिय रुपमा स्थापित भएको गजल विद्या आज सुदूर पशिचामाञ्चलमा पनि सबैभन्दा बढी लेखिने र पढिने विद्याका रुपमा लोकप्रिय भएको देखिन्छ । पुराना स्रष्टाहरुदेखि नयाँ आउने सजर्कहरु गजल लेखनमै लागि परेका देखिन्छन्- सुदूर पश्चिममा गजल लेखनको सुरुवात गर्ने ललिजन रावलदेखि श्रेष्ठप्रिया पत्थर, रामलाल जोशी, दिव्यसागर साँउद, टी. एन. जोशी, दीर्घराज उपाध्याय अनुराग, ऋचा लुइटेल, खगेन्द्र गिरी 'कोपिला', गोविन्द श्रृङखला, मिनबहादुर थापा 'मिलन', टेक बहादुर ठकुल्ला, अशोक बोहरा, शिवराज योगी 'आँशु', तपराज विनाडी 'अन्जान', लोक बहादुर चौधरी 'लक्की', दिपा ऐर 'उदाशी', तारा भट्ट 'पल्लबी', टोपेन्द्र शाह, हेमन्ती जोशी, मेघनाथ खनाल 'बन्धु', कृष्ण पनेरु 'बञ्चित' कृष्णसिंह पेला, पुस्कर भट्ट, पुष्पराज पाण्डेय, जस्ता सयौं गजलकारहरुले सुदूर पश्चिमलाई गजल लेखनको उर्वरा क्षेत्र बनाइरहेका छन् ।

***सुदूर पश्चिमको गजललेखनमा क्रियाशील गजलकार र प्रकाशित गजल कृतिहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :-***

| क.स. | कृतिको नाम | विद्या | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|---|
| १ | **केही गजलहरु** | गजल संग्रह | ललिजन रावल अछाम | लेखक स्वयं | २०४३ |
| २ | **विरानो यो ठाउँमा** | गजल संग्रह | ललिजन रावल अछाम | महेशविक्रम शाह | २०४६ |
| ३ | **सिरानीमा आँसु** | गजल संग्रह | ललिजन रावल अछाम | अनुराग प्रकाशन काठमाडौं | २०५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | **पग्लिएका व्यथाहरु** | गजल संग्रह | श्रेष्ठप्रिया पत्थर कैलाली | कलश साङ्गीतिक समूह कैलाली | २०५२ |
| ५ | **पत्थरका प्रलापहरु** | गजल संग्रह | श्रेष्ठप्रिया पत्थर कैलाली | सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी | २०५९ |
| ६ | **आँसुको सौगात** | गजल संग्रह | श्रेष्ठाप्रिया पत्थर कैलाली | सुदूर पश्चिमाञ्चल गजल मञ्च | २०६० |
| ७ | **हत्केलामा आकाश** | गजल संग्रह | रामलाल जोशी कैलाली | नेपाल साहित्यकार संघ काठमाडौं | २०५७ |
| ८ | **एउटा लहर सागरको** | गजल संग्रह | दिव्यसागर साउँद, कैलाली | आदर्शदीप रावल कैलाली | २०५६ |
| ९ | **उस्तै उस्तै नदीका उस्तै उस्तै छालहरु** | गजल संग्रह | खगेन्द्र गिरि "कोपिला" | लेखक स्वयं | |
| १० | **व्यग्र चाँदनी** | गजल संग्रह | खगेन्द्र गिरि "कोपिला" बाजुरा | सु.प. गजल मञ्च धनगढी | २०६१ |
| ११ | **आफ्नै छाल आफ्नै किनार** | मुक्तक संग्रह | खगेन्द्र गिरि "कोपिला" बाजुरा | बर्दियाली साहित्य समाज, बर्दिया | २०६५ |
| १२ | **राग बसुन्धरा** | गजल संग्रह | खगेन्द्र गिरि "कोपिला" बाजुरा | मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान नेपालगंज | २०६६ |
| १३ | **मेरा हत्केलाका रेखाहरुको मिलन** | गजल संग्रह | मीनबहादुर थापा "मिलन" कैलाली | लेखक स्वयं | २०६० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | **तिम्रो प्यार र छुटेको आँचल** | गजल संग्रह | मीनबहादुर थापा “मिलन” कैलाली | सु.प. गजल मञ्च धनगढी | २०६१ |
| १५ | **गजलका फूलहरु** | गजल संग्रह | बलबहादुर रावत “सानु” कैलाली | सु.प. गजल मञ्च धनगढी | २०६१ |
| १६ | **बाँसुरीका धुनहरु** | गजल संग्रह | ऋचा लुइटेल र अशोक बोहरा कैलाली | सु.प. साहित्य समाज, धनगढी | २०५८ |
| १७ | **भावनाको यात्रा** | गजल संग्रह | ऋचा लुइटेल | गजल मञ्च नेपाल काठमाडौं | २०६१ |
| १८ | **पुष्पलता: कलमका डोबहरुमा** | गजल संग्रह | ऋचा लुइटेल | पुष्पलता आचार्य काठमाडौं | २०६१ |
| १९ | **पग्लिएर घाइते मन** | मुक्तक संग्रह | ऋचा लुइटेल | नवरत्न साहित्य संगम, कैलाली | २०६२ |
| २० | **विर्सिएका नाउँहरु** | गीत संग्रह | कैलाली कुमार पाण्डये | लेखक स्वयं डडेल्धुरा | २०५७ |
| २१ | **मनभित्रका ज्वारभाटा** | गजल संग्रह | टेकबहादुर ठकुल्ला, कैलाली | लेखक स्वयं | २०५८ |
| २२ | **उनैको यादमा** | गजल संग्रह | दीर्घराज उपाध्याय “अनुराग” कैलाली | गजल मञ्च नेपाल, काठमाडौं | २०५९ |
| २३ | **टुक्रा टाक्री सिएपछि** | मुक्तक संग्रह | कल्यान ओझा महेन्द्रनगर | महाकाली साहित्य संगम, कञ्चनपुर | २०५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | **उही धर्ती उही आकाश** | गजल संग्रह | नारायण कौशिक महेन्द्रनगर | महाकाली साहित्य संगम, कञ्चनपुर | |
| २५ | **शान्तिको विगुल** | गजल संग्रह | दीपा ढकाल "आँसु", कैलाली | नारायण अधिकारी कैलाली | २०६१ |
| २६ | **गजल दीप** | गजल संग्रह | दीपा ढकाल "आँसु" | नारायण अधिकारी कैलाली | २०६१ |
| २७ | **संयोग** | गजल संग्रह | दीपा ढकाल आँसु | रोहित ढकाल कैलाली | २०६५ |
| २८ | **सहीदान** | गजल संग्रह | लक्की चौधरी, कैलाली | सु.प पश्चिमाञ्चल गजल मञ्च, धनगढी | २०६१ |
| २९ | **अन्तर्भाव** | गजल संग्रह | लक्की चौधरी | " | २०६३ |
| ३० | **मनभित्र दुखेको मन** | गजल संग्रह | त्रसित बसन्त | सु.प. गजल मञ्च धनगढी | २०६२ |
| ३१ | **आँखामा डुबेर आकृति** | गजलसंग्रह | भरत रोदन साउँद "पाखे" अछाम | अभियान साहित्य समूह नेपालगंज | २०६२ |
| ३२ | **देश रोएको बेला** | गजलसंग्रह | टी.एन. जोशी "किशोर" कैलाली | सु.प. साहित्य समाज धनगढी | २०६२ |
| ३३ | **किनारदेखि किनारसम्म** | गजलसंग्रह | धिरज ढकुरी "त्रिवेणी" कैलाली | सु.प. गजल मञ्च धनगढी | २०६२ |
| ३४ | **गजल कुञ्ज** | गजलसंग्रह | रञ्जित लामा कञ्चनपुर | ज्योति पुस्तकालय कञ्चनपुर | २०६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | **चौपाते रे मान्स** | डोटेली भाषाको गजलसंग्रह | बीरबहादुर चन्द महेन्द्रनगर | महाकाली साहित्य संगम, कञ्चनपुर | २०६२ |
| ३६ | **मलाई पनि उस्तै उस्तै** | मुक्तक संग्रह | हेमबाबु लेखक महेन्द्रनगर | महाकाली साहित्य संगम, कञ्चनपुर | २०६२ |
| ३७ | **तश्नगी** | हिन्दी गजल संग्रह | हेमबाबु लेखक महेन्द्रनगर | महाकाली साहित्य संगम, कञ्चनपुर | २०६४ |
| ३८ | **जुन झरेर पातमा** | गजलसंग्रह | तपेन्द्र शाह "भावातीत" | सु.प. गजल मञ्च धनगढी | २०६३ |
| ३९ | **सुनौलो विहानी** | गजलसंग्रह | पुस्करराज भट्ट कैलाली | सु.प. गजल मञ्च धनगढी | २०६३ |
| ४० | **वियोग** | मुक्तक संग्रह | निरञ्जन बम "टी.ए.", बैतडी | महाकाली साहित्य संगम, कञ्चनपुर | २०६३ |
| ४१ | **अनिदो रातका सपना** | गजलसंग्रह | कृष्णराज धमला कैलाली | सु.प. गजल मञ्च धनगढी | |
| ४२ | **अञ्जुलीमा सागर** | गजलसंग्रह | कृष्णसिंह पेला | श्रीकृष्ण संगीत गुरुकुल पाठशाला काठमाडौं | २०६४ |
| ४३ | **गजल यात्रा** | गजलसंग्रह | मेघनाथ खनाल बन्धु कैलाली | सु.प. गजलमञ्च धनगढी | २०६४ |
| ४४ | **क्षितिजपारि** | गजलसंग्रह | गोविन्द श्रृङखला कञ्चनपुर | महाकाली साहित्य संगम, कञ्चनपुर | २०६४ |
| ४५ | **सपनाको सम्झनामा** | गजलसंग्रह | तिलक समपर्ण कैलाली | मुक्तक मञ्च नेपाल | २०६५ |
| ४६ | **प्रेम पुजारी** | गजलसंग्रह | दीपेन्द्रबहादुरचन्द "द्वीप" बैतडी | प्यास साहित्य समाजपरिवार, बैतडी | २०६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | **के हो जीवन** | गजलसंग्रह | प्रवीण वि.सी. “क्षितिज” कैलाली | सु.प. साहित्य समाज, धनगढी | २०६५ |
| ४८ | **मनहरु जित्नसके** | गजलसंग्रह | हेमन्ती जोशी कैलाली | सु.प. गजल मञ्च धनगढी | २०६६ |
| ४९ | **घामछाँया** | गजलसंग्रह | दीपा ऐर “उदासी” | सु.प. गजलमञ्च धनगढी | २०६६ |
| ५० | **तिम्रो आकृति** | गीत संग्रह | दीपा ऐर “उदासी” | सु.प. साहित्य समाज, धनगढी | २०६६ |
| ५१ | **लाली किरण** | गजलसंग्रह | हिक्मत सिंह “प्रतीत” भरत गिरी वियोगी, कैलाली | सु.प. गजल मञ्च धनगढी | २०६६ |
| ५२ | **कल्पनाको आकाश भरि** | गजलसंग्रह | सुर्यबहादुर दौल्याल | तीर्थराज जोशी बझाङ्ग | |
| ५३ | **चेलीबेटीको बहव्यथा र विलौना** | गीत | निर्मलकुमार भण्डारी “भ्रमित” | लेखक स्वयं, डोटी | २०४९ |
| ५४ | **आराधना** | भक्तिगीत | नरबहादुर बटाला कैलाली | सन्तनिरंकारी मण्डल कैलाली | २०५५ |
| ५५ | **सन्देश** | धमार गीत | दीलबहादुर चौधरी, कैलाली | लेखक स्वयं | २०६३ |
| ५६ | **डयौडात्मक गीत** | गीत संग्रह | मानबहादुर सिंह पहाडी, बझाङ्ग | लेखक स्वयं | २०६४ |
| ५७ | **होली खैलौ** | गीत संग्रह | मानबहादुर सिंह पहाडी, बझाङ्ग | लेखक स्वयं | २०६४ |
| ५८ | **नयाँ युगको नयाँ गीत** | गीतसंग्रह | केदारप्रसाद आचार्य, कैलाली | प्रगतिशील लेखक संघ कैलाली | २०६६ |

## २.५ सुदूर पश्चिममा कथालेखन र प्रकाशित कथाकृतिहरुः

पूर्वीय साहित्यमा कथाको लामो परम्परा रहेको पाइन्छ । पाश्चात्य साहित्यबाट विकसित भएर आएको आधुनिक लघुकथाभन्दा भिन्नै रुपमा रहेको पूर्वीय कथाको प्रवृति विकसित हुँदै जानेक्रममा आधुनिक वास्तविक कथासँग मेल नखाने दन्त्यात्मक, रहस्यात्मक र अतिमानवीय लोककथाका रुपमा पूर्वीय कथाहरु लोकजीवनमा व्याप्त रहेका देखिन्छन् । सुदूर पश्चिमको लोकजीवनमा पनि दन्त्यकथाका रुपमा लोकथाको प्रचलन अनादिकालदेखि चलिआएको पाइन्छ । यही लोककथाको जगमा उभिएको आधुनिक कथा लेखनको इतिहास भने सुदूर पश्चिममा त्यति लामो फेला पर्दैन ।

नेपाली साहित्यका प्रथम दुखान्त नाटककार पहलमानसिंह स्वाँरका कृतिहरुबाट नै सुदूर पश्चिममा साहित्यका विभिन्न विद्याको विद्यागत लेखन र विकासक्रम सुरु भएको मानिन्छ । कविता, नाटक, उपन्यास र निवन्ध लेखनको समेत सुरुवात गरेका स्वाँरका कृतिहरुमा आख्यानात्मक-कथात्मक स्वरुप भेटिए पनि स्पष्ट रुपमा कथा लेखनको सुरुवात भने भएको भेटिदैन । २००७ सालको क्रान्तिपछि स्थानीय र राष्ट्रिय स्तरका केही पत्रपत्रिकाहरुमा फुटकर कथाहरु छापिने क्रम सुरु भएपनि यस क्षेत्रमा कृतिगत रुपमा भने कथा लेखनको सुरुवात प्रशिद्ध कथाकार भाउपन्थीबाटै भएको देखिन्छ । २०३६ सालमा उनको **"सम्बन्ध"** नामक कथाकृति साझा प्रकाशनबाट प्रकाशित भएपछि भने यस क्षेत्रमा कथा स्तरीय साहित्य लेखनको विद्याका रुपमा स्थापित भएको छ । भाउपन्थीसँगै यस क्षेत्रबाट स्तरीय कथालेखनको सुरुवात गर्ने लोकेन्द्रबहादुर चन्द र महेश विक्रम शाहले कथाकृतिमा नेपालकै प्रतिष्ठित मनपुरस्कार समेत प्राप्त गरी कथासाहित्यमा राष्ट्रिय स्तरमै स्थापित भएका छन् भने विश्वविद्यालयमा कथासाहित्यका पाठ्यपुस्तकहरु समेत सम्पादन गर्ने ताराप्रसाद जोशी र डा. महादेव अवस्थी समेत यसै क्षेत्रका भएका कारण पनि सुदूर पश्चिममा कथाले स्तरीय रुप प्राप्त गर्ने प्रेरणा पाएको देखिन्छ । कथालाई स्तरीय रुप दिएर कथा लेख्ने कथाकारहरुमा आर.डी प्रभास चटौत, कृष्णदत्त चटौत "कान्त", पदमराज जोशी, हेमन्ती जोशी, श्रेष्ठप्रिया पत्थर, रामचन्द्र नेपाल, पुस्करराज भट्टका कथाकृतिहरु प्रकाशित भएका छन् । भाउपन्थीका **"सम्बन्ध", अद्यापि र अरु कथाहरु,** लोकेन्द्रबहादुर चन्दका **"हिउको तन्ना"** र २०५४ सालको मदनपुरस्कार प्राप्त **"विसर्जन",** महेशविक्रम शाहका **"सटाहा", "सिपाहीकी स्वास्नी", "अफ्रिकन अमिगो"** र २०६३ सालको मदनपुरस्कार प्राप्त **"छापामारको छोरो"** सुदूर पश्चिमलाई राष्ट्रियस्तरमा प्रतिनिधित्व गराउने अब्बल दर्जाका कथाकृति हुन् ।

यसै गरी पदमराज जोशी "प्रभात" को **"नामसारी",** हेमन्ती जोशीको **"प्रतिविम्ब",** आर.डी. प्रभास चटौतको **"लडाइको मैदानबाट",** कृष्णदत्त चटौत कान्तका **"गुनासो"** र **"अस्ताचलको सूर्य",** रामचन्द्र नेपालको **"आवाज"** र श्रेष्ठप्रिया पत्थरको **"एउटा अर्कैबाटो"** जस्ता कथाकृतिहरुले सुदूर पश्चिमको साहित्य लेखनलाई स्तरीय रुप

दिएका छन् । समग्रमा कथा लेखनलाई सुदूर पश्चिममा साहित्यको स्तरीय लेखनको विद्या मान्नुपर्ने देखिन्छ ।

***सुदूर पश्चिममा प्रकाशित कथाकृतिहरुको विवरण निम्नानुसार उल्लेख गरिएको छ :***

## १. सम्बन्धः





कथाकार भाउपन्थीद्वारा लेखिएको यो कथाविद्याको कृति हो । सुदूर पश्चिममा कथालेखन र कथाकृति प्रकाशनको सुरुवात गराउने यो कृति २०३६ सालमा साझा प्रकाशन पुलचोक ललितपुरद्वारा प्रकाशित भएको देखिन्छ । महाकाली अञ्चलको महेन्द्रनगर निवासी कवि भाउपन्थीको वास्तविक नाम तिलकप्रसाद शर्मा हो । भाउपन्थी राष्ट्रिय स्तरमै चर्चित साहित्यकार हुन् ।

## २. विसर्जनः

कथाकार लोकेन्द्रबहादुर चन्दद्वारा लिखित विसर्जन एउटा चर्चित कथासंग्रह हो । २०५४ सालको मदनपुरस्कार प्राप्त गर्न सफल यसको साझाप्रकाशनद्वारा २०५८ सालमा दोस्रो संस्करण प्रकाशन भएको देखिन्छ । महाकाली अञ्चलको बैतडी जिल्लामा मूलघर भएका लोकेन्द्रबहादुर चन्द कथा, कविता, निबन्ध र नाटक क्षेत्रमा कलम चलाउने सशक्त साहित्यकार हुन् । साहित्यिक उपनाम "श्रीलोचन" भएका चन्द नेपालको भूतपूर्व प्रधानमन्त्रीसमेत हुन् ।


## ३. छापामारको छोरोः




कथाकार महेशविक्रम शाहद्वारा लेखिएको यो कथाविद्याको कृति हो । २०६४ सालको मदनपुरस्कार प्राप्त गर्न सफल यो कृति २०६३ सालमा प्रथमपटक प्रकाशित भएको छ भने २०६४ सालमा दोस्रो, तेस्रो र चौथो पटक साझा प्रकाशनबाट प्रकाशित भएको देखिन्छ । सेती अञ्चलको अछाम जिल्ला निवासी महेशविक्रम शाह यसभन्दा अघि तीनवटा कथासंग्रह प्रकाशित गरिसकेका चर्चित कथाकार हुन् ।

## ४. प्रतिविम्ब

**विद्याः** कथा संग्रह
**लेखकः** हेमन्त जोशी
**प्रकाशकः** प्रज्ञा जोशी,
धनगढी, कैलाली
२०६४ असार, प्रथम




## ५. एउटा अर्कैबाटो

**विद्याः** कथा संग्रह
**लेखकः** श्रेष्ठप्रिया पत्थर
**प्रकाशकः** नेपाल स्रष्टा समाज
कालिकास्थान, काठमाडौं
२०६६ बैशाख, प्रथम

# सुदूर पश्चिममा प्रकाशित अन्य कथाकृतिहरु

| क्र. स. | कृतिको नाम | विद्या | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|---|
| ६ | **उद्यापी र अरु कथाहरु** | कथा | भाउपन्थी, कञ्चनपुर | साझाप्रकाशन पुलचोक ललितपुर | २०५२ प्रथम |
| ७ | **सटाहा** | कथासंग्रह | महेशविक्रम शाह, अछाम | अनुराग प्रकाशन काठमाडौं | २०५३ प्रथम |
| ८ | **सिपाहीकी स्वास्नी** | कथा संग्रह | महेश विक्रम शाह, अछाम | अनुराग प्रकाशन काठमाडौं | |
| ९ | **अफ्रिकन अमिगो** | कथासंग्रह | महेश विक्रम शाह | अनुराग प्रकाशन काठमाडौं | |
| १० | **नामसारी** | कथासंग्रह | पदमराज जोशी "प्रभात", कैलाली | लेखक स्वयं | २०५७ प्रथम |
| ११ | **लडाइको मैदानबाट** | कथासंग्रह | आर.डी.प्रभास चटौत, डडेल्धुरा | राजलक्ष्मी चटौत डडेल्धुरा | २०५६ प्रथम |
| १२ | **कर्मयोद्धा** | कथा संग्रह | पुष्करराज भट्ट, कैलाली | जनमत प्रकाशन बनेपा | २०५९प्रथम |
| १३ | **एकथोपा सागरको** | कथासंग्रह | " | महाकाली साहित्य संगम महेन्द्रनगर | २०६४ प्रथम |
| १४ | **रसाइल करम** | थारुभाषा को कथा | मनिराम चौधरी | धमेन्द्र चौधरी, उदासीपुर, कैलाली | २०५९ प्रथम |
| १५ | **दुखियारी बगिया** | थारुभाषा को कथा | मनिराम चौधरी | रमेश चौधरी, कैलाली | २०६१ प्रथम |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | **दुईलाखको अर्ती** | कथा संग्रह | मनिराज जोशी, कैलाली | सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी | २०६१ प्रथम |
| १७ | **आस्था नायकको अवसान** | कथासंग्रह | पुष्करराज भट्ट, कैलाली | कैलाली जनपुस्तकालय धनगढी | २०६१ प्रथम |
| १८ | **मुक्तिदूत** | कथासंग्रह | पुष्करराज भट्ट | गोपालदत्त+ राधिका भट्ट धनगढी, कैलाली | २०६२ प्रथम |
| १९ | **नौलो नेपालाः मान्स** | डोटेली भाषाको कथा संग्रह | बीरबहादुर चन्द महेन्द्रनगर | महाकाली साहित्य संगम, महेन्द्रनगर | २०६३ प्रथम |
| २० | **लाल मुरै** | थारुभाषा को कथा संग्रह | एम. टेर्रा "वास्तविक" | लेखक स्वयं | २०६४ प्रथम |
| २१ | **पीडा** | कथासंग्रह | भक्तराज ढुंगाना अछाम | लेखक स्वयं | २०६४ प्रथम |
| २२ | **आवाज** | कथासंग्रह | रामचन्द्र नेपाल | महाकाली साहित्य संगम महेन्द्रनगर | २०६५ प्रथम |
| २३ | **सञ्जीवनी** | कथा संग्रह | आत्माराम ओझा, कञ्चनपुर | हितेशचन्द्र ओझा, कञ्चनपुर | २०६५ प्रथम |

## २.६ सुदूर पश्चिममा उपन्यासलेखन र प्रकाशित औपन्यासिक कृतिहरुः

सुदूर पश्चिममा उपन्यास लेखनको परम्परा लामो रहेको देखिन्छ । नेपाली साहित्यमा समेत उपन्यासको आधुनिक काल सुरु भई नसकेको अवस्थामा स्व.पहलमानसिंह स्वाँरले वि.स. १९७४ मा **"एकलाख रुपैयाँको चोरी"** नामक उपन्यासको रचना गरी उपन्यास लेखनको सुरुवात गरिसकेको देखिन्छ । यही उपन्यासबाट नै सुदूर पश्चिमको औपन्यासिक यात्रा सुरुवात भएको मानिन्छ । वि.स. १९७४ मा रचना भएपनि यसको प्रकाशन भने मदनपुरस्कार पुस्तकालय श्रीदरबार टोल ललितपुरबाट वि.स. २०३८ मा भएको देखिन्छ । जेहोस प्रकाशन पछि भएपनि यसको रचना भएको समय हेर्दा सुदूर पश्चिम औपन्यासिक यात्रामा अगाडि नै प्रवेश गरिसकेको यथार्थ उद्घाटन भएको छ ।

पहलमानसिंह स्वाँरपछि सुदूर पश्चिममा देखापर्ने अर्का महत्वपूर्ण उपन्यासकार हुन्-खडगबहादुर सिंह । वि.स. १९८८ सालमा तत्कालीन डोटीको अलाडमा जन्मिएका सिंहका वि.स. २०११ सालमा **"विद्रोह भाग १"**, २०१३ मा **"विद्रोह भाग २"** र २०१५ सालमा **"हुरीको चरा"** नामक तीनवटा उपन्यासहरु लगातार प्रकाशित भएका देखिन्छन् । उपन्यासको परम्परालाई निरन्तरता दिदै नेपाली साहित्यमा भाउपन्थीका नामले प्रख्यात तिलकप्रसाद शर्माले २०२५ सालमा **"पलास"** उपन्यास प्रकाशित गरेको देखिन्छ भने **"आदि पुरुष र उव्रेको मान्छे"** उनको अर्को महत्वपूर्ण उपन्यास त्यसपछि प्रकाशन भएको छ । यसैगरी भासुदेव भाइसावका **"संस्मरण"**, **"निगालाका छतरीहरु"** तथा **सफर** गरी तीनवटा उपन्यास प्रकाशित भएका छन् भने भक्तराज जोशीको **"सपना"** र खेमराज ओभ्फाको **कर्मको तन्ना**ले सुदूर पश्चिमको उपन्यासयात्रालाई निरन्तरता दिएका छन् ।

यसैगरी श्रेष्ठप्रिया पत्थरका **पतिङ्गर, पुकार, रङ्गभूमि, मर्यादा, कसिङ्गर** र **पुनरावृति** पचासको दशकको सेरोफेरोमा प्रकाशित सशक्त नारीहस्ताक्षरका प्रतिफल हुन भने नृपबहादुर स्वाँरका **कुसुमी, चिनु**, र **कथाव्यथा** सुदूर पश्चिमेली जनजीवनको चित्रण गर्ने सशक्त आञ्चलिक उपन्यास हुन् । पचासको दशकमै प्रकाशित उपन्यासहरुमा जितसिंह भण्डारीका **"कर्तव्य", अधिकार, ममताको डोरी** र **स्वप्नसमाधि,** विक्रम सिंह धामीका **जैमिती**, देवराज भट्टका **नौलाहितु** तेजबहादुर शाहको **बादल**, विष्णुप्रकाश दौल्यालको **विदाई**, तुलसी शर्माको भ**उजु** र मनिराम चौधरीको थारु भाषाको **विधवा** रहेका छन् । साठीको दशकको सुरुवाततिरै देखापरेका नयाँ औपन्यासिक कृतिहरुमा-कृष्णदत्त चटौतको **"मल्लो बाटो"**, आत्मा राम ओभ्फाको **"तीला"** र **"राजा नागमल्ल",** अनिल उपाध्यायको **रहस्यभित्रको बटुवा,** कुकुरा बोहराको **"जेल"** पदमविष्टको **"नौलो विहानी"** गौरीदत्त पनेरुको **"धरौटी"**, पदमराज जोशी "प्रभात"को **"पहाडकी सौराइ"** रामनाथ अधिकारीको **शहीद जनसेनाकी पत्नी**, पदम गाउँलेको **"अमर माया"** र शर्मिला

सृष्टिको थारु भाषाको **दुखके हल्कोरा**ले सुदूर पश्चिमको उपन्यास यात्रामा तामामौं ईटाहरु थपेका छन् ।

***सुदूर पश्चिमाञ्चलमा उपन्यास विद्यामा प्रकाशित भएका औपन्यासिक कृतिहरुको विवरण निम्नानुसार रहेको छ :***

| क. स. | कृतिको नाम | विद्या | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|---|
| १ | **एकलाख रुपैयाँको चोरी** (**रचना १९७४**) | उपन्यास | पहलमानसिंह स्वाँर, अछाम | मदनपुरस्कार पुस्तकालय श्रीदरवार टोल ललितपुर | २०३८ |
| २ | **विद्रोह भाग १** | उपन्यास | खडगबहादुर सिंह, डोटी | लेखक स्वयं | २०११ |
| ३ | **विद्रोह भाग २** | उपन्यास | खडगबहादुर सिंह, डोटी | लेखक स्वय | २०१३ |
| ४ | **हुरीको चरा** | उपन्यास | खडगबहादुर सिंह | लेखक स्वय | २०१५ |
| ५ | **पलास** | उपन्यास | भाउपन्थी, कञ्चनपुर | लेखक स्वयं | २०२५ |
| ६ | **आदि पुरुष र उत्रेको मान्छे** | उपन्यास | भाउपन्थी | लेखक स्वयं | |
| ७ | **सपना** | उपन्यास | भक्तराज जोशी | लेखक स्वयं | |
| ८ | **संस्मरण** | उपन्यास | बासुदेव भाइसाब, कञ्चनपुर | लेखक स्वयं | |
| ९ | **निगालाका छतरीहरु** | उपन्यास | बासुदेव भाइसाव | लेखक स्वयं | |
| १० | **सफर** | उपन्यास | बासुदेव भाइसाव | लेखक स्वयं महेन्द्रनगर | २०४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | **कर्मको तन्ना** | उपन्यास | खेमराज ओझा | लेखक स्वयं, बैतडी | |
| १२ | **पतिङ्गर** | उपन्यास | श्रेष्ठप्रिया पत्थर, कैलाली | लेखक स्वयं | २०४८ |
| १३ | **पुकार** | उपन्यास | श्रेष्ठप्रिया पत्थर | लेखक स्वयं | २०४९ |
| १४ | **रङ्गभूमि** | उपन्यास | श्रेष्ठप्रिया पत्थर | दुर्गा साहित्य भण्डार बाराणसी | २०५० |
| १५ | **मर्यादा** | उपन्यास | श्रेष्ठप्रिया पत्थर | स्वयं | २०५२ |
| १६ | **कसिङ्गर** | उपन्यास | श्रेष्ठप्रिया पत्थर | स्वयं | २०५३ |
| १७ | **पुनरावृति** | उपन्यास | श्रेष्ठप्रिया पत्थर | वाणी प्रकाशन विराटनगर | २०५७ |
| १८ | **जैमिती** | उपन्यास | विक्रमसिंह धामी, कञ्चनपुर | लेखक स्वयं महेन्द्रनगर | २०५२ |
| १९ | **नौलाहितु** | उपन्यास | देवराज भट्ट, बैतडी | लेखक स्वयं, बैतडी | २०५४ |
| २० | **कुसुमी** | उपन्यास | नृपबहादुर स्वाँर | सुश्री दीपा स्वाँर | २०५५ |
| २१ | **चिनु** | उपन्यास | नृपबहादुर स्वाँर, कैलाली | सुश्री दीपा स्वाँर, धनगढी | २०५६ |
| २२ | **कथाव्यथा** | उपन्यास | नृपबहादुर स्वाँर | सु.प. साहित्य समाज धनगढी | २०५९ |
| २३ | **विदाई** | उपन्यास | विष्णुप्रकाश दौल्याल, बझाङ्ग | सु.प. साहित्यिक पत्रकार संघ, धनगढी | २०५७ |
| २४ | **विधवा** | थारुभाषाको उपन्यास | मनिराम चौधरी | लेखक स्वयं कैलाली | २०५७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | **ममताको डोरी** | उपन्यास | जीतसिंह भण्डारी | लेखक स्वयं, कैलाली | २०६० |
| २६ | **कर्तव्य र अधिकार** | उपन्यास | जीतसिंह भण्डारी | लेखक स्वयं कैलाली | २०६२ |
| २७ | **भाउजू** | उपन्यास | तुलसी शर्मा, कैलाली | लेखक स्वयं, कैलाली | २०५८ |
| २८ | **मल्लोबाटो** | उपन्यास | कृष्णदत्त चटौत "कान्त", कञ्चनपुर | महाकाली साहित्य संगम, महेन्द्रनगर | २०६२ |
| २९ | **तीला** | उपन्यास | आत्माराम ओझा, कञ्चनपुर | रत्नपुस्तक भण्डार काठमाडौं | २०६३ |
| ३० | **राजा नागमल्ल** | उपन्यास | आत्माराम ओझा | करुणदेवी ओझा महेन्द्रनगर | २०६५ |
| ३१ | **रहस्यभित्रको बटुवा** | उपन्यास | अनिल उपाध्याय, बझाङ | लेखक स्वयं | २०६३ |
| ३२ | **पहाडकी सौराइ** | उपन्यास | पदमराज जोशी "प्रभात", कैलाली | सौराइ प्रकाशन धनगढी | २०६४ |
| ३३ | **दुखके हल्कोरा** | उपन्यास | सर्मिला सृष्टि, कैलाली | जानकी चौधरी कैलाली | २०६४ |
| ३४ | **शहीद जनसेनाकी पत्नी** | उपन्यास | रामनाथ अधिकारी "संगी", कैलाली | विष्णुमाया वाङमय प्रकाशन पोखरा | २०६५ |
| ३५ | **अमर माया** | उपन्यास | पदम गाउँले, डडैलधुरा | लेखक स्वयं डडेल्धुरा | २०६५ |
| ३६ | **जेल** | उपन्यास | कुकुरा बोहरा कञ्चनपुर | स्वयं, कञ्चनपुर | २०६५ |

## २.७ सुदूर पश्चिममा नाटक लेखनको अवस्था र प्रकाशित नाट्यकृतिहरुः

सुदूर पश्चिम लोकसंस्कृति र साहित्यको सम्पन्न क्षेत्र हो । अनादिकालदेखि डोटेली लोकसाहित्यभित्र लोकनाटक र नाटिकाहरु प्रचलनमा रहिआएका पाइन्छन् । डोटेली लोकसाहित्य भित्र "भुवा", "चैतालो", हुडकेली, छलिया जस्ता गेयनृत्यात्मक प्रस्तुतिभित्र नाट्यरुप र झलक समेटिएका देखिन्छन् । "गौरा", "बिसु" र "माघी" जस्ता विभिन्न पर्वहरुमा देवदेवी तथा दानव र राक्षस जस्ता पात्रको नक्कल गरी प्रस्तुत गरिने मनोरञ्जनात्मक र सांस्कृतिक कृयाकलापहरुमा समेत आंशिक नाटकका बान्कीहरु प्रकट भएका देखिन्छन् । सुदूर पश्चिमेली लोकजीवनमा प्रचलित रामायण महाभारत र कृष्ण चरित्रका कथाहरुमा आधारित लोकनाटकहरु प्रस्तुत हुने गरेका उदाहरणहरु पहिले देखिनै देख्न सकिन्छन् । लोक जीवनमा रहेको लोकनाटकको यही समृद्ध परम्पराले नै सुदूर पश्चिममा लेख्य नाटकको सुरुवात र विकास भएको देख्न सकिन्छ ।

नेपाली नाटकको विकासक्रममा एउटा युगान्तकारी र अविष्मरणीय देन दिने नाटककार पहलमानसिंह स्वाँर सुदूर पश्चिमकै धर्तीले जन्माएका अमर स्रष्टा हुन् । सुदूर पश्चिममा नाटकको विकासक्रम र अवस्थाका विषयमा चर्चा गर्नुपर्दा नेपाली साहित्यकै प्रथम दुखान्त नाटककार पहलमासिंह स्वाँरसम्मै पुग्नुपर्ने हुन्छ । नेपाली नाटकको इतिहासमा आधुनिकताको झल्को दिने प्रथम मौलिक र दुखान्त नाटक **"अटलबहादुर"** नै सुदूर पश्चिमेली नाटकको पहिलो विन्दु हो । राणा शासकबाट लखेटिएर भारतको सिंघाहीमा बसेका अछाम निवासी कवि पहलमानसिंह स्वाँरले वि.स. १९५६ तिर "अटलबहादुर" नाटकको रचना गरी वि.स. १९६२ मा बनारसबाट उक्त नाटकको प्रकाशन गरेको देखिन्छ । नाटककार पहलमानसिंह स्वाँरको यही नाटक नै सुदूर पश्चिमको पहिलो नाटक हो । नाटककार स्वाँर अछाम निवासी भएकाले मात्र होइन, यस नाटकको विषय वस्तु, स्थान र परिवेश पनि सुदूर पश्चिमकै डोटीको दानकोट क्षेत्र भएकोले पनि यो सुदूर पश्चिमको पहिलो नाट्यकृति हुन पुगको देखिन्छ ।

यसरी पहलमानसिंह स्वाँरको **अटलबहादुर** (१९६२) बाट सुरु भएको सुदूर पचिमको नाटक लेखनको विकासक्रमलाई केलाउँदा पहलमानसिंह स्वाँरले नै वि.स. १९६२ देखि १९९० सम्मको समयमा विभिन्न नाटकहरुको रचना गरेको देखिन्छ । पहलमानसिंह स्वाँरले वि.स. १९८५ मा संस्कृतबाट अनुवाद गरेका महाकवि कालीदासको **अभिज्ञान शाकुन्तल** नाटक २०१६ सालमा प्रकाशन भएको देखिन्छ भने १९७५ मा रचना गरेको **विमलादेवी** नाटक २०३२ मा, १९८१ मा रचना गरेको **विष्णुमाया** २०३३ मा, १९७६ मा रचना गरेको **लालुभागा** २०३३ मा र **जगतसिंह** २०३५ मा प्रकाशित भएका देखिन्छन् ।

वि.स. १९९१ मा पहलमानसिंह स्वाँरको देहावसान भएपछि भने सुदूर पश्चिममा नाटक लेखनको क्रममा विराम लागेको देखिन्छ । स्वाँरको अवसानपछि लामो समयसम्म अवरुद्ध भएको नाटक लेखनले एकैपटक ३० वर्षपछि २०२१ सालदेखि पुनर्जीवन पाएको देखिन्छ । २००७ सालपछि नाटक र एकाङ्की लेखनमा सक्रिय रहेका बैतडीका आत्माराम ओझाका एकाङ्कीहरु काठमाडौं र बनारसबाट विभिन्न पत्रपत्रिकामा प्रकाशित भएपनि

पुस्तकाकारका रुपमा भने २०२१ सालमा उनको **"उषा अनिरुद्ध"** नाटक रत्नपुस्तक भण्डार काठमाण्डौबाट प्रकाशित भएको देखिन्छ । नाटक र एकाङ्की लेखनमा विशेष दखल राख्ने ओझाका **"त्यो देश द्रोही गोर्खाली होइन"** र **"गुरु शिष्य र मृत्युपथका भाइबहिनी"** जस्ता एकाङ्कीहरु साझा प्रकाशनले प्रकाशित गरेको **"नेपाली प्रतिनिधि एकाङ्कीहरु"** मा पनि समावेश भएका देखिन्छन् । यही क्रममा वि.स. २०२२ सालमा बैतडीका देवराज भट्ट शर्माको **"अमर शहीद दशरथ चन्द"** प्रकाशित भयो भने बैतडीकै लोकेन्द्रबहादुर चन्दको "**नेताका साथी",** कञ्चनपुरका बासुदेव भाइसावका **गोरा चैतालो, र माघी** जस्ता नाट्यकृतिहरु प्रकाशित भएका देखिन्छन् । यति हुँदाहुदै पनि साहित्यको अन्य विद्याका तुलनामा सुदूर पश्चिममा नाटक विद्या माथि उठ्न नसकेको यथार्थ भने लुकाउन सकिदैन ।

***सुदूर पश्चिममा प्रकाशित नाट्यकृतिहरुको विवरण निम्नानुसार रहेको छ :***

| **क्र. स.** | **कृतिको नाम** | **विद्या** | **लेखक** | **प्रकाशक** | **संस्करण र मिति** |
|---|---|---|---|---|---|
| १ | **अटलबहादुर** | नाटक | पहलमानसिंह स्वाँर | प्रथम संस्करण- लेखक स्वयं<br>द्धितिय सं.-गजेन्द्रनाथ रेग्मी ललितपुर | १९६२<br>२०२६ |
| २ | **विमलादेवी** | नाटक | पहलमानसिंह स्वाँर | बलमानसिंह स्वाँर, स्वाँर सदन बानेश्वर काठमाडौं | २०३२ |
| ३ | **विष्णु माया** | नाटिका | पहलमानसिंह स्वाँर | साझा प्रकाशन पुलचोक, ललितपुर | २०३३ |
| ४ | **लालु भागा** | नाटक | पहलमानसिंह स्वाँर | तारामानसिंह स्वाँर, मटेना अछाम | २०३३ |
| ५ | **जगतसिंह** | नाटक | पहलमानसिंह स्वाँर | साझा प्रकाशन पुलचोक ललितपुर | २०३५ |
| ६ | **उषा अनिरुद्ध** | नाटक | आत्माराम ओझा महेन्द्रनगर | रत्नपुस्तक भण्डार, काठमाडौं | २०२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | **अमर शहीद दशरथ चन्द** | नाटक | देवराज भट्ट शर्मा बैतडी | लेखक स्वयं | २०२२ |
| ८ | **नेताका साथी** | नाटक | लोकेन्द्रबहादुर चन्द<br>हाल काठमाडौं | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलाडी, काठमाडौं | २०४१ |
| ९ | **गोरा चेतालो** | खण्डनाटिका | बासुदेव भाइसाव महेन्द्रनगर | नेपाल फारवेष्ट पब्लिकेशन एण्ड इन्फरमेशन प्रा.लि. | २०५५ |

## २.८ सुदूर पश्चिममा निबन्ध लेखनको अवस्था र प्रकाशित निबन्ध कृतिहरुः

सुदूर पश्चिम विकास क्षेत्रमा निबन्ध लेखनको इतिहास र अवस्था उल्लेख गर्नुपर्दा नाटककार पहलमानसिंह स्वाँरको स्मरण नगरी निबन्धको विकासक्रम केलाउनै सकिदैन । सुदूर पश्चिममा निबन्ध लेखनको सुरुवात कहिले देखि भयो भन्ने तथ्यलाई उद्घाटन गर्ने हो भने पहलमानसिंह स्वाँरको गद्य लेखनलाई नै केलाउनु पर्ने हुन्छ । "अटल बहादुर नाटक लेखेर मौलिक र वियोगान्त नाटकलेखनको सुरुवात गरेजस्तै निबन्धको आरम्भ पहलमानसिंह स्वाँरका गद्यरचनाबाटै भएको देखिन्छ ।

पहलमानसिंह स्वाँरले वि.स. १९७५ मा लेखेको **"के सन्तोष राख्न चाहिन्छ"** भन्ने गद्यकृतिबाट नै निबन्धको सुरुवात भएकोले उक्त कृतिलाई सुदूरपश्चिमको प्रथम निबन्धात्मक कृति भन्नुपर्ने हुन्छ । यसबाहेक उनले **"सदर जेल काराखाना" १९७६, "नेपाल उद्योग कम्पनी"** १९७६ र **योगदर्शन** १९७९ जस्ता गद्यात्मक कृतिहरु लेखे पनि निबन्धात्मक गुण र लक्षण **"के सन्तोष राख्न चाहिन्छ"** भन्ने कृतिमा रहेकाले उक्त कृति नै निबन्धको प्रथम आरम्भ कृति भन्नुपर्ने देखिन्छ ।

सुदूर पश्चिमबाट आधुनिक निबन्ध लेखनको सुरुवात भने बैतडीका लोकेन्द्रबहादुर चन्दले गरेको देखिन्छ । वि.स. २०३५ सालमा तत्कालिन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट उनको **बाह्रौ खेलाडी** नामक व्यङ्ग्यात्मक निबन्ध प्रकाशित भएपछि सुदूर पश्चिममा फाटफुट रुपमा निबन्ध लेखनको क्रम सुरु भएको देखिन्छ । यस क्रममा बैतडीका आनन्ददेव भट्टका **"केही आत्मपरक निबन्धहरु"** र **दृष्टिविन्दु** नामक निबन्धात्मक कृतिहरु प्रकाशित भएका देखिन्छन् भने कैलालीका यज्ञराज जोशी यात्रीका **"नारी"** बैतडीका देवराज भट्ट शर्माका **समाजवाद र धर्म**, डोटीका डा. रामचन्द भट्टका **"प्राज्ञिक त्रिवेणी"**, कञ्चनपुरका डा. देवप्रसाद ओझाका **"समसमायिक चिन्तन"** जस्ता निबन्ध कृतिहरु प्रकाशित भएका देखिन्छन् ।

आधुनिक नेपाली निबन्धमा उच्च बौद्धिकता र नयाँ चिन्तन शैलीले राष्ट्रिय रुपमै निबन्धलाई स्तरीय रुप प्रदान गर्ने डोटीमा जन्मिएका डा. दुर्गाप्रसाद भण्डारीका निबन्धहरुले पचासको दशकपछि निबन्धलाई नयाँ उचाई मात्रै दिएनन्, सुदूर पश्चिमेली निबन्धकारहरुलाई गौरवबोध गराउँदै स्तरीय निबन्ध लेखनका लागि समेत कुतकुत्याए ।

पचासको दशकपछि सुदूर पश्चिमेली निबन्ध क्षेत्रमा डा. दुर्गाप्रसाद भण्डारीका **"मृगस्थली"**, र **"नीरो बाँसुरी बजाइरहेछ",** डा. टेकराज पन्तको **"अनावरण",** भाउपन्थीको **"चोर चोर",** गणेशप्रसाद ओझाको हास्यव्यङ्ग्यात्मक **"जुत्तादर्शन",** मुकुन्द कलौनीको **"चक्रव्यूह"** र "**विविधा"**, उत्तमबहादुर सिंहका **"राजनीति र प्रजातन्त्र"** र पुस्कर भट्टको **"युगधारा"** जस्ता निबन्धकृतिहरु देखा परेका छन् । विभन्न पत्रपत्रिकाहरुमा फुटकर भएपनि स्तरीय निबन्ध लेख्ने गणेशराज जोशी, वासुदेव पाण्डेय, पदमराज जोशी "प्रभात", सीताराम भट्ट, हरिकृष्ण कडायत, रामलाल जोशी, टी.एन. जोशी, खगेन्द्र गिरी "कोपिला", श्रेष्ठप्रिया पत्थर, विनोदकुमार भट्टराई, आत्माराम ओझा, बासुदेव भाइसाव, बद्री शर्मा विनाडी, डिल्लीराज फुलारा, करवीर शाह, रामचन्द्र नेपाल, नेत्र प्रसाद पनेरु जस्ता निबन्धकारहरुले सुदूर पश्चिमको निबन्ध लेखनलाई गति र स्तरीय रुप प्रदान गरिरहेका छन् ।

*सुदूर पश्चिममा हालसम्म प्रकाशित निबन्धकृतिहरुको विवरण निम्नानुसार छः ।*

| क्र.स. | कृतिको नाम | विद्या | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|---|
| १ | **के सन्तोष राख्न चाहिन्छ** | निबन्ध | पहलमानसिंह स्वाँर | रचना | १९७५ |
| २ | **बाह्रौ खेलाडी** | निबन्ध संग्रह | लोकेन्द्रबहादुर चन्द, बैतडी हाल काठमाडौं | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान काठमाडौं | २०३५ |
| ३ | **समाजवाद र धर्म** | निबन्ध संग्रह | देवराज भट्ट शर्मा, बैतडी | लेखक स्वयं | २०४७ |
| ४ | **प्राज्ञिक त्रिवेणी** | निबन्ध संग्रह | डा. रामचन्द्र भट्ट डोटी | डमरु र भरत भट्ट, डोटी | २०४६ |
| ५ | **दृष्टिविन्दु** | निबन्ध संग्रह | आनन्ददेव भट्ट बैतडी | जीवन पिया काठमाडौ | २०४८ |
| ६ | **केही आत्मपरक निबन्ध** | निबन्ध संग्रह | आनन्ददेव भट्ट | साझा प्रकाशन पुलचोक ललितपुर | २०४९ |
| ७ | **नारी** | निबन्ध संग्रह | यज्ञराज जोशी “यात्री”, कैलाली | लेखक स्वयं कैलाली | २०४९ |
| ८ | **हिलोमा कमल** | निबन्ध संग्रह | यज्ञराज जोशी यात्री | लेखक स्वयं, कैलाली | २०६५ |
| ९ | **जुत्ता दर्शन** | निबन्ध संग्रह | गणेशप्रसाद ओझा “सुधोयात्री” कैलाली | लेखक स्वयं, कैलाली | २०५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | **चक्रव्यूह** | निबन्ध संग्रह | मुकुन्द कलौनी कञ्चनपुर | लेखक स्वयं | २०५२ |
| ११ | **विविधा** | निबन्ध संग्रह | मुकुन्द कलौनी कञ्चनपुर | लेखक स्वयं | २०५२ |
| १२ | **चोरचोर** | निबन्ध संग्रह | भानुपन्थी, कञ्चनपुर | सुदूर पश्चिमाञ्चल साहित्य प्रतिष्ठान महेन्द्रनगर कञ्चनपुर | २०५३ |
| १३ | **मृगस्थली** | निबन्ध संग्रह | डा. दुर्गाप्रसाद भण्डारी, डोटी हाल काठमाडौं | गणेशमानसिंह अध्ययन प्रतिष्ठान काठमाडौं | २०५८ |
| १४ | **नीरो बाँसुरी बजाइरहेछ** | निबन्ध संग्रह | डा. दुर्गाप्रसाद भण्डारी | गणेशमानसिंह अध्ययन प्रतिष्ठान काठमाडौं | २०६० |
| १५ | **समसामायिक चिन्तन** | निबन्ध संग्रह | डा. देवीप्रसाद ओझा | सु.प. सामाजिक सेवा तथा अनुन्धान समिति महेन्द्रनगर | |
| १६ | **राजनीति र प्रजातन्त्र** | निबन्ध संग्रह | उत्तमबहादुर सिंह बझाङ्ग | लेखक स्वयं | |
| १७ | **अनावरण** | निबन्ध संग्रह | डा. टेकराज पन्त महेन्द्रनगर | लेखक स्वयं | |
| १८ | **युगधारा** | निबन्ध संग्रह | पुस्करराज भट्ट कैलाली | जनमत प्रकाशन बनेपा | २०५९ |
| १९ | **जीवन संघर्ष** | निबन्ध संग्रह | राजेन्द्र भट्ट | लेखक स्वयं | |
| २० | **चित्कार र पुकार** | निबन्ध संग्रह | खगोयक्ष पन्त | लेखक स्वयं | |
| २१ | **समाजभित्रका व्यथाहरु** | निबन्ध संग्रह | मोहन बुढाऐर | लेखक स्वयं, कञ्चनपुर | |

## २.९ सुदूर पश्चिममा यात्रासंस्मरण लेखन र प्रकाशित कृतिहरुः

यात्रासंस्मरण साहित्यको आधुनिक प्रिय विद्या हो । मानिस स्वभावत घुमन्ते वा यायावरीय प्राणी हो । घुम्नेक्रममा नै मानिस पृथ्वीका अनकण्टार गुफादेखि विशाल र व्यापक मैदानमा र समुद्रका छालहरु नाघ्दै सात समुद्रपार तथा धर्ती र आकाशका सीमानाहरु पहिल्याउँदै अनन्त अनन्ततामा चक्कर र घनचक्कर लगाउन पुगेको छ । मानिसले घुमेका र चहारेका धर्ती आकाशका अनन्त सम्भना र देखेभोगेका अनुभवहरुलाई शब्दमा प्रकट गर्दा त्यो ज्यादै रोचक र कौलुहलमय हुने गर्दछ । साहित्यको यही विद्यालाई यात्रा संस्मरण, नियात्रा वा समग्रमा यात्रासाहित्य भन्ने गरिन्छ । आफूले घुमेफिरेका स्थान, दृश्य, अनुभव र अनुभूतिलाई प्रकट गर्ने प्रचलन पुरानै भएपनि साहित्यका क्षेत्रमा नवीन कलाकासाथ प्रयोगमा आएको यो एक नौलो र रोचक विद्या हो । नेपाली साहित्यमा पन्ध्रौ शाताब्दीमा लेखिएको **"राजा गगनीराजको यात्रा"** वृतान्तबाट सुरु भएको यात्रा साहित्य **"जंगबहादुरको बेलायत यात्रा"** हुँदै देश विदेश र सातसमुद्र नाघेको रोचक घटनाक्रमलाई औल्याएर आधुनिक कालमा प्रिय र लोकप्रिय हुन सफल भएको हो ।

सुदूर पश्चिमेली साहित्यफाँटमा भने यात्रा साहित्य लेखनको भूमि लगभग बाँझो जस्तै देखिन्छ । सर्वप्रथम युरोप भ्रमण गरेर युरोपका रङ्गिला रात, नीला सागर र गगनचुम्बी महल देखेर पनि बभ्फाङ्गी कन्दराका राजा जयपृथ्वीबहादुर सिंह छक्कै परेनन् । अथवा आफू रोचक दुनियाँमा पुगेको वर्णन गरेनन् ।

पहाडी अछामको मटेनबाट चुरेभावर र तत्कालिन कालापानीका लालभ्फाडीहरु नाँघ्दै कहिले भारतको सिंघाही त कहिले बम्बई, कहिले बडोदा त कहिले बनारस अनि कहिले काठमाडौं त कहिले कैलालीमा हन्नीदाका सास्ती, सुस्केरा र कहालीलाग्दा भीरपाखाका यात्राअनुभवलाई पहलमानसिंह स्वाँरले पनि नलेखेरै गए । वर्णन नगरेरै गए । त्यसैले पनि सुदूर पश्चिमेली साहित्य फाँटमा यात्रा वर्णन र संस्मरणको थालनी अवेर गरेर मात्रै भयो । सुदूर पश्चिमको जनजीवनलाई यथार्थपरक ढंगले आफ्ना उपन्यासमा सशक्त चित्रण गर्ने आञ्चलिक उपन्यासकार नृपबहादुर स्वाँर, साहित्य संस्कृति र डोटेली इतिहासका अनुसन्धानक देवीप्रसाद ओभ्फा, साहित्यका "भ्फोले" यज्ञराज जोशी यात्री र मिहिलाल उपाध्याय जस्ता स्रष्टाहरुबाट पचासको दशकपछि मात्रै यात्रासाहित्य लेखिन थालेको यथार्थ भेटिन्छ । यसक्रममा नृपबहादुर स्वाँरको **"देशभित्र-देशबाहिर",** देवीप्रसाद ओभ्फाको **"कैलाश मानसरोवरको यात्रा",** यज्ञराज जोशी "यात्री"को **"मेरो नेपाल दर्शन",** मिहिलाल उपाध्यायको **"कैलाश मानसरोवर"** र बैतडीका गंगादत्त पन्तको **"बैतडीदेखि बैङ्गलोर** सम्म" जस्ता कृतिहरु सुदूर पश्चिमेली साहित्य फाँटले हात पारेका यात्रासाहित्यका महत्वपूर्ण उपलब्धी हुन् । यात्रासाहित्य लेखनमा श्रेष्ठप्रिया पत्थर, नन्दकृष्ण जोशी, बासुदेव पाण्डेय, आत्मा राम ओभ्फा, पदमराज जोशी, हेमन्ती जोशी सीताराम भट्ट जस्ता साहित्यकारहरुले कलम चलाउँदै आएका भएपनि साहित्यका अरु विद्याका तुलनामा यसले अपेक्षित सफलता हाँसिल गर्न सकेको भने देखिदैन ।

*सुदूर पश्चिममा हालसम्म प्रकाशित "यात्रासंस्मरणात्मक" कृतिहरुः-*

| क्र. स. | कृतिको नाम | विद्या | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|---|
| १ | **देशभित्रः देशबाहिर** | यात्रा संस्मरण | नृपबहादुर स्वाँर, कैलाली | सु.प. साहित्य समाज धनगढी | २०६० |
| २ | **कैलाश मानसरोवर यात्रा** | यात्रा संस्मरण | देवीप्रसाद ओझा, कञ्चनपुर | सु.प. सामाजिक सेवा तथा अनुसन्धान समिति, महेन्द्रनगर | २०५३ |
| ३ | **मेरो नेपाल दर्शन** | यात्रा संस्मरण | यज्ञराज जोशी "यात्री", कैलाली | कैलाली जनपुस्तकालय धनगढी | २०५९ |
| ४ | **कैलाश मानसरोवर** | यात्रासंस्मरण | मिहिलाल उपाध्याय, कैलाली | श्रीकेदार विकास समाज डोटी | २०६४ |
| ५ | **बैतडीदेखि बैङ्लोरसम्म** | यात्रासंस्मरण | गंगादत्त पन्त बैतडी | भुवन पन्त, बैतडी | २०५६ |

## २.१० सुदूर पश्चिममा समालोचना लेखनको अवस्था र प्रकाशित कृतिहरुः

सुदूर पश्चिममा साहित्य सिर्जनाको सुरुवात सोह्रौं शताब्दीका कवि रत्नाकर पण्डितको पालादेखि भएको मानिन्छ भने समालोचना लेखनको सुरुवात धेरै पछि आएर मात्रै भएको देखिन्छ । काठमाडौंमा बसेर साहित्य साधना र अध्यापन गर्नुहुने बैतडीका आनन्देव भट्ट र डोटीका डा. रामचन्द्र भट्टले समालोचनाको सुरुवात गरेको देखिए पनि सुदूर पश्चिमको साहित्य र साहित्यिक कृतिहरुको मात्रै समालोचना गरिएका समीक्षात्मक गतिला कृतिहरु हालसम्म प्रकाशित हुन सकेका देखिदैनन् ।

समालोचनामा कलम चलाउँदै आउनु भएका आनन्ददेव भट्टका **"समालोचनाको बाटोतिर"** र **"जनताको साहित्य"**, रामचन्द्र भट्टका **"पौरस्त्य समालोचनाको सिद्धान्त"**,

**संस्कृत साहित्यको झलक** र **"समीक्षाको पाइला"** यस क्षेत्रमा जन्मिएका व्यक्तिहरुले लेखेका केही महत्वपूर्ण समालोचनात्मक कृति हुन् । सुदूर पश्चिमको बैतडीमा जन्मिएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. महादेव अवस्थी समालोचना विद्यामा राम्रो दखल भएका समालोचक हुन् । देवकोटाका खण्डकाव्यको अध्ययनमा विद्यावारिधि गरेका डा. अवस्थीका **"देवकोटाका खण्डकाव्यहरुको समग्र अध्ययन"** तथा **"लक्ष्मीप्रसाद देवकोटाको जीवनी व्यक्तित्व र कृतित्व"** नामक समालोचनात्मक कृतिहरु प्रकाशित छन् । सुदूर पश्चिममा समालोचना विद्यामा कलम चलाउँदै आउनु भएका डा. देवीप्रसाद ओझाको **"सुदूर पश्चिममा साहित्य र साहित्यकारहरु"** नामक कृति पनि साहित्यिक खोज, विश्लेषण र समालोचनात्मक कृति हो । समालोचना विद्यामा कलम चलाउँदै आएका गणेशराज जोशी, डिल्लीराज फुलारा, बासुदेव पाण्डेय, बासुदेव भाइसाव, रामलाल जोशी, विनोदकुमार भट्टराई, धनन्जय तिमिल्सेना, खगेन्द्र प्रसाद ओझा, टी.एन. जोशी, डा. बद्रीशर्मा विनाडी, आत्माराम भट्ट, जगन्नाथ जोशी नेत्रप्रसाद पनेरु, पदमराज जोशी, श्रेष्ठप्रिया पत्थर, पुष्करराज भट्ट, हेमन्त विवश, रामबहादुर बोगटी, जस्ता स्रष्टाहरुका समालोचनात्मक प्रतिभाबाट सुदूर पश्चिमको समालोचना विद्यामा राम्रो अपेक्षा गर्न सकिने अवस्था छ ।

***हालसम्म सुदूर पश्चिममा प्रकाशित समालोचनात्मक कृतिहरुको विवरण निम्नानुसार रहेको छ :***

| क्र.स. | कृतिको नाम | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|
| १ | **समालोचनाको बाटोतिर** | आनन्ददेव भट्ट, बैतडी | लेखक स्वयं | |
| २ | **जनताको साहित्य** | आनन्ददेव भट्ट | सुशिला भट्ट काठमाडौं | २०५८ |
| ३ | **पौरस्त्य समालोचनाको सिद्धान्त** | रामचन्द्र भट्ट, डोटी | लेखक स्वयं डोटी, हाल काठमाडौं | |
| ४ | **संस्कृत साहित्यको झलक केही पक्ष** | रामचन्द्र भट्ट | लेखक स्वयं डोटी हाल काठमाडौं | |
| ५ | **समीक्षाको पाइला** | रामचन्द्र भट्ट | लेखक स्वयं डोटी हाल काठमाडौं | |

| | | | | |
|---|---|---|---|---|
| ६ | **सुदूर पश्चिममा साहित्य र साहित्यकार** | डा. देवी प्रसाद ओझा | सु.प. सामाजिक सेवा तथा अनुसन्धान समिति महेन्द्रनगर | २०६० |
| ७ | **साहित्यकार परिचय कोश** | यज्ञराज जोशी "यात्री" | सु.प. साहित्य समाज धनगढी | २०६० |
| ८ | **सम्यक दृष्टि** | श्रेष्ठप्रिया पत्थर | जनमत प्रकाशन बनेपा | २०६४ |
| ९ | **क्रम जारी छ सम्म** | श्रेष्ठप्रिया पत्थर | जनमत प्रकाशन बनेपा | २०६४ |
| १० | **सुदूर पश्चिमको गजल यात्रा र गजल यात्रीहरु** | हेमबाबु लेखक | सामाजिक विकास तथा अध्ययन अनुसन्धान केन्द्र, कञ्चनपुर | |

## २.११ सुदूर पश्चिममा जीवनी लेखनसम्बन्धी प्रकाशित कृतिहरुः

सुदूर पश्चिमको माटोमा राष्ट्रले सधै गर्व गर्नसक्ने धेरै वीर विराङ्गना, कवि र साहित्यकारहरुले जन्म लिएका छन् । राष्ट्रका हरेक आउँदा पुस्तालाई र विशेषगरी सुदूर पश्चिमबासीलाई सधै प्रेरणा दिइरहने प्रेरणाका श्रोत शहीद दशरथ चन्द, भीमदत्त पन्त, मानवतावादका प्रणेता राजा जयपृथ्वीबहादुर सिंह, साहित्यकार पहलमानसिंह स्वाँर, देवकान्त पन्त, यशियाकै प्रथम महिलामन्त्री हुन सफल साहसिक नारी द्वारिकादेवी ठकुरानी जस्ता व्यक्तिहरु जन्माएको सुदूर पश्चिमले डा. के आइ सिंह, लोकेन्द्रबहादर चन्द, र शेरबहादुर देउवा गरी देशका तीनवटा प्रधानमन्त्री समेत जन्माएको छ । देशले नै गर्व गर्ने व्यक्तित्वहरु सुदूर पश्चिमबासीहरुका लागि सधै प्रेरणाका श्रोत रहिआएकाले त्यस्ता व्यक्तिहरुको जीवनी लेखनको परम्परा पनि सु.प. मा रहिआएको पाइन्छ ।

सुदूर पश्चिमका महत्वपूर्ण व्यक्तिहरुको जीवनी लेख्ने क्रममा सर्वप्रथम २०३५ सालमा प्रकाशित बझाङ्गका उत्तमबहादुर सिंहले लेखेको **"मानवतावादी राजा जयपृथ्वीबहादुर सिंह"** नामक कृतिबाट सुरु भएको जीवनी लेखनयात्रामा डा. देवीप्रसाद ओझाले **"अमर शहीद दशरथ चन्द"**, कल्यान ओझाले **"शहीद भीमदत्त पन्त",**

आत्माराम ओझाले **"सुदूर पश्चिम क्षेत्रका केही ऐतिहासिक विराङ्गना"**, डिल्लीराज लेखकले **"अमर शहीद दशरथ चन्द एक जीवनी"**, धर्मदेव पन्तले **"पुस्करनाथ उप्रेतीको जीवनी**, हरिबन्दीले **रत्नबहादुर विष्टको जीवनी** जस्ता जीवनीकृतिहरु प्रकाशित गरेका देखिन्छन् । यसबाहेक विभिन्न संघसंस्थाहरुले दिवंगत ख्यातिप्राप्त व्यक्तिहरुको जीवनी समेटिएका स्मृतिग्रन्थहरु प्रकाशित गरेका देखिन्छन् ।

***सुदूर पश्चिममाहालसम्म प्रकाशित जीवनी र स्मृतिग्रन्थहरुको विवरण निम्नानुसार छ :***

| क्र. स. | कृतिको नाम | विद्या | लेखक | प्रकाशक | संस्करण र मिति |
|---|---|---|---|---|---|
| १ | **मानवतावादी राजा जयपृथ्वी बहादुर सिंह** | जीवनी | उत्तमबहादुर सिंह | सावित्री सिंह | २०३५ |
| २ | **अमर शहीद दशरथ चन्द** | जीवनी | देवीप्रसाद ओझा | सु.प. सामाजिक सेवा तथा अनुसन्धान समिति महेन्द्रनगर | २०५१ |
| ३ | **अमर शहीद शदरथ चन्दको जीवनी** | जीवनी | तेजबहादुर चन्द | " | |
| ४ | **पुष्करनाथ उप्रेती** | जीवनी | धर्मदेव पन्त | पुष्करनाथ उप्रेती प्रतिष्ठान, काठमाडौं | |
| ५ | **रत्नबहादुर विष्टको जीवनी** | जीवनी | हरिबन्दी | लेखक स्वयं | |
| ६ | **शहीद भीमदत्त पन्त** | जीवनी | कल्यान ओझा | लेखक स्वयं | |
| ७ | **सुदूर पश्चिम क्षेत्रका केही ऐतिहासिक विराङ्गना** | जीवनी | आत्माराम ओझा | शहीद दशरथ चन्द मेमोरियल ट्रस्ट काठमाडौं | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | **पहलमानसिंह स्वाँर** | स्मृतिग्रन्थ | धरणीधर कोइराला | पहलमानसिंह स्वाँर स्मृति प्रतिष्ठान, काठमाडौं | |
| ९ | **अमर शहीद दशरथ चन्द** | स्मृति ग्रन्थ | कर्णबहादुर चन्द | दशरथ चन्द स्मृति प्रतिष्ठान | |
| १० | **देवकान्त पन्त** | स्मृतिग्रन्थ | भालचन्द्र भण्डारी | सु.प. साहित्य समाज धनगढी | |
| ११ | **प्राज्ञ देवी प्रसाद ओझा सम्झना र अभिव्यक्ति** | स्मृतिग्रन्थ | घनश्याम लेखक आदि | सु.प. समाजिक सेवा तथा अनुसन्धान समिति महेन्द्रनगर | |
| १२ | **नृपबहादुर स्वाँर** | स्मृतिग्रन्थ | वासुदेव पाण्डेय आदि | सु.प. साहित्य समाज धनगढी | |
| १३ | **जसुदा भट्ट (राई)** | स्मृतिग्रन्थ | जयन्त मोक्तान | नेपाल सांस्कृति प्रतिष्ठान काठमाडौं | |

## २.१२ सुदूर पश्चिममा प्रकाशित भाषा, व्याकरण र दब्दकोष सम्बन्धी कृतिहरुः

| **क्र.स.** | **कृतिको नाम** | **विद्या** | **लेखक** | **प्रकाशक** | **संस्करण र मिति** |
|---|---|---|---|---|---|
| १ | **अक्षर माला** | भाषा | जयपृथ्वीबहादुर सिंह | लेखक स्वयं | १९५८ |
| २ | **प्राकृत व्याकरण** | व्याकरण | जयपृथ्वी बहादुर सिंह | लेखक स्वयं | १९६८ |
| ३ | **बैतडीका केही स्थानीय शब्द** | व्याकरणकोश | भीमदेव/ अर्जुनदेव भट्ट | आनन्ददेव भट्ट | २०१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | **डोटेली भाषाको शब्दकोश** | शब्दकोश | बद्री शर्मा विनाडी | जोराघाटी प्रकाशन | २०५५ |
| ५ | **वृहत डोटेली शब्दकोश** | शब्दकोश | आर.डी. प्रभास चटौत | | |
| ६ | **डोटेली शब्दघटक** | शब्दकोश | नेत्रप्रसाद पनेरु | लेखक स्वयं | २०६१ |
| ७ | **डोटेली आहानमाला** | भाषा | नेत्रप्रसाद पनेरु | लेखक स्वयं | २०६३ |
| ८ | **डोटेली भाषा विवेचना** | भाषा | देवराज भट्ट शर्मा | लेखक स्वयं | २०६१ |
| ९ | **डोटेली कोश** | शब्दकोश | बासुदेव “भाइसाव” | लेखक स्वयं | २०६५ |
| १० | **डोटेली शब्दभण्डार** | शब्दकोश | बीरबहादुर चन्द | लेखक स्वयं | २०६५ |

## २.१३ सुदूर पश्चिममा प्रकाशित इतिहास र बंशावली सम्बन्धी कृतिहरुः-

| **क्र.स.** | कृतिको नाम | **विद्या** | **लेखक** | **प्रकाशक** | **संस्करण र मिति** |
|---|---|---|---|---|---|
| १ | **स्वाँरको कुरा** | इतिहास | पहलमानसिंह स्वाँर | मदनपुरस्कार पुस्तकालय, ललितपुर | |
| २ | **सुदूरपश्चिमको आधुनिक राजतैनिक इतिहास** | इतिहास | जीतसिंह भण्डारी | लेखक स्वयं | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | **महाकाली अञ्चलको संक्षिप्त इतिहास** | इतिहास | जीतसिंह भण्डारी | लेखक स्वयं | |
| ४ | **प्राचीन मल्लकालीन इतिहास तथा विभिन्न वंशावली र देवीदेवताको उत्पत्ति** | इतिहास | जीतसिंह भण्डारी | लेखक स्वयं | |
| ५ | **सुदूरपश्चिम बैतडीको इतिहास** | " | खेमराज ओझा | लेखक स्वयं | |
| ६ | **कर्णाली प्रदेशमा मध्यकालीन डोटी राज्य** | " | डा. राजाराम सुबेदी | " | |
| ७ | **अछामको इतिहास** | " | डा. राजाराम सुबेदी | " | |
| ८ | **सुदूर पश्चिममा लोकतान्त्रिक आन्दोलन र २०६२-६३ को ऐतिहासिक जनक्रान्ति** | " | हेमबाबु लेखक | स्वयं | |
| ९ | **बाजुरा बाह्रबीसको एक झलक** | " | शंकर शाह | लेखक सवयं | |
| १० | **सुदूर पश्चिममा पत्रकारिता** | " | डा. देवीप्रसाद ओझा | सु.प. सामाजिक सेवा तथा अनुसन्धान समिति महेन्द्रनगर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | **बझाङ्ग जिल्लाको ऐतिहासिक चिनारी** | ” | उत्तम बहादुर सिंह, बझाङ्ग | स्वयं | |
| १२ | **रौलेश्वरको महिमा तथा पनेरु राज्यको विवरण** | वंशावली | उद्धवबहादुर विष्ट बैतडी | स्वयं | |
| १३ | **स्वाँरको वंशावली** | वंशावली | नृपबहादुर स्वाँर | स्वाँर सेवा समिति अछाम | |
| १४ | **स्वाँरका चिनारी** | वंशावली | नृपबहादुर स्वाँर | स्वाँर सेवा समिति अछाम | |
| १५ | **मल्ल वंशावली** | वंशावली | हर्षराज मल्ल | लेखक स्वयं | |
| १६ | **पनेरु वंश परिचय** | वंशावली | कृष्णप्रसाद पनेरु | लेखक स्वयं | |
| १७ | **पाठकको वंशावली** | वंशावली | रघुनाथ पाठक | लेखक स्वयं | |
| १८ | **अत्रिगोत्रीय ओझा वंशावली** | वंशावली | आत्माराम ओझा | लेखक स्वयं | |
| १९ | **पनेरुको इतिहास** | | तारादत्त पनेरु | लेखक स्वयं | |
| २० | **डोटीक्षेत्रको इतिहास तथा संस्कृति** | इतिहास | डा. देवी प्रसाद ओझा | सु.प. सामाजिक सेवा तथा अनुसन्धान समिति, महेन्द्रनगर | |
| २१ | **सुदूर पश्चिममा जनचेतनाको विकास र २००७ सालको क्रान्तिको इतिहास** | ” | ” | ” | |

# परिच्छेद तीन

## ३.१ सुदूर पश्चिमाञ्चलमा क्रियाशील साहित्यकारहरुः-

भाषा, साहित्य, कला र संस्कृतिको सम्पन्न तथा लोकसाहित्यको भण्डारको रुपमा रहेको सुदूर पश्चिम विकास क्षेत्र प्रशिद्ध साहित्यकारहरुको जन्मभूमि हो । नेपाली साहित्यका प्रथम दुखान्त नाटककार पहलमानसिंह स्वाँर, मानवतावादी व्यक्ति तथा नेपाली भाषाका प्रथम बैयाकरण जयपृथ्वीबहादुर सिंह, क्रान्तिकारी कवि एन.डी. प्रकाश चटौत, डोटेली लोकसाहित्यका प्रथम अध्यता देवकान्त पन्त, आञ्चलिक उपन्यासकार नृपबहादुर स्वाँर, राष्ट्रियरुपमा प्रख्यात साहित्यकार लोकेन्द्रंबहादुर चन्द, डा. डी.पी. भण्डारी महेशविक्रम शाह, भाउपन्थी, डा. जयराज पन्त, महादेव अवस्थी, आनन्ददेव भट्ट, ललिजन रावल जस्ता तमामौं साहित्यकारहरुले सुदूर पशिचमको गौरव बढाएका छन्, भने सुदूर पश्चिममै बसेर साहित्य साधना गर्ने यज्ञराज जोशी "यात्री", श्रेष्ठप्रिया पत्थर, पदमराज जोशी, भालचन्द भण्डारी, निर्मलकुमार भण्डारी, बासुदेव भाइसाव, आत्माराम ओझा, मनिराज जोशी, वासुदेव पाण्डेय, रामलाल जोशी, टी.एन. जोशी, हेमन्ती जोशी, दीपा ऐर "उदासी", रामनाथ अधिकारी, आत्माराम ओझा, कल्यान ओझा, दिव्य सागर साउँद, अशोक बोहरा, मेघनाथ खनाल, पुष्करराज भट्ट, जस्ता सयौं स्रष्टाहरुले सुदूर पशिचमको साहित्यलाई माथि उठाउन उल्लेखनीय भूमिका निर्वाह गरिरहेका देखिन्छन् ।

***सुदूर पशिचममा साहित्यका विभिन्न विद्यामा क्रियाशील साहित्यकारहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :-***



**१. पहलमानसिंह स्वाँर (वि.स. १९३५-१९९१)**

**जन्मः** वि.स. १९३५ मंसिर ६ गते

**जन्मस्थानः** अछाम जिल्लाको रिडीकोट

**पिता माता :** लछुसिंह स्वाँर र डिकुरादेवी

**शिक्षाः** सामान्य

**लेखन आरम्भः** वि.स. १९५२ मा राणाशासनबाट लखेटिएपछि भारतको सिंघाहीमा बसेर लेखनको सुरुवात

**प्रथम रचनाः** वि.स. १९५६ मा “अङ्केन्दुशेखर” नामक कृति बनारसबाट प्रकाशन गरी साहित्यमा प्रवेश

**विद्यागत योगदानः** नाटक, कविता, उपन्यास, निवन्ध र अन्य लेख

**विशेष योगदानः** नेपाली साहित्यमा पहिलो पटक मौलिक र दुखान्त नाटक **अटलबहादुर**को रचना गरी प्रथम दुखान्त नाटककार । माध्यमिककालीन एक महत्वपूर्ण कवि

**प्रकाशित कृतिहरुः** अटलबहादुर (नाटक) लालुभागा (नाटक) विमलादेवी (नाटक) जगतसिंह (नाटक) विष्णुमाया (नाटिका) रत्नावली नाटक अङकेन्दु शेखर (काव्य) प्रेमामृतवचन संग्रह (कविता) अछामका चाडपर्व (कविता) खोरहस्य (कविता) किस्किन्धा काण्ड (काव्य) एकलाख रुपैयाँको चोरी (उपन्यास) के सन्तोष राख्न चाहिन्छ (निबन्ध) आदि ।

**मृत्युः** वि.स. १९९१ साल बैशाखमा, कैलालीको पहलमानपुर आमबासामा ।

## २. जयपृथ्वीबहादुर सिंह



श्री जयपृथ्वीबहादुरसिंह (१९३५-१९९७)

**जन्मः** वि.स. १९३४-१९९७

**जन्मस्थानः** बझाङ्ग

**माता पिताः** खगेश्वरी देवी र विक्रमबहादुर सिंह

**शिक्षाः** अंग्रेजी साहित्यमा प्रथम स्नातक

**लेखन आरम्भः** वि.स. १९५० देखि

**प्रथम प्रकाशित कृतिः** अक्षरमाला


**विद्यागत लेखन र योगदानः** भाषा, व्याकरण, कविता र अन्य

**विशेष योगदानः** गोरखापत्र (१९५८) का प्रथम सम्पादक, मानवतावादी दर्शनका प्रवर्तक, अन्तर्राष्ट्रिय मानतावादी संघको स्थापना

**प्रकाशित कृतिहरुः** अक्षरमाला, प्राकृत व्याकरण, बालबोध (भाषा-व्याकरण) बालभजन-माला, तत्व प्रशंसा (कविता) भूगोल विद्या, “पदार्थ तत्व विकेक” आदि

**मृत्युः** वि.स. १९९७ बैङलौर, भारत

## ३. देवकान्त पन्त (वि.स. १९९३-२०५७)



**जन्म**: वि.स. १९९३ आषाढ २८ गते

**जन्मस्थान**: उच्चाकोट, डोटी

**माता पिता**: त्रिपुरासुन्दरीदेवी र डा. लक्ष्मीकान्त पन्त

**शिक्षा**: नेपालीमा एम.ए.

**लेखन आरम्भ**: वि.स. २०१२ देखि

**प्रथम प्रकाशित रचना**: सीतास्वयम्ब्र (काव्य) २०२७

**विद्यागत योगदान**: कविता, काव्य र लोकसाहित्य

**विशेष लेखन र योगदान**: डोटेली लोकसाहित्यका प्रथम अध्यता **डोटेली लोकसाहित्य एक अध्ययन**को लेखन-प्रकाशन ।

**प्रकाशित कृतिहरु**: कविता काव्य-सीतास्वयम्बर (२०२७), शिवमंगल विवाह २०२७, जय नेपाल २०३६, शान्तिक्षेत्र नेपाल २०४०, नेपाली तीज कथा लोकसाहित्य-डोटेली लोकसाहित्य एक अध्ययन २०३२

**सम्मान/पुरस्कार**: साझा पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार

**मृत्यु**: २०५७ फागुन २८ गते ।

## ४. एन.डी प्रकाश चटौत

**नाम**: स्व. नारायाणि  दत्त चटौत

**उपनाम**: एन.डी प्रकाश चटौत

**जन्म**: वि.स. १९८६

**जन्मस्थान**: बगरकोट गाविस डुङरी, डडेल्धुरा

**पिता/माता**: स्व. देवीप्रकाश चटौत, स्व. गुनकेशरी चटौत

**शिक्षा**: आइ.ए.

**प्रकाशित रचना**: रचना प्रकाश, एन.डी प्रकाशका कालजयी कविताहरु

**विद्यागत योगदान**: कविता विद्यामा

## ५. नृपबहादुर स्वाँर (वि.स. १९८३-२०६२)

**जन्म:** वि.स. १९८३ कार्तिक २० गते
**जन्मस्थान:** रिडिकोट, अछाम
**पिता माता:** पदमबहादुर स्वाँर, मैनाकुमारी स्वाँर
**शिक्षा:** आइ.ए.
**विद्यागत योगदान:** कविता, उपन्यास र यात्रासंस्मरण
**प्रकाशित कृतिहरु:** सेतीको मन्दिर (कविता) गोठाले ठिटो (कविता) कुसुमी (उपन्यास) चिनु (उपन्यास), कथाव्यथा (उपन्यास) देशभित्र-देशबहिर (यात्रासंस्मरण) स्वाँरको चिनारी (वंशावली)
**मृत्यु:** २०६२ साल मंसिर २२ गते, कैलाली



## ६. खडगबहादुर सिंह (वि.स.१९८८-२०३५)

**जन्म:** वि.स. १९८८ कार्तिक
**जन्मस्थान:** अलाड, तत्कालीन डोटी
**पिता/माता:** केशरबहादुर सिंह, कल्याणी सिंह
**शिक्षा:** स्वाध्ययन
**विद्यागत योगदान:** उपन्यास
**प्रकाशित कृतिहरु:** विद्रोह भाग १ र २, हुरीको चरा (उपन्यासहरु)
**विशेष योगदान:** पञ्च्यातकालीन गृहमन्त्री (राजनीति र साहित्य दुवैक्षेत्रमा)



## ७. देवी प्रसाद ओझा (वि.स. १९९६-२०६२)

**जन्म:** वि.स. १९९६ श्रवण-१०
**जन्मस्थान:** बमराडा गाउँ, बैतडी
**पिता/माता:** रामचन्द्र ओझा, मानमती ओझा
**शिक्षा:** राजनीतिशास्त्रमा विद्यावारिधि
**विद्यागत योगदान:** कविता, इतिहासलेखन, समालोचना, निबन्ध, यात्रासंस्मरण
**प्रकाशित कृतिहरु:** कोतपर्व, खण्डकाव्य, शहीद दशरथ चन्दको जीवनी, डोटी क्षेत्रको इतिहास, र संस्कृति, कैलाश मानसरोबर यात्रा, सुदूर पश्चिममा जनचेतनाको विकास र २००७ सालको क्रान्ति, सु.प. मा साहित्य र साहित्यकार आदि
**विशेष योगदान:** प्रमुख जिल्ला अधिकारी भई कार्य गरेको, नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य
**मृत्यु:** २०६२ जेष्ठ २७ गते महेन्द्रनगर, कञ्चनपुर


## ८. लोकेन्द्रबहादुर चन्द

**उपनाम:** श्रीलोचन
**जन्मस्थान:** बासुलिङ्ग-१ कुरकुटिया, बैतडी
**हालको ठेगाना:** लोकन्थली, भक्तपुर
**पिता/माता:** स्व. महावीर चन्द, स्व. लक्ष्मी चन्द
**शिक्षा:** वि.ए.,एल.एल.वी.
**क्रियाशील विद्या:** कथा, नाटक, निबन्ध
**प्रकाशित कृति संख्या:** ७ वटा
**कृतिको नाम र विधा:** १) बाह्रौ खेलाडी (निबन्ध) २) हिउँको तन्ना (कथा) ३) आख्यान (कथा) ४) विसर्जन (कथा) ५) इन्द्र धनुष (कविता) ६) अपरिचित (कविता) ७) गाउँघरतिर (नाटक) ८) नेताका साथी (नाटक)
**मनपर्ने साहित्यिकार:** सम, देवकोटा, घिमिरे

## ९.दुर्गाप्रसाद भण्डारी

**उपनाम:** डी.पी. भण्डारी
**जन्ममिति:** वि.स. १९९२ भाद्र १५
**जन्मस्थान:** निरौली, डोटी
**हालको ठेगाना:** काठमाडौं, वानेश्वर
**पिता/माता:-** कुञ्जरमणि भण्डारी/इन्दिरा भण्डारी
**शिक्षा:** अंग्रेजी साहित्यमा विद्यावारिधि
**क्रियाशील विधा:** निबन्ध
**प्रकाशित कृति संख्या:** २
**कृतिको नाम र विद्या:** क) मृगस्थली (निबन्ध) ख) नीरो बाँसुरी बजाइरहेछ (निबन्ध)

## १०. महेशविक्रम शाह



**जन्म:** वि.स. २०२२ भाद्र १५
**जन्मस्थान:** कालीमाटी, अछाम
**हालको ठेगाना:** महाराजगंज, काठमाडौं
**शिक्षा:** एम.पि.ए.
**क्रियाशील विधा:** कथा
**प्रकाशित कृति संख्या:** ४
**कृतिको नाम र विधा:** १) सटाहा (कथासंग्रह) २) सिपाहीकी स्वास्नी (कथासंग्रह) ३) आफ्रिकन अमिगो (कथासंग्रह) ४) छापामारको छोरो (कथासंग्रह)

## ११. आनन्ददेव भट्ट

**जन्ममितिः** वि.स. १९९३ आश्विन २५

**जन्मस्थानः** खलङ्गा जुम्ला, पुर्खौली घर बैतडी

**हालको ठेगानाः** कालिकास्थान, काठमाडौं

**पिता/माताः-** स्व.जयदेव भट्ट, स्व. हिरादेवी भट्ट

**शिक्षाः** एम.ए.

**क्रियाशील विद्याः** कविता र समालोचना

**प्रकाशित कृति संख्याः** १७

**कृतिको नाम र विधाः** १) अब हिमालय बोल्छ (कविता) २) गुराँस (कविता) ३) जीवनकै थुम्कोबाट (कविता) ४) उमरखैयामलाई जवाफ (कविता) ५) तिमीलाई देख्दा (कविता) ६)साहिली मैया (कविता), ९७ साल ( कविता) ७) युरी एलेक्स गागरिन (कविता) ८) आमा बोलाउँछिन ( कविता) ९) समालोचनाको बाटोतिर (समालोचना) १०) हाम्रा प्रतिभाहरु (समालोचना) ११) प्रतिभा पहिचान (समालोचना) १२) जनताको साहित्य (समालोचना) १४) जनताको शत्रु (अनुवाद) १५) दृष्टिविन्दु (समिक्षा) १६) जगतको सृष्टि (दर्शन)

**आवद्ध संख्याः** प्रगतिशील लेखक संघ, काठमाडौं

## १२.ललिजन रावल

**जन्ममितिः** वि.स. २०२१ पौष

**जन्मस्थानः** कालिका गाउँ, सुगाली, अछाम

**हालको गेठानाः** घट्टेकुलो, डिल्लीबजार, काठमाडौं

**शिक्षाः** स्नातक


**क्रियाशील विधाः** गजल

**प्रकाशित कृति संख्याः** ५

**कृतिको नाम र विधाः** १) यसपटक पनि (कविता) २) केही गजलहरु (गजल) ३) विरानो यो ठाउँमा (गजल ४) मरुभूमिमाथि (कविता) ५) सिरानीमा आँसु

**आबद्ध साहित्यिक संस्थाः** नेपाल प्रज्ञा-प्रतिष्ठान


**१३.डा. जयराज पन्त**



**जन्ममिति:** वि.स. २०१० चैत्र
**जन्मस्थान:** जिजोडामाडौं ८ जैनोली, डोटी
**हालको ठेगाना:** काठमाडौं ५, हाँडीगाउँ
**पिता/माता:** स्व. दयानीधि पन्त, स्व. राधादेवी पन्त
**शिक्षा:** विद्यावारिधि
**क्रियाशील विद्या:** डोटेली लोकसाहित्य
**प्रकाशित कृति संख्या:** ७
**कृतिको नाम र विधा:** १) अंजुलीभरि सगुन पोल्टाभरि फाग (लोकसाहित्य) २) डोटेली धमारी गीत एक अध्ययन (लोकसाहित्य) ३) मस्टा परम्परा र त्यसका गीतहरु (लोकसाहित्य) ४) डेउडा (लोकसाहित्य) ५) डोटेली गौरापर्वका गीत र गाथाहरु (लोकसाहित्य) ६) डोटेली भो पर्वका गीत र गाथाहरु ७) शैलेश्वरी महात्म्य र त्यसका गीतहरु (लोकसाहित्य)
**पेशा:** प्राध्यापन
**आबद्ध साहित्यिक संस्था:** नेपाल सांस्कृति प्रतिष्ठान, काठमाडौं

**१४. आर.डी.प्रभास चटौत**
**जन्ममिति:** १९९३ चैत्र
**जन्मस्थान:** रनागाउँ डुङ्गरी, डडेल्धुरा
**हालको ठेगाना:** बानेश्वर, काठमाडौं
**पिता/माता:** स्व. विश्वेश्वर चटौत, स्व. बेलु चटौत
**शिक्षा:** एम.ए.
**क्रियाशील विधा:** कविता, कथा, भाषा
**कृतिको नाम र विधा:** १) लुकेर हेरुँ कि (कविता संग्रह) २) जीवनका घडीपला (कविता संग्रह) ३) पोखरा (कविता संग्रह) ४) एउटा स्वर (कविता संग्रह) ५) महामानव वी.पी. कोइराला (कविता संग्रह) ६) प्रभासका कविताहरु ७) बुढाको भैसक्यो बास (कविता) ८) मेरो मृत्युमा (कविता) ९) चटौत सुक्तिसुधा (कविता) १०) प्रभास नीति संहिता (कविता) ११) लडाइको मैदानबाट (कथा संग्रह) १२) वृहत डोटेली शब्दकोष (शब्दकोष)

## १५. **यज्ञराज जोशी**



**उपनामः** "यात्री"
**जन्मस्थान र मितिः** गडसेरा-४, वस्तीगाउँ, डोटी
**हालको ठेगानाः** धनगढी न.पा.-७, देवहरिया,कैलाली
**पिता/माताः** स्व.वीरभद्र जोशी र नर्मदादेवी जोशी
**शिक्षाः** एम.ए.
**क्रियाशील विधा** : कविता काव्य
**प्रकाशित कृति संख्या** : १२ (बाह्र)

**कृतिको नाम र विधाः** १) नेपालका लाल (कवितासंग्रह) २) मातृभूमि नेपाल (कवितासंग्रह)
३) आमाको महिमा (कवितासंग्रह) ४) विष्णुदास (कवितासंग्रह)
५) आस्था (कवितासंग्रह) ६) गुनासो (कवितासंग्रह)
७) भगवती बन्दना (कवितासंग्रह) ८) शारदीपुष्प (कवितासंग्रह)
९) केदार स्तुति (कवितासंग्रह) १०) भक्त र भगवान (कवितासंग्रह)
११) मेरो नेपाल दर्शन (यात्रास्मरण) १२) नारी (निबन्ध संग्रंह)

**आवद्ध साहित्यिक संस्था :** सुदूर पश्चिमाञ्चल साहित्य समाज, धनगढी कैलाली,
कैलाली जनपुस्तकालय धनगढी, कैलाली


## १६. पूर्णानन्द भट्ट

**जन्मस्थान र मिति** : वडाखेत डोटी, वि.स. १९९०
**हालको ठेगाना** :कृष्णपुर गा.वि.स.,कञ्चनपुर
**शिक्षा** :स्वाध्ययन
**क्रियाशील विधा** :कविता काव्य
**प्रकाशित कृति संख्या :** १२ ( बाह्र)
**कृतिको नाम र विधाः** १)अभिसाप (खण्डकाव्य) २) आर्तनाद (खण्डकाव्य) ३) वनदेवी (खण्डकाव्य) ४) गाउँकला (खण्डकाव्य) ५) प्रजातन्त्र बालक (खण्डकाव्य) ६) शान्तिमन्दिर (खण्डकाव्य) ७) डोटेली लोकलहर (गीतिकाव्य) ८) कविता तरङ्ग (कवितासंग्रह) ९) विलापी (खण्डकाव्य) १०) विलापी २ (खण्डकाव्य) ११) नानो जात्क (गीतिकाव्य) १२) शान्तिविज्ञान (महाकाव्य)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिमाञ्चल साहित्य समाजको आजीवन सदस्य
नेपाल लेखक संघको केन्द्रीय उपाध्यक्ष

## १७. हरिप्रिया श्रेष्ठ



**उपनाम** : श्रेष्ठप्रिया पत्थर
**जन्मस्थान** : दिपायल सिलगढी न.पा. डोटी
**हालको ठेगाना**: नारायणपुर गाविस सत्ती,कैलाली
**पिता/माता** :पूणमान श्रेष्ठ, कृष्णकुमारी श्रेष्ठ
**शिक्षा**: स्नातक
**क्रियाशील विधा**: उपन्यास र गजल
**प्रकाशित कृति संख्या**: १२ (बाह्र)
**कृतिको नाम र विधा**: १) पतिङ्गर (उपन्यास) २) पुकार (उपन्यास) ३) रङ्गभूमि (उपन्यास) ४) मर्यादा (उपन्यास) ५) कसिङ्गर (उपन्यास) ६) पुनरावृति (उपन्यास) ७) पग्लिएका व्यथाहरु (गजलसंग्रह) ८) पत्थरका प्रलापहरु (गजलसंग्रह) ९) आँसको सौगात (गजलसंग्रह) १०) क्रम जारी छ (कवितासंग्रह) ११) एउटा अर्कैबाटो (कथासंग्रह) १२) सम्यक दृष्टि (भूमिका संग्रह)
**आवद्ध साहित्यिक संस्था** :सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी,
सुदूर पश्चिमाञ्चल गजल मञ्चधनगढी,
भानु पुस्तकालय सत्ती, कैलाली, नेपाल राष्ट्रिय गजल प्रतिष्ठान



## १८.पद्मराज जोशी

**उपनाम** : "प्रभात"
**जन्मस्थान** :पोखरी १, देउरामहल,डोटी
**हालको ठेगाना** :धनगढी न.पा.२,कैलाली
**पिता/माता** :स्व. सहदेव जोशी, विष्नादेवी जोशी
**शिक्षा** :स्नातकोत्तर
**क्रियाशील विधा** :कथा, उपन्यास र लोकसाहित्य
**प्रकाशित कृति संख्या**: ४ ( चार)
**कृतिको नाम र विधा** :१) नामसारी (कथासंग्रह) २) गौरापर्व एक परिचय (लोकसाहित्य) ३) सु.प.को समाज र लोकसंस्कृति एक झलक (लोकसाहित्य) ४) पहाडकी सौराई ( उपन्यास)
**आबद्ध साहित्यिक संस्था**: सुदूर पश्चिमाञ्चल साहित्य समाज-पूर्व अध्यक्ष
कैलाली जनपुस्तकालयको सदस्य,
नेपाली लोकसंस्कृति प्रतिष्ठानको अध्यक्ष
नेपाल लेखक संघक केन्द्रीय सदस्य

## १९. रामलाल जोशी



**उपनाम** :बन्दीखाम, बालजीवन, सन्ध्याविहानी
**जन्मस्थान** :कानाचौर गाविस-७, डोटी
**हालको ठेगाना**: धनगढी न.पा. ५, हसनपुर, कैलाली
**सम्पर्क फोन नं.**: ०९१-५२३८८१
**पिता/माता** :स्व.हरिभक्त जोशी, तुलसादेवी जोशी
**शिक्षा** :स्नातकोत्तर
**क्रियाशील विधा** :गजल, कविता
**प्रकाशित कृति संख्या** : १ (एक)
**कृतिको नाम र विधा** :हत्केलामा आकाश (गजलसंग्रह)
**आबद्ध साहित्यिक संस्था**: सुदूर पश्चिमाञ्चल साहित्य समाज, धनगढी-अध्यक्ष,
कैलाली जनपुस्तकालय-सदस्य,
नेपाल साहित्यकार संघ-सु.प. क्षेत्रीय संयोजक

## २०.वासुदेव भट्ट

**उपनाम** : भाइसाव
**जन्मस्थान** :पल्लाचौडली, बैतडी
**हालको ठेगाना** : महेन्द्रनगर-१८ कटान
**पिता/माता** :जयराज भट्ट, द्वारिकादेवी भट्ट
**शिक्षा** : एम.ए. सम्म अध्ययन
**क्रियाशील विधा** :लोकसाहित्य
**कृतिको नाम र विधा** : १) डोके (कवितासंग्रह) २) दु:खी गीतिकथा (गीतिकाव्य)
३) गोरा चैतालो (नाटिका) ४) भरियादाइ (यात्रासंस्मरण)
५) संस्मरण (उपन्यास) ६) सफर (उपन्यास)
७) निगालाका छतरीहरु (उपन्यास) ८) डोटेली कोश (लोकोक्ति)
९) माघी (नाटक) १०) खुद्यौडाका दन्त्यकथा (लोककथा)
**आवद्ध साहित्यिक संस्था** :महाकाली साहित्य संगम कञ्चनपुरको अध्यक्ष
सु .प. साहित्य समाजको आजीवन सदस्य

## २१. भालचन्द्र भण्डारी



**उपनाम** :ब्रह्मगोल
**जन्मस्थान र मिति** :गड्सेरा, डोटी वि.स. २००६ साल
**हालको ठेगाना** :धनगढी न.पा. ५,कैलाली
**पिता/माता** :स्व.रामचन्द्र भण्डारी, स्व. नर्मदादेवी भण्डारी
**शिक्षा** :प्रवेशिका
**पेशा** :अध्यापन
**क्रियाशील विधा** :कविता
**प्रकाशित कृति** :२ ( दुई)
**कृतिको नाम र विधा** :१)सुभद्रा (खण्डकाव्य) २) जयनेपाल (कवितासंग्रह)
**आवद्ध साहित्यिक संस्था** :सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी-सल्लाहकार
कैलाली जनपुस्तकालय धनगढी -सल्लाहकार
नेपाली लोकसंस्कृति प्रतिष्ठान धनगढी -उपाध्यक्ष


## २२. निर्मलकुमार भण्डारी

**उपनाम** :भ्रमित
**जन्मस्थान र मिति** :जोरायल डोटी,वि.सं.२०१३ साल
**पिता/माता** :भानदत्त भण्डारी, धर्मादेवी भण्डारी
**शिक्षा** :प्रविणता प्रमाणपत्रतह
**क्रियाशील विधा** कविता
**प्रकाशित कृति संख्या** : ५ (पाँच)
**कृतिको नाम र विधा** :१) कर्तव्यबोध सन्देश (कविता) २) चेलीबेटीको वहव्यथा र विलौना (कविता) ३) सावधान नयाँ युग आउँदैछ (कविता) ४) आरोग्य सन्देश शतक (कविता) ५) वीरेन्द्र शोककाव्य (कविता)
**आबद्ध साहित्यिक संस्था** :सुदूरपश्चिमाञ्चल साहित्य समाज धनगढीको आजीवन सदस्य
कैलाली जनपुस्तकालय धनगढीको आजीवन सदस्य

## २३. टी.एन.जोशी



**उपनाम** : किशोर
**जन्मस्थान र मिति** :जोगबुढा-१ डडेल्धुरा, वि.स. २०३४ साल
**हालको ठेगाना** :धनगढी न.पा.२, कैलाली
**पिता/माता** :केशवराज जोशी, महेश्वरीदेवी जोशी
**शिक्षा** :स्नातकोत्तर (नेपाली)
**पेशा** :प्राध्यापन , पत्रकारिता
**क्रियाशील विधाः** गजल
**प्रकाशित कृति संख्या** : १ (एक)
**कृतिको नाम र विधा** :१) देश रोएका बेला (गजलसंग्रह)
**आबद्ध साहित्यिक संस्थाः**सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी-उपाध्यक्ष
कैलाली जनपुस्तकालय धनगढी-सचिव
छन्द्र प्रतिष्ठान धनगढी -सचिव
भाषा संस्कृति परिषद् धनगढी-अध्यक्ष



## २४.आत्माराम ओझा

**जन्मस्थान र मितिः** दशरथचन्द न.पा. बमराडी बैतडी-
वि.स. १९८७
**हालको ठेगानाः** भीमदत्त नगरपालिका ३, आनन्दटोल, कञ्चनपुर
**पिता/माताः** रामचन्द्र ओझा, मानमतीदेवी ओझा
**शिक्षाः** स्वाध्ययन
**क्रियाशील विद्याः ना**टक र कविता
**प्रकाशित कृति संख्याः ५** (पाँच)
**कृतिको नाम र विधाः** १) उषा अनिरुद्ध नाटक २) देवस्तुती (कविता ३) प्रजातन्त्र सुकृति-विकृति शतक (कविता) ४) रामायण श्लोकवद्ध कविता) ५) विविधा (कविता)
**आबद्ध साहित्यिक संस्थाः** सु.प. साहित्य समाज-आजीवन सदस्य,
महाकाली साहित्य संगम-आजीवन सदस्य

## २५.मनिराज जोशी



**जन्मस्थान र मितिः** गाँजरी, डोटी, वि.स. २०१२ साल
**हालको ठेगानाः** धनगढी न.पा. १, कैलाली
**पिता/माताः** स्व. धर्मराज जोशी, जसुदा जोशी
**शिक्षाः** स्वाध्ययन
**क्रियाशील विधाः** कविता काव्य
**प्रकाशित कृति संख्याः** ९
**कृतिको नाम र विधाः** १) सरिता- (खण्डकाव्य) २) द्योली (खण्डकाव्य) ३) आनन्दगीता (कवितासंग्रह) ४) बेहडाबाबाको उत्पति र महिमा (कवितासंग्रह) ५) बालज्योतिसार (कवितासंग्रह) ६) विनोदानन्दमणी (खण्डकाव्य) ७) अमरसाधक महलमानसिंह स्वाँर (महाकाव्य) ८) दशरथ चन्द (महाकाव्य) ९) दुइलाखको अर्ती (कथासंग्रह)

## २६. खगेन्द्र गिरी




**उपनामः** कोपिला
**जन्मस्थान र मितिः** छतरादेवस्थल, बाजुरा, वि.स. २०२० साल
**हालको ठेगानाः** धनगढी १, पशुपति टोल कैलाली, हाल-नेपालगञ्ज
**पिता/माताः** स्व. दशरथ गिरी, स्व. कमला गिरी
**शिक्षाः** स्नातक
**क्रियाशील विधाः** गजल
**प्रकाशित कृति संख्याः** ४ (चार)
**कृतिको नाम र विधाः** १) उस्तै उस्तै नदीका उस्तै उस्तै छालहरु (गजलसंग्रह) २) व्यग्र चाँदनी (गजलसंग्रह) ३) राग बसुन्धरा (गजलसंग्रह) ४) आफ्नै छाल आफ्नै किनारा (मुक्तक संग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिमाञ्चल साहित्य समाज, धनगढी,
सुदूर पश्चिम गजल मंच धनगढी,
मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान-नेपालगंज
**पेशाः** कृषि विकास बैंकमा नोकरी

## २७.दिनानाथ बराल



**उपनाम** ममनिरधि
**जन्मस्थान र मितिः** गाउँशहर गाविस ओख्ले, लमजुङ्ग, वि.स. १९९५ साल
**हालको ठेगानाः** त्रिभुवनवस्ती २, पुनवार्स, कञ्चनपुर
**पिता/माताः** ऋषिराम बराल, रमादेवी बराल
**शिक्षाः** स्वाध्ययन
**प्रकाशित कृति संख्याः** ९ (नौ)
**क्रियाशील विधाः** कविता
**कृतिको नाम र विधाः** १) लमजुङ्गको माया (कवितासंग्रह) २) पञ्चवेणी भावना ( कवितासंग्रह) ३) मानव दर्शन (कवितासंग्रह) ४) चिन्तनको चौतारी (कवितासंग्रह) ५) सुदूरको घेरोभित्र (कवितासंग्रह) ६) कंचनजङघाको पीडा (कवितासंग्रह) ७) शान्तिको कामना र समस्यापूर्ति (कवितासंग्रह ८) मेधावी सोमदत्त (खण्डकाव्य) ९) पञ्चशील उद्वेग (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी-आजीवन सदस्य, महाकाली साहित्य संगम कञ्चनपुर-आजीवन सदस्य, छन्द प्रतिष्ठान धनगढी-आजीवन सदस्य, भाषा संस्कृति परिषद् आजीवन सदस्य



## २८.स्व. महादेव भट्ट

**जन्मस्थान र मितिः** बडाखेत, डोटी वि.स. १९९० साल
**हालको ठेगानाः** कृष्णपुर ४ मौवाफाँटा कञ्चनपुर
**पिता/माताः** स्व. धर्मदेव भट्ट, विष्णुदेवी भट्ट
**शिक्षाः** संस्कृत मध्यमा
**क्रियाशील विधाः** कविता संग्रह
**प्रकाशित कृति संख्याः** ३
**कृतिको नाम र विधाः** १) तत्वबोध रामायण (महाकाव्य) २) युगसंक्रमण (खण्डकाव्य) ३) विश्व दीपक संस्कार (कविता)
**मृत्यु** :- २०६६ साल

## २९. मानबहादुर सिंह



**उपनाम:** पहाडी
**जन्मस्थान र मिति:** सैनपसेला ६ बझाङ्ग,
वि.स. १९९८ साल
**हालको ठेगाना:** धनगढी ५, कैलाली
**पिता/माता:** वीरबहादुर सिंह, चन्द्रकलादेवी सिंह
**शिक्षा:** स्वाध्ययन
**प्रकाशित कृति संख्या:** ११ (एघार)
**क्रियाशील विधा:** कविता
**कृतिको नाम र विधा:** १) मान्छे चोला आयो कलि (कविता) २) गोर्खे चैत (कवितासंग्रह) ३) थली (कवितासंग्रह) ४) पहाडी (गीतसंग्रह) ५) पत्नी वियोग र धर्मी पापी (कवितासंग्रह) ६) फुटकर रचनाहरु कवितासंग्रह ७) कृषक र कृषि कवितासंग्रह ८) सिद्धनाथ एवं पूर्णगिरी महात्म्य (कवितासंग्रह) ९) संस्कृति एवं लोकगीत संग्रह १०) डेउडा गीत संग्रह (कवितासंग्रह) ११) भजन कीर्तन (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्था:** सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी

## ३०. हर्षप्रसाद भट्ट

**जन्मस्थान र मिति:** घुङुरकोट अछाम, वि.स. २००५ साल
**हालको ठेगाना:** घुङुरकोट, गाविस. कुमाईस्थान अछाम
**पिता/माता:** खगेन्द्रप्रसाद भट्ट, डम्बरी देवी भट्ट
**शिक्षा:** शास्त्री
**क्रियाशील विधा:** कविता
**प्रकाशित कृतिको संख्या:** ६
**कृतिको नाम र विधा:** १) मेरोकल्पना (कवितासंग्रह) २) हिमाली सन्देश (कवितासंग्रह) ३) दुई थोपा आँसु (कवितासंग्रह) ४) अछाम रुदैछ (कवितासंग्रह) ५) प्याउली गुलाव (कवितासंग्रह) ६) दरबारको आत्मकथा (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्था:** सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी

## ३१. मिहिलाल उपाध्याय

**उपनामः** "पुष्प"
**जन्मस्थान र मितिः** चमाराचौतारा ४, डोटी वि.स. २०१० साल
**हालको ठेगानाः** धनगढी न.पा. २, कैलाली
**पिता/माताः** स्व. नन्दराम उपाध्याय, हरिदेवी उपाध्याय
**शिक्षाः** स्नातक
**क्रियाशील विधाः** कविता यात्रासंस्मरण
**प्रकाशित कृति संख्याः** ३
**कृतिको नाम र विधाः** १) कसम यो माटोको (कवितासंग्रह) २) बदलाको प्रेरणा (कवितासंग्रह) ३) कैलाश मानसरोबर (यात्रासंस्मरण)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिमाञ्चल साहित्य समाज, धनगढी

## ३२. कृष्णदत्त चटौत

**उपनामः** "कान्त"
**जन्मस्थान र मितिः** चिपुर गा.वि.स. ५, बेलीपुर डडेल्धुरा
वि.स. २००४ साल
**हालकोको ठेगानाः** सुडा गाविस १, कञ्चनपुर
**पिता/माताः** पतिराम शर्मा चटौत, जमुनादेवी चटौत
**शिक्षाः** स्नातक (साहित्य शास्त्री)
**क्रियाशील विधाः** कथा र कविता
**प्रकाशित कृति संख्याः** ४
**कृतिको नाम र विधाः** १) गुनासो (कथासंग्रह) २) अस्तालचलको सूर्य (कथासंग्रह) ३) मल्लो बाटो (उपन्यास) ४) कविताकान्तका केही कविता (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** महाकाली साहित्य संगम कञ्चनपुर

## ३३. कृष्णदत्त पनेरु

**उपनाम:** कृष्ण "वञ्चित"
**जन्मस्थान र मिति:** सिम भुत्यु डडेल्धुरा वि.स. १९९८ मा
**हालको ठेगाना:** मालाखेती अत्तरिया, कैलाली
**पिता/माता:** स्व. हरिदत्त पनेरु, स्व. कौसिलादेवी पनेरु
**शिक्षा:** पूर्वमध्यमा (संस्कृत व्याकरण)
**पेशा:** शिक्षण
**क्रियाशील विधा:** गजल र कविता
**प्रकाशित कृति संख्या:** २
**कृतिको नाम र विधा:** १) विसौनी (कवितासंग्रह) २) बञ्चितका रचना (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्था:** सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढी- आजीवन सदस्य, सुदूर पश्चिमाञ्चल गजल मञ्च- आजीवन सदस्य, प्रतिभा पुस्तकालय अत्तरिया- आजीवन सदस्य

## ३४.दीनानाथ भट्ट

**जन्मस्थान र मिति:** गडसेरा, ९ डोटी, वि.स. १९९५ साल
**पिता/माता:** स्व. लोकनाथ भट्ट, स्व. केशरीदेवी भट्ट
**शिक्षा:** संस्कृत मध्यमा
**क्रियाशील विधा:** कविता
**प्रकाशित कृति संख्या:** १
**कृतिको नाम र विधा:** १) दीनानाथका रचनाहरु (कविता)
**आबद्ध साहित्यिक संस्था:** सुदूर पश्चिममाञ्चल साहित्य समाज, धनगढी-सल्लाहकार, कैलाली जनपुस्तकालय धनगढी- अध्यक्ष, छन्द प्रतिष्ठान धनगढी- सल्लाहकार

## ३५. पुष्करराज भट्ट




**उपनाम**: एकलव्य
**जन्मस्थान र मितिः** दशरथचन्द न.पा. ४, बैतडी, वि.स. २०३२ साल
**हालको ठेगानाः** धनगढी न.पा. ५, कैलाली
**पिता/माताः** गोपालदत्त भट्ट, राधिका भट्ट
**शिक्षाः** स्नातक
**क्रियाशील विधाः** कथा, निबन्ध, गजल
**प्रकाशित कृति संख्याः** ६ (छ)
**कृतिको नाम र विधाः** १) कर्मयोद्धा (कथासंग्रह) २) मुक्तिदूत (कथासंग्रह) ३) आस्था नायकको अवसान (कथासंग्रंह) ४) एकथोपा सागरको (कथासंग्रह) ५) युगधारा निबन्ध संग्रह ६) सुनौलो विहानी (गजलसंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी- आजीवन सदस्य। कैलाली जनपुस्तकालय धनगढी- आजीवन सदस्य, सुदूर पश्चिममाञ्चल गजल मञ्च- आजीवन सदस्य, महाकाली साहित्य संगम कञ्चनपुर, प्रगतिशिल लेखक संघ

## ३६. वासुदेव पाण्डेय

**जन्मस्थान र मितिः** भद्रपुर ९ बनलेक डडेल्धुरा वि.स. २०१४ साल
**पिता/माताः** जगन्नाथ पाण्डेय, मन्दोदरी पाण्डेय
**शिक्षाः** स्नातक
**क्रियाशील विधाः** कविता र लोकसाहित्य
**कृतिको नाम र विधाः** देवकान्त पन्त स्मृतिग्रन्थ (सम्पादक) २) सुरभि (सम्पादक) ३) लोकायन (सम्पादक)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज- सल्लाहकार, कैलाली जनपुस्तकालय धनगढी

## ३७. बद्री शर्मा विनाडी



**उपनामः** जोराघाटी
**जन्मस्थान र मितिः** सातफरी गाविस जोराघाट डोटी,
वि.स. २०१५ साल
**हालको ठेगानाः** धनगढी न.पा. ४, कैलाली
**पिता/माताः** स्व. भीमलाल विनाडी, तुलसी देवी  विनाडी
**शिक्षाः** विद्यावारिधि (डोटेली लोकसाहित्यमा)
**पेशाः** प्राध्यापन
**क्रियाशील विधाः** भाषा, लोकसाहित्य
**प्रकाशित कृति संख्याः** १
**कृतिको नाम र विधाः** १) डोटेली भाषिकाको शब्दकोष
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी- आजीवन सदस्य, महाकाली साहित्य संगम कञ्चनपुर- आजीवन सदस्य

## ३८. स्व. देवराज भट्ट "शर्मा"

**जन्मस्थान र मितिः** श्रीकेदार ७, बैतडी मिति १९९६ साल
**हालको ठेगानाः** भीमदत्त न.पा. ६, कञ्चनपुर
**पिता/माताः** किसनदेव भट्ट, जसुदा भट्ट
**शिक्षाः** स्वाध्ययन
**क्रियाशील विधाः** निबन्ध, नाटक
**प्रकाशित कृति संख्याः** ४
**कृतिको नाम र विधाः** १) अमर सहिद दशरथ चन्द (नाटक) २) समाजवाद र धर्म (निबन्ध) ३) नौलाहितु (उपन्यास) ४) डोटेली व्याकरण (व्याकरण)
**आबद्ध साहित्यिक संस्थाः** महाकाली साहित्य परिवार एवं सु.प. भाषा एवं संस्कृति केन्द्रको पूर्व अध्यक्ष ।

## ३९. दीपा ऐर



**उपनामः** उदासी
**जन्मस्थान र मितिः** ध.न.पा. ६, कैलाली, वि.स. २०४० साल
**हालको ठेगानाः** ध.न.पा. ६, मटियारी, कैलाली
**पिता/माताः** गगन सिंह ऐर, हीरादेवी ऐर
**शिक्षाः** स्नातक
**क्रियाशील विधाः** कविता र गजल
**प्रकाशित कृति संख्याः** ३
**कृतिको नाम र विधाः** १) घामछाँया (गजलसंग्रह) २) तिम्रो आकृति (गीत संग्रह) ३) आँखामा राखिहेर (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल गजल मञ्च, धनगढी-उपाध्यक्ष,
नेपाली भाषा संस्कृति परिषद, धनगढी, कैलाली
जनपुस्तकालय धनगढी, कैलाली-आजीवन सदस्य

## ४०. कल्यान ओझा

**जन्मस्थान र मितिः** बगरकोट ५, सिराड डडेल्धुरा
वि.स. २०२६ साल
**हालको ठेगानाः** भीमदत्त नगरपालिका ३, कञ्चनपुर
**पिता/माताः** स्व. नन्दलाल ओझा, कर्मादेवी ओझा
**शिक्षाः** स्नातक
**क्रियाशील विधाः** कविता काव्य
**प्रकाशित कृति संख्याः** ४
**कृतिको नाम र विधाः** १) पितृवियोग (खण्डकाव्य) २) ए दशै (खण्डकाव्य) ३) घाइते प्रजातन्त्र (कवितासंग्रह ४) टुक्राटाक्री सिएपछि (मुक्तक संग्रह)
**आबद्ध साहित्यिक संस्थाः** महाकाली साहित्य संगम कञ्चनपुर-सदस्य
प्रगतिशिल लेखक संघ सदस्य
कञ्चनपुर, राप्ती महाकाली साहित्य समिति सदस्य कञ्चनपुर

## ४१. मनिराम चौधरी



**उपनामः** विवश चौधरी
**जन्मस्थान र मितिः** उदासीपुर ६ कैलाली,
वि.स. २०३५ साल
**हालको ठेगानाः** उदासीपुर गाविस ६, पृथ्वीपुर, कैलाली
**पिता/माताः** गोकर्णप्रसाद चौधरी, स्व. भुइचाली चौधरी
**शिक्षाः** स्नातक
**क्रियाशील विधाः** कविता, कथा
**प्रकाशित कृति संख्याः** ३
**कृतिको नाम र विधाः** १) विधवा (उपन्यास) २) रसाइल करम (कथासंग्रह) ३) हिमालके मुस्कार (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** विद्यार्थी साहित्य प्रतिष्ठान कैलाली

## ४२. मेघनाथ खनाल

**उपनामः** "बन्धु"
**जन्मस्थान र मितिः** जीतपुर ५, इलाम वि.स. २०१९ साल
**हालको ठेगानाः** धनगढी न.पा. १२, जुगेडा, कैलाली
**पिता/माताः** छविलाल खनाल, षष्टिका खनाल
**शिक्षाः** स्नातकोत्तर (नेपाली)
**क्रियाशील विधाः** कविता, गजल
**प्रकाशित कृति संख्याः** १
**कृतिको नाम र विधाः** १) गजल यात्रा गजलसंग्रह
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिमममाञ्चल साहित्य समाज धनगढी,
कैलाली जनपुस्तकालय धनगढी,
सुदूर पश्चिमममाञ्चल गजल मञ्च धनगढी

## ४३. भोजराज भट्ट



**उपनामः** कल्पित पालुवा
**जन्मस्थान र मितिः** सिलगढी डोटी, वि.स. २०१५ साल
**हालको ठेगानाः** धनगढी न.पा. ५, कैलाली
**पिता/माताः** देवदत्त भट्ट, भागिरथी भट्ट
**शिक्षाः** वि..एल.
**पेशाः** कानून व्यवसाय
**क्रियाशील विधाः** कविता
**प्रकाशित कृति संख्याः** १
**कृतिको नाम र विधाः** १) संसद र सिंहदरबार लिएर फल्दैछ, फुल्दैछ काठमाडौं (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी- आजीवन सदस्य

## ४४. नरेन्द्र प्रसाद भट्ट




**उपनामः** अञ्जान
**जन्मस्थान र मितिः** भुमेश्वर २, बैतडी, वि.स. २०३४ साल
**हालको ठेगानाः** धनगढी, कैलाली
**पिता/माताः** गणेशदत्त भट्ट, मानमती भट्ट
**शिक्षाः** स्नातकोत्तर (नेपाली)
**पेशाः** प्राध्यापन
**क्रियाशील विधाः** कविता
**प्रकाशित कृति संख्याः** १
**कृतिको नाम र विधाः** १) शहीद पुत्र (खण्डकाव्य)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी-आजीवन सदस्य, कैलाली जनपुस्तकालय धनगढी-आजीवन सदस्य

## ४५. नन्दराम पाण्डेय



**उपनामः** नन्दराम पाण्डेय “शास्त्री”
**जन्मस्थान र मितिः** भद्रपुर ९, वनलेक, डडेल्धुरा,
वि.स. १९९९
**हालको ठेगानाः** धनगढी ३, कैलाली
**पिता/माताः** रामचन्द्र पाण्डेय, कलावती पाण्डेय
**शिक्षाः** शास्त्री
**क्रियाशील विधाः** कविता
**प्रकाशित कृति संख्याः** २
**कृतिको नाम र विधाः** १) कृष्ण रुक्मिणी विवाह (खण्डकाव्य) २) जीवनका आयाम (कविता)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी-आजीवन सदस्य

## ४६. खगेन्द्र साउँद



**उपनामः** दिव्यसागर साउँद
**जन्मस्थान र मितिः** धनसिंहपुर गाविस २, कैलाली,
वि.स. २०३३ साल
**हालको ठेगानाः** धनसिंहपुर २, कैलाली
**पिता/माताः** स्व. मनबहादुर साउँद, कुन्तीदेवी साउँद
**शिक्षाः** प्रवेशिका
**क्रियाशील विधाः** गजल
**प्रकाशित कृति संख्याः** २
**कृतिको नाम र विधाः** १) एउटा लहर सागरको (गजलसंग्रह) २) जिलेबीको बोट (बालकथा संग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल गजल मञ्च-पूर्वअध्यक्ष,
भानु पुस्तकालय सत्ती, कैलाली- अध्यक्ष

## ४७. अशोक बोहरा

**उपनामः** असीम पीडा
**जन्मस्थान र मितिः** टीकापुर, कैलाली
वि.स. २०३६ साल
**हालको ठेगानाः** दुर्गौली ६, लायकपुर
**पिता/माताः** मानबहादुर बोहरा, परुदेवी बोहरा
**शिक्षाः** स्नातक
**क्रियाशील विधाः** गजल र कविता
**प्रकाशित कृति संख्याः** ३
**कृतिको नाम र विधाः** १) संयोग वियोग (कविता संग्रह) २) आकंक्षाका तस्वीरहरु (गजल संग्रंह) ३) बाँसुरीका धुनहरु (गजलसंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** मोती साहित्य समाज टीकापुर कैलाली-अध्यक्ष
लेखनाथ साहित्य समाज टीकापुर कैलाली
सुदूर पश्चिममाञ्चल गजल प्रतिष्ठान धनगढी

## ४८. कृष्णसिंह पेला

**जन्मस्थान र मितिः** दशरथचन्द न.पा., कुराला बैतडी,
वि.स. २०२९ साल
**हालको ठेगानाः** धनगढी न.पा. २, कैलाली
**पिता/माताः** लक्ष्मणसिंह पेला, जयमती पेला
**शिक्षाः** स्नातक
**पेशाः** शिक्षण
**क्रियाशील विधाः** गजल
**प्रकाशित कृति संख्याः** १
**कृतिको नाम र विधाः** १) अञ्जुलीमा सागर (गजलसंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदुरपश्चिमाञ्चल साहित्य समाज धनगढी, कैलाली
सुदूर पश्चिममाञ्चल गजल मञ्च धनगढी

## ४९. हेमन्ती जोशी



**जन्मस्थान र मितिः** सिमचौर २, काटै डोटी
**हालको ठेगानाः** धनगढी न.पा. २, कैलाली
**पिता/माताः** काशीनाथ जोशी, सुशिला जोशी
**पेशाः** अध्यापन
**क्रियाशील विधाः** कथा र गजल
**प्रकाशित कृति संख्याः** २
**कृतिको नाम र विधाः** १) प्रतिबिम्ब (कथासंग्रह) २) मनहरु जित्न सके (गजलसंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी -सदस्य
कैलाली जनपुस्तकालय धनगढी-सल्लाहकार
सु.प. गजल मञ्च धनगढी

## ५०. लोकबहादुर चौधरी



**उपनामः** लक्की चौधरी
**जन्मस्थान र मितिः** उर्मा गाविस ४, रामपुर कैलाली
वि.स. २०३५ साल
**हालको ठेगानाः** धनगढी न.पा. ५, कैलाली
**पिता/माताः** जङ्गबहादुर चौधरी, छोकनादेवी चौधरी
**शिक्षाः** स्नातकोत्तर
**क्रियाशील विद्याः** गजल
**प्रकाशित कृति संख्याः** ३
**प्रकाशित कृतिको नाम र विधाः** १) सहीदान (गजलसंगंह) २) अन्तर्भाव (गजलसंग्रह)
३) तिहुवार (सांस्कृतिक कृति)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी,
सुदूर पश्चिमाञ्चल गजल मञ्च धनगढी
नवरत्न साहित्य संगम धनगढी
कैलाली जनपुस्तकालय, धनगढी

## ५१. रामनाथ अधिकारी

**उपनामः** संगी

**जन्मस्थान र मितिः** मिजुरेडाँडा ६, काश्की
वि.स. २००६ साल

**हालको ठेगानाः** फूलवारी गाविस ३, कैलाली

**शिक्षाः** सामान्य

**पेशाः** लेखापढी कानूनी व्यवसाय

**क्रियाशील विद्याः** कविता काव्य

**प्रकाशित कृति संख्याः** ७

**प्रकाशित कृति र विद्याः** १) भीडन्त (चम्पुकाव्य) २) जनआवाज (कवितासंग्रह) ३) छटपटिएका आत्माहरु (लोककाव्य) ४) छेदालाल (शोककाव्य) ५) श्रीस्वस्थानी (महाकाव्य) ६) मनिराज (महाकाव्य) ७) शहीद जनसेनाकी पत्नी (उपन्यास)

**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी-सदस्य
कैलाली जनपुस्तकालय- आजीवन सदस्य
छन्द प्रतिष्ठान धनगढी-सदस्य

## ५२. गणेशदत्त न्यौपाने

**उपनामः** कौडिण्य

**जन्मस्थान र मितिः** स्याम्पा गाविस तनहु वि.स. २००२ साल

**हालको ठेगानाः** पराशन ५, सीतावस्ती, कञ्चनपुर

**पिता/माताः** पिताम्बर न्यौपाने, सीतादेवी न्यौपाने

**शिक्षाः** संस्कृतमा पूर्वमध्यमा

**पेशाः** लेखन, कृषि

**क्रियाशील विद्याः** कविता

**प्रकाशित कृति संख्याः** २

**प्रकाशित कृति र विद्याः** १) आमाको गुनासो र अर्ती (कवितासंग्रह) २) नदीका सुमधुर बचन (कवितासंग्रह)

**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिमाञ्चल साहित्य समाज-आजीवन सदस्य

## ५३. जयराज ओझा

**उपनाम**: अभिलाषी
**जन्मस्थान र मितिः** गडसेरा ६, डोटी
वि.स. २०१४ साल
**हालको ठेगानाः** धनगढी ७, मनेहरा कैलाली
**पिता/माताः** देवदत्त ओझा, हिरादेवी ओझा
**शिक्षाः** शास्त्री (स्नातक)
**पेशाः** शिक्षण
**क्रियाशील विद्याः** कविता
**प्रकाशित कृति संख्याः** १
**प्रकाशित कृति र विद्याः** १) सपना (खण्डकाव्य)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिमाञ्चल साहित्य समाजको डोटी, शाखा अध्यक्ष

## ५४.ज्योतिप्रकाश जोशी

**उपनामः** पण्डित
**जन्मस्थान र मितिः** पौवागढी, छान्ना बझाङ्ग
**हालको ठेगानाः** धनगढी २, कैलाली
**पिता/माताः** लक्ष्मीनारायण जोशी, मेनका जोशी
**शिक्षाः** आयुर्वेदाचार्य
**पेशाः** कृषि
**क्रियाशील विद्याः** कविता
**प्रकाशित कृति संख्याः** १
**प्रकाशित कृति र विद्याः** १) मर्त्याधिकार (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिमाञ्चल साहित्य समाज- आजीवन सदस्य
कैलाली जनपुस्तकालय धनगढी- आजीवन सदस्य

## ५५. टोपेन्द्र शाह

**उपनामः** रसिक
**जन्मस्थान र मितिः** गडसेरा २, डोटी
**हालको ठेगानाः** धनगढी ८, कैलाली
**पिता/माताः** दीर्घबहादुर शाह, लक्ष्मीदेवी शाह
**शिक्षाः** स्नातक
**पेशाः** शिक्षण
**क्रियाशील विद्याः** गजल
**प्रकाशित कृति संख्याः** फुटकर रचनाहरु
**प्रकाशित कृति र विद्याः** १ फुटकर रचनाहरु
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज धनगढी-सदस्य
सुदूर पश्चिममाञ्चल गजल मञ्चधनगढी- अध्यक्ष
कैलाली जनपुस्तकालय धनगढी- सदस्य

## ५६. खेमराज ओझा



**जन्मस्थान र मितिः** न्वादेउ गाविस बैतडी
**हालको ठेगानाः** सुडा गाविस ५, कञ्चनपुर
**पिता/माताः** स्व. परमानन्द ओझा, महादेवी ओझा
**शिक्षाः** आचार्य
**पेशाः** लेखन
**क्रियाशील साहित्यिक विद्याः** कविता काव्य
**प्रकाशित कृति संख्याः** ८
**प्रकाशित कृति र विद्याः** १० परमानन्द (शोककाव्य) २) नेपाल आमा (महाकाव्य) ३) शिखरिणी (महाकाव्य) ४) हिमशिखर (महाकाव्य) ५) थाकेको परानी (दर्शन) ६) कर्मको तन्ना (उपन्यास) ७) फूल बदलियोस एक्काइसो शताब्दी (कवितासंग्रह) ८) लता लकिर (कवितासंग्रह)
**आबद्ध साहित्यिक संस्थाः** महाकाली साहित्य संगम कञ्चनपुर

## ५७. विष्णुभक्त जोशी

**उपनाम:** विष्णुभक्त शास्त्री
**जन्मस्थान र मिति:** चैनपुर गाविस २, कुलाली बझाङ्ग
वि.स. २००५ साल
**हालको ठेगाना:** चैनपुर २, कुलाली बझाङ्ग
**पिता/माता:** नरदेव जोशी, महामती जोशी
**शिक्षा:** शास्त्री
**पेशा:** शिक्षण
**क्रियाशील साहित्यिक विद्या:** कविता
**प्रकाशित कृति संख्या:** ४
**प्रकाशित कृति र विद्या:** १) सुन्यालदेखि बझाङ्गीसम्म (खण्डकव्य) २) चिया चिन्तु (खण्डकाव्य) ३) सुर्मादेवी (खण्डकाव्य) साइपाल (खण्डकाव्य)
**आबद्ध साहित्यिक संख्या:** बझाङ्ग साहित्य मञ्च चैनपुर बझाङ्ग

## ५८. भवानी दत्त चटौत

**उपनाम:** भ.द.शास्त्री
**जन्मस्थान र मिति:** दिव्यावती डुङ्गरी, डडेल्धुरा
वि.स. १९९८ साल
**हालको ठेगाना:** बगरकोट गाविस डुङ्गरी डडेल्धुरा
**शिक्षा:** स्नातक (शास्त्री)
**पेशा:** सरकारी कर्मचारी
**क्रियाशील साहित्यिक विद्या:** कविता
**प्रकाशित कृति संख्या:** ६
**प्रकाशित कृति र विधा:** १) सन्ध्या (कवितासंग्रह) २) भ्रमित (कवितासंग्रह) ३) भानु–भक्ति (खण्डकाव्य) ४) गौरापर्व (लेख) ५) जीवन जिज्ञासा (खण्डकाव्य) ६) भवानी सप्त शप्ती (खण्डकाव्य)
**आबद्ध साहित्यिक संस्था:** महाकाली साहित्य संगम कञ्चनपुर

## ५९.शिवराज योगी

**उपनाम:** "आँसु"
**जन्मस्थल र मितिः** खैराला ३, कैलाली
**हालको ठेगानाः** धनगढी न.पा. ६, कैलाली
**पिता/माताः** प्रेमराज योगी, कोइलीदेवी योगी
**शिक्षाः** स्नातक
**पेशाः** पत्रकारिता
**क्रियाशील साहित्यिक विद्याः** गजल कविता
**प्रकाशित कृति संख्याः** फुटकर रचनाहरु
**प्रकाशित कृति र विद्याः** १) फुटकर रचना प्रकाशित २) विभिन्न पत्रपत्रिका सम्पादन
**आबद्ध साहित्यिक संस्थाः** सुदूर पश्चिममाञ्चल साहित्य समाज- आजीवन सदस्य
नवरत्न साहित्य संगम धनगढी -आजीवन सदस्य
सु.प. गजल मञ्च धनगढी- आजीवन सदस्य



## ६०. ऋचा लुइटेल

**जन्मस्थान र मितिः** झापा, वि.स. २०३८ साल
**हालको ठेगानाः** चौमाला गाविस ५, कैलाली
**पिता/माताः** भवानीशंकर लुइटेल, श्वेता लुइटेल
**क्रियाशील साहित्यिक विद्याः** गजल
**प्रकाशित कृति संख्याः** ४
**प्रकाशित कृति र विद्याः** १) बाँसुरीका धुनहरु (गजलसंग्रह) २) भावनाको यात्रा (गजलसंग्रह) ३) पुष्पलताः कलमका डोबहरुमा (गजलसंग्रह) ४) पग्लिएर घाइते मन (मुक्तकसंग्रह)
**आबद्ध साहित्यिक संख्याः** सुदूर पश्चिममाञ्चल गजल मञ्च- आजीवन सदस्य
नवरत्न साहित्य संगम धनगढी-आजीवन सदस्य

## ६१. वीरबहादुर चन्द

**उपनाम:** विश्राम
**जन्मस्थान र मितिः** तल्लो स्वराड बैतडी
**हालको ठेगाना:** भीमदत्त न.पा. ६, कञ्चनपुर
**पिता/माता:** दुर्गा चन्द, लच्छु चन्द
**शिक्षा:** स्नातकोत्तर
**पेशा:** पत्रकारिता
**क्रियाशील साहित्यिक विद्या:** गजल, भाषा
**प्रकाशित कृति संख्या:** ३
**प्रकाशित कृतिको नाम र विद्या:** १) चौपातो रे मान्स (गजलसंग्रह) २) डोटेली शब्दभण्डार (भाषा) ३) नौलो नेपाला मान्स (कथासंग्रह)
**आबद्ध साहित्यिक संस्था:** महाकाली साहित्य संगम कञ्चनपुर-अध्यक्ष

## ६२. मीनबहादुर थापा

**उपनाम:** मिलन
**जन्मस्थान :** सुँगरखाल गाविस कैलाली
**हालको ठेगाना:** चुहा गाविस ८, माघमारा, कैलाली
**पिता/माता:** दिलबहादु थापामगर, मनिसरादेवी थापामगर
**शिक्षा:** प्रविणता प्रमाणपत्र तह
**पेशा:** नोकरी
**क्रियाशील साहित्यिक विद्या:** गजल
**प्रकाशित कृति संख्या:** २
**प्रकाशित कृतिको नाम र विद्या:** १) मेरा हत्केलाका रेखाहरुको मिलन (गजलसंग्रह) २) तिम्रो प्यार र छुटेको आँचल (गजलसंग्रह)
**आबद्ध साहित्यिक संस्था:** सुदूर पश्चिममाञ्चल गजल मञ्च धनगढी- सदस्य
भानु पुस्तकालय सत्ती कैलाली -आजीवन सदस्य

# परिच्छेद चार

# ४.१ सुदूर पश्चिमाञ्चलमा सक्रिय साहित्यिक संस्थाहरु

सुदूर पश्चिमाञ्चलमा साहित्यको संरक्षण, सम्बर्द्धन विकास र नयाँ प्रतिभाको खोजी गरी साहित्य र साहित्यकारहरुको पक्षमा कार्य गर्ने उद्देश्यले विभिन्न जिल्लामा विभिन्न साहित्यिक संघ संस्थाहरुको स्थापना यहाँका क्रियाशील साहित्यकारहरु र साहित्यप्रेमी व्यक्तिहरुकै संलग्नतामा भएको देखिन्छ । हाल अस्तित्वमा रहेका र क्रियाशील साहित्यिक संघसंस्थाहरुले यहाँका स्रष्टाहरुका कृति प्रकाशनदेखि लिएर विभिन्न कवि गोष्ठी गर्ने, साहित्यिक कार्यक्रम गर्ने, साहित्यकारका जन्मजयन्ती मनाउने, नयाँप्रतिभालाई प्रकाशनमा ल्याउने, पत्रपत्रिका प्रकाशन गर्ने जस्ता कार्यहरु गरी साहित्यको प्रचारप्रसार र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सुदूर पश्चिमाञ्चल साहित्य समाज, महाकाली साहित्य संगम, सुदूर पश्चिमाञ्चल गजल मञ्च, विद्यार्थी साहित्य प्रतिष्ठान, सुदूर पश्चिमाञ्चल साहित्यिक सांस्कृतिक सम्वर्द्धन समिति, नवरत्न साहित्य संगम, वझाङ साहित्य मञ्च, लेखनाथ साहित्य समाज, कैलाली जनपुस्तकालय, नाट्यश्वरी कला केन्द्र जस्ता संघसंस्थाहरु सुदूर पश्चिमाञ्चलमा क्रियाशील रहेका छन् । क्रियाशील साहित्यिक संघसंस्थाको विवरण संकलन र पेश गर्ने क्रममा संस्थाको नाम, दर्ता स्थान, स्थापना मिति, आवद्ध साहित्यकर्मीहरुको संख्या वर्तमान कार्यसमिति, संस्थाको सम्पर्क ठेगाना लगायतका विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.२ कैलाली जनपुस्तकालय धनगढी, कैलाली

**दर्ता स्थानः** जि.प्र.का. कैलाली

**स्थापना मितिः** २०१४ साल

**संस्थापक व्यक्तिहरुः** जानकी विक्रम ज्ञवाली, जनकराज कर्माचार्य, खडगबहादुर सिंह

**कार्यसमितिकोः**

| नाम | पद |
|---|---|
| १. दीनानाथ भट्ट | अध्यक्ष |
| २. यज्ञराज जोशी “यात्री” | उपाध्यक्ष |
| ३. टी.एन. जोशी “किशोर” | सचिव |
| ४. सीताराम भट्ट | सहसचिव |
| ५. प्रेम चन्द | कोषाध्यक्ष |
| ६. रामलाल जोशी | सदस्य |
| ७. गोमा जोशी | सदस्य |
| ८. टोपेन्द्र शाह | सदस्य |
| ९. उमाकान्त जोशी | सदस्य |
| १०. पदमराज जोशी | सदस्य |
| ११. प्रभाकर भण्डारी | सदस्य |

**संस्थाको कार्यालयः** धनगढी न.पा. १, मेनरोड **फोन नं.** ०९१-५२१५३५, मो. ९८४८४२८२२१

## $=# सुदूर पश्चिमाञ्चल साहित्य समाज

**दर्ता स्थान** : जि.प्र.का. कैलाली

**स्थापना मिति** : २०५१ माघ ८

**संस्थापक व्यक्तिहरु** : यज्ञराज जोशी 'यात्री', वासुदेव पाण्डेय, कमलापती जोशी, पद्मकान्त जोशी, मेघनाथ खनाल, दिनानाथ भट्ट, मनिराज जोशी, गुणाकर भट्ट, जीवन जैसी, अग्रबहादुर विष्ट

**आवद्ध सदस्य सङ्ख्या** : १७२ (आजीवन)

**वर्तमान कार्यसमिति** :

| नाम | पद |
|---|---|
| रामलाल जोशी | अध्यक्ष |
| टी.एन. जोशी | उपाध्यक्ष |
| हरिकृष्ण कडायत | सचिव |
| हेमन्ती जोशी | सह-सचिव |
| तीर्थराज पाण्डेय | कोषाध्यक्ष |
| ठाकुरप्रसाद ढुंगेल | सदस्य |
| रामनाथ अधिकारी | सदस्य |
| टंक कुवर | सदस्य |
| हरि क्षेत्री | सदस्य |
| दलबहादुर वोगटी | सदस्य |
| टोपेन्द्र शाह | सदस्य |
| तपराज विनाडी | सदस्य |
| उमाकान्त जोशी | सदस्य |

**संस्थाको कार्यालयः** धनगढी नगरपालिका १, साहित्य मार्ग

**सम्पर्क ठेगानाः** ०९१-५२३८८१, मो. ९७४९००६३९९

## ४.४ महाकाली साहित्य संगम

**दर्ता स्थानः** जि.प्र.का. कञ्चनपुर

**स्थापना मितिः २०४९**

**संस्थापक व्यक्तिहरुः** वासुदेव भाइसाव, बद्री शर्मा विनाडी, कल्यान ओझा, वीरबहादुर चन्द

**आबद्ध सदस्य संख्याः २३१**

**वर्तमान कार्यसमितिः**

| नाम | **पद** |
|---|---|
| १ वीरबहादुर चन्द | अध्यक्ष |
| २. नारा जोशी | उपाध्यक्ष |
| ३. हरिप्रसाद जोशी | महासचिव |
| ४. हेमबाबु लेखक | |
| ५. कल्यान ओझा | |
| ६. पुष्करराज भट्ट | |
| ७. दीनानाथ बराल | |

## ४.५ विद्यार्थी साहित्य प्रतिष्ठान धनगढी, कैलाली

**दर्ता स्थानः** कैलाली

**स्थापना मितिः** २०५५ साल

**संस्थापक व्यक्तिहरुः** रामलाल जोशी, टी.एन. जोशी, नरेन्द्र भट्ट, रामबहादुर बोगटी, ज्योति पन्त, रक्षा ओझा

**आबद्ध सदस्य संख्याः** २०४

**वर्तमान कार्यसमितिः**

| नाम | पद |
|---|---|
| १. दीपेन्द्र भण्डारी | अध्यक्ष |
| २. नन्दराज भट्ट | उपाध्यक्ष |
| ३. शैलेन्द्र रोकाया | सचिव |
| ४. गणेशराज रेग्मी | सहसचिव |
| ५. कल्पित खड्का | कोषाध्यक्ष |
| ६. धुवराज जोशी | सदस्य |
| ७. मञ्जु मिश्र | सदस्य |
| ८. अल्की जोशी | सदस्य |
| ९. ममता अवस्थी | सदस्य |
| १०. लता बडु | सदस्य |
| ११. टंकर सुनार | सदस्य |
| १२. मुकेश सिंह | सदस्य |
| १३. रामप्रकाश राना | सदस्य |

**संस्थाको कार्यालय**

**सम्पर्क ठेगानाः** कैलाली क्याम्पस **सम्पर्क फोन नं.** ०९१-५२१२२३, मो. ९८८४४५६३११

# ४.६ सुदूर पश्चिमाञ्चल गजल मञ्च धनगढी

**दर्ता स्थान** : जि.प्र.का.,कैलाली

**स्थापना मिति** : २०५८ साल

**संस्थापक व्यक्तिहरु** : श्रेष्ठ प्रिया पत्थर, टी.एन.जोशी "किशोर", टोपेन्द्र शाह, मेघनाथ खनाल बन्धु, कृण पनेरु"बञ्चित"

**बर्तमान कार्य समिति**

| **नाम** | **पद** |
|---|---|
| १)टोपेन्द्र शाह "रसिक" | अध्यक्ष |
| २)गोबिन्द अर्याल | उपाध्यक्ष |
| ३)दीपा ऐर उदासी | उपाध्यक्ष |
| ४)निरञ्जन बम "टी.एम." | महा सचिव |
| ५)खगेन्द्र भट्टराई | सचिव |
| ६) अमृता ठकुरी | कोषाध्यक्ष |
| ७) काशीराम ढुंगाना | सदस्य |
| ८)धनराज अबिरल | सदस्य |
| ९)कपिल भट्ट | सदस्य |
| १०)लक्की चौधरी | सदस्य |
| ११)पुष्पराज जोशी | सदस्य |

**संस्थाको कार्यालय:** धनगढी नगरपालिका-१ मेनरोड

**सम्पर्क फोन नं.**: ०९१-५२०५९९

**मोवाईल** : ९८४८४४६४९९

# ४.७ मोती साहित्य समाज टीकापुर, कैलाली

**दर्ता स्थान** : जि.प्र.का.,कैलाली

**स्थापना मिति** : २०५६ साल

**संस्थापक व्यक्तिहरु** : अशोक बोहरा,सेतराज संगम,निर्दोष डेबिट,जय सिंह बिश्वकर्मा,दिब्य सागर साउद

**आवद्ध सदस्य संख्या** : ४५

**बर्तमान कार्य समिति**

| नाम | पद |
|---|---|
| १)अशोक बोहरा | अध्यक्ष |
| २)निर्दोष डेबिट | सदस्य |
| ३)आदर्श दिप रावल | सदस्य |
| ४)सेतराज संगम | सदस्य |
| ५)दिब्य सागर साउँद | सदस्य |
| ६) जय सिंह बिशवकर्मा | सदस्य |
| ७) काशीराम ढुंगाना | सदस्य |
| ८)नर बहादुर बटाला | सदस्य |

**सम्पर्क ठेगाना** : टीकापुर नगरपालिका मुख्य बजार टीकापुर कैलाली

**सम्पर्क फोन नं.**: ९८४८४२६८०२

## ४.८ नवरत्न साहित्य संगम धनगढी,कैलाली

**दर्ता स्थान :** जि.प्र.का.,कैलाली

**स्थापना मिति :** २०५६ साल

**संस्थापक व्यक्तिहरु :** शिवराज योगी, तपराज बिनाडी, सुरत रावत, दीर्घराज उपाध्याय, सुभाषचन्द्र भण्डारी

**आवद्ध सदस्य संख्या :** ४१ जना

**बर्तमान कार्य समिति**

| नाम | पद |
|---|---|
| १)मोहन शाही | अध्यक्ष |
| २)तेज भट्ट | उपाध्यक्ष |
| ३)यामु शर्मा | सचिव |
| ४)प्यासी ओभ्रा | सह-सचिव |
| ५)मञ्जु मिश्र | कोषाध्यक्ष |
| ६)बिष्णु रोकाया | सदस्य |
| ७) गोबिन्द खड्का | सदस्य |
| ८)टुक प्रसाद काफ्ले | सदस्य |
| ९)ममता बस्नेत | सदस्य |

**संस्थाको कार्यालय अर्थात सम्पर्क ठेगाना** : धनगढी नगरपालिका-५ कैलाली

**सम्पर्क फोन नं.**:०९१-५२१७२६

**मोवाईल** : ९८४८४२२२२०

# ४.९ बझाङ्ग साहित्य मञ्च  चैनपुर बझाङ्ग

**दर्ता स्थान** : जि.प्र.का.,बझाङ्ग

**स्थापना मिति** : २०६६ साल

**संस्थापक ब्यक्तिहरु** : राम प्रसाद उपाध्याय,लाल बहादुर बोहरा,शैलेन्द्र रोकाया,सूर्य प्रकाश जोशी,निर्मला जोशी

**आबद्ध सदस्य संख्या** : २५ जना

**बर्तमान कार्य समिति**

| नाम | पद |
|---|---|
| १)रामप्रसाद उपाध्याय | अध्यक्ष |
| २)लालबहादुर बोहरा | उपाध्यक्ष |
| ३)शैलेन्द्र रोकाया | सचिव |
| ४)निर्मला जोशी | सह सचिव |
| ५)झलकनविन रोकाया | कोषाध्यक्ष |
| ६) सूर्यप्रकाश जोशी | सदस्य |
| ७) गणेश गिरी | सदस्य |
| ८)प्रसाद पुरी | सदस्य |
| ९)देवराज भट्टराई | सदस्य |

**सम्पर्क ठेगाना** : चैनपुर गा.बि.स.-१ मुख्यबजार

**सम्पर्क फोन नं**.:०९२-६९०००८

**मोवाईल** :९८४८४१७७७

# ४.१० सु.प. साहित्य कला संगीत प्रतिष्ठान टीकापुर कैलाली

**दर्ता स्थान :** जि.प्र.का.,कैलाली

**स्थापना मिति** : २०६१ साल

**संस्थापक ब्यक्तिहरु** : धनन्जय तिमील्सिना, आदर्शदीप रावल,यज्ञमुर्ति अर्याल अशोक बोहरा

**आबद्ध सदस्य संख्या :** ४५ जना

**बर्तमान कार्य समिति**

| नाम | पद |
|---|---|
| १) बलबहादुर रावल | का. वा.अध्यक्ष |
| २) यज्ञमूर्ति अर्याल | सदस्य |
| ३) काशीराम ढुंगाना | सदस्य |
| ४) जितबहादुर बराल | सदस्य |
| ५) नरबहादुर बटाला | सदस्य |
| ६) जितबहादुर आउजी | सदस्य |
| ७) पार्वती तिमिल्सिना | सदस्य |
| ८) नन्दराज के.सी. | सदस्य |
| ९) कान्तिप्रसाद ज्ञवाली | सदस्य |

**संस्थाको कार्यालय** : टिकापुर नगरपालिका मुख्यबजार, कैलाली

**सम्पर्क फोन नं.:** ०९२-६९०००८

**मोवाईल** :९८४८४२६८०२

## ४.११ अन्य संघ संस्थाहरु

माथि उल्लेखित कियाशील संघसंस्था बाहेक सुदूर पश्चिमाञ्चलको भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण सम्बर्धन र विकास गर्न तथा नयाँ प्रतिभाहरुलाई प्रस्फुटन गरी साहित्यिक गतिविधि बढाउन अन्य संघसंस्थाहरुले पनि यदाकदा गतिबिधि गरेको देखिन्छ । अन्य साहित्यिक संघसंस्थाहरुको नामावली यसप्रकार रहेको छ :

| **क. सं.** | **संस्थाको नाम** | **स्थान** | **अध्यक्ष** |
|---|---|---|---|
| १ | नेपाली लोक संस्कृति प्रतिष्ठान | धनगढी, कैलाली | पदमराज जोशी |
| २ | लेखनाथ साहित्य समाज | टीकापुर | अशोक बोहरा |
| ३ | भानु पुस्तकालय | सत्ती, कैलाली | दिब्यसागर साँउद |
| ४ | नेपाली भाषा संस्कृति परिषद | धनगढी, कैलाली | टी.एन. जोशी |
| ५ | ज्योति पुस्तकालय | पुनर्वास त्रिभुवनवस्ती कञ्चनपुर | रामचन्द्र नेपाल |
| ६ | सु.प. संस्कृति सम्बर्द्धन समिति | धनगढी, कैलाली | पदमबहादुर चन्द |
| ७ | कलश साङ्गीतिक समूह | टीकापुर, कैलाली | कमल शाह |
| ८ | सु.प. कला प्रतिष्ठान | धनगढी | राजकुमार जोशी |
| ९ | रविन नाट्य कलाकेन्द्र | अत्तरिया, कैलाली | सुरतबहादुर शाह |
| १० | सुदूर पश्चिमाञ्चल साहित्य प्रतिष्ठान | भीमदत्तनगर पालिक कञ्चनपुर | तिलकप्रसाद शर्मा |
| ११ | छन्द प्रतिष्ठान | धनगढी, कैलाली | मनिराज जोशी |

# परिच्छेद पाँच

## ५.१ सुदूर पश्चिमाञ्चलमा प्रकाशित रचना र साहित्यकारहरुको अवस्था

सुदूर पश्चिमाञ्चल कला, संस्कृति र साहित्यको उर्वर क्षेत्र हो । नेपाली भाषा, साहित्य,कला र संस्कृतिका क्षेत्रमा सुदूर पश्चिमका सयौं स्रष्टाहरु क्रियाशील रहेका छन् । लोकसाहित्यको समृद्ध क्षेत्र डोटेली लोकसाहित्य भएकोले यसको खोज, अनुसन्धान र प्रकाशनमा विभिन्न अनुसन्धानकहरुले महत्वपूर्ण उपलब्धीहरु हाँसिल गरेका छन् । डोटेली लोकसाहित्यमा जयराज पन्त र बद्री शर्मा विनाडीले विद्यावारिधि गरिसकेकाले खोज अनुसन्धान गर्नेहरुका लागि अब डोटेली लोकसाहित्यको विशाल भण्डारमा प्रवेश गर्नु अलि सहज भएको देखिन्छ ।

सुदूर पश्चिमाञ्चलको मूल पहिचान नै डोटेली लोकसाहित्य र यसभित्रका डेउडा माँगल, फाग, धमारी, हुड्केली, चैत, भुवा जस्ता विविध सांस्कृति विरासत भएका कारण यस क्षेत्रका स्रष्टाहरु डोटेली लोकसाहित्यका कुनै न कुनै पक्षसँग सम्बन्धित र प्रभावित रहेकै देखिन्छन् । मूलत आफ्नो सांस्कृतिक  पहिचान र विशेष गरी डोटेली संस्कृतिका मूलभूत पक्षहरुलाई  पहलमानसिंह स्वाँरदेखि एन.डी प्रकाश चटौत, वासुदेव भाइसाव र पदमराज जोशीसम्मका स्रष्टाहरुले आत्मसाथ गरी उजार गरेको देखिन्छ ।

डोटेली लोकसंस्कृतिभित्रकै अछामका विभिन्न सांस्कृतिक पर्व र चाडहरुबाट प्रभावित भई पहलमानसिंह स्वारले "अछामका चाडपर्व" नामक कृति लेखे भने क्रान्तिकारी कवि, एन.डी. प्रकाश चटौतले पनि क्रान्तिकारी कविताको माध्यम डोटेली भाषालाई बनाए । यसैगरी कवि भक्तबहादुर बलायरले "बेलु" र "राइमती" जस्ता दुई वटा महाकाव्यलाई डेउडात्मक श्लोक शैली र डोटेली भाषामा नै प्रकट गरे । यसैगरी बझाङ्गका कवि मानबहादुर सिंह पहाडीले आफ्ना काव्य कविताको माध्यम र लय डेउडालाई नै बनाएर सुदूर पश्चिममा लोककविको उपाधि पाइसकेका छन् । यसै गरी वासुदेव भाइसाव, पदमराज जोशी, निर्मल भण्डारी, गोविन्द शास्त्री, एकराज भट्ट, काशीराम ढुंगाना जस्ता स्रंष्टाहरुले सांस्कृतिक पक्षहरुलाई आफ्ना रचनाको विषयवस्तु र डेउडात्मक लयशैलीलाई रचनाको माध्यम बनाएका देखिन्छन्  यसरी सुदूर पश्चिमका स्रष्टाहरुले यहाँको लोकसाहित्य र सांस्कृतिक वैभवलाई सिर्जनामार्फत अभिव्यक्त गर्ने प्रयास गरिआएको देखिन्छ ।

सुदूर पश्चिममा साहित्यका प्राय: सबै विद्याका कृतिहरु लेखिएका र लेख्ने क्रम चलिरहेको पाइए पनि समान किसिमले सबै विद्याको विकास भएको भने देखिदैन । अग्रज स्रष्टाहरु प्राय कविता काव्य विद्यामै क्रियाशील रहेका देखिन्छन् भने नयाँ पुस्ताका

धेरैजस्तो प्रतिभाहरु गजल विद्यामा मात्रै क्रियाशील रही गजल मात्रै लेख्ने गरेका देखिन्छन् । यसले गर्दा नवप्रतिभाहरुमा रहेको कथा, समालोचना, निबन्ध लेख्ने सम्भावना हराएर जान थालेको देखिन्छ ।

सुदूर पश्चिमबाट उदाएका र राष्ट्रिय रुपमा ख्याति कमाएका स्रष्टाहरु प्राय काठमाडौं र सुदूर पश्चिमभन्दा बाहिर नै बस्ने भएका कारण पनि स्थानीय स्तरमा स्तरीय साहित्य लेखनको अवस्था न्यून रहेको देखिन्छ । सुदूर पश्चिममै बसेर आफ्नो राष्ट्रिय पहिचान बनाएका स्रष्टाहरु थोरै मात्र देखिन्छन् । यज्ञराज जोशी “यात्री”, श्रेष्ठप्रिया पत्थर, पदमराज जोशी, वासुदेव भाइसाव, हर्षप्रसाद भट्ट, निर्मल कुमार भण्डारी, मनिराज जोशी, पूर्णानन्द भट्ट, खगेन्द्र गिरी “कोपिला”, आत्माराम ओझा, हेमन्ती जोशी, रामलाल जोशी, टी.एन. जोशी, हेमन्ती जोशी, दीपा ऐर “उदासी” जस्ता अल्पसंख्यक स्रष्टाहरु मोफसलमा बसेर पनि क्रियाशील रही राष्ट्रिय पहिचान बनाउन प्रयासरत देखिन्छन् भने लोकेन्द्रबहादुर चन्द, डा. डी.पी भण्डारी, महेशविक्रम शाह, आनन्देव भट्ट, डा. जयराज पन्त, महादेव अवस्थी, ललिजन रावल, आ.डी. प्रभास चटौत जस्ता राष्ट्रिय स्तरमै ख्यातिप्राप्त स्रष्टाहरुले सुदूर पश्चिममा साहित्यिक गतिविधि बढाउन र स्तरीय साहित्य लेखनका लागि नयाँपुस्तालाई कुनै प्रभाव छोड्न सकेको देखिदैन ।

यस क्षेत्रमा प्राय, काव्य, कविता, गजल र लोक साहित्य सम्बन्धी कृतिहरु नै प्रकाशित भएका देखिन्छन् । कथा स्तरीय रुपमा थोरै लेखिने र स्थापित स्रष्टाहरुले मात्रै लेख्ने गरेका देखिन्छन् भने उपन्यास लेखनमा उत्साह देखिदैन । निबन्ध, यात्रासंस्मरण र समालोचना लेखनमा पनि यो क्षेत्र ओझेलमै परेको देखिन्छ ।

सुदूर पश्चिममा साहित्य लेखनमा लागेका स्रष्टाहरुको अवस्था पनि प्राय उत्साहप्रद देखिदैन । साहित्य लेखेरै जीवन निवार्ह गर्ने अवस्था राष्ट्रमा नै प्रख्यात साहित्यकारहरुको त छैन भने सुदूर पश्चिममा बसेर लेख्ने र थोरै प्रति मात्रै कृति प्रकाशन गर्ने स्रष्टाहरु लेखेरै बाँच्न सक्ने अवस्था झनै देखिदैन ।

सुदूर पश्चिममा साहित्यिक कृतिहरु किनेर पढ्ने चलन त्यति नभएको अवस्थामा स्थानीय स्तरमा लेखिएका कृतिहरु किनेर पढ्ने चलन त नगन्य नै भन्नु पर्दछ । लेखकका

कृतिहरु प्रकाशन गरिदिने प्रकाशक र उत्पादकको पनि सुदूर पश्चिममा अभाव देखिन्छ भने प्रकाशकले लेखकलाई कृति प्रकाशन वापतको मूल्य वा रोयल्टी दिने विषय त अझ टाढाकै कुरो देखिन्छ । आफूले लेखेका रचनाहरु प्राय लेखकले स्वयं आफ्नै लगानीमा प्रकाशन गर्ने गरेको देखिन्छ । प्रकाशित कृतिहरु बेचेर त्यसबाट ठूलो आर्थिक लाभ लिनसक्ने अवस्था पनि देखिदैन । यस्तो अवस्था भएर पनि यहाँका लेखक स्रष्टाहरुले साहित्यप्रति भने अपार श्रद्धा राख्ने गरेको देखिन्छ । साहित्य सिर्जनामा लागेका स्रष्टाहरुप्रति पनि समाजले आदरभाव र सम्मान प्रकट गर्ने गरेको देखिन्छ ।

सुदूर पश्चिममा लेखकहरुका कृतिहरु अनाधिकृत रुपमा प्रकाशन र विक्री वितरण गरी कुनै प्रकाशक वा विक्रेताले नाजायज फाइदा लिएका घटनाहरु प्रकाशमा आएका देखिदैनन् । लेखकहरुले समेत आफ्ना कृतिहरु अनाधिकृत रुपमा प्रकाशन भएको, विक्री वितरण र चोरी भएका घटनाहरुलाई उठाएको पाइदैन । साहित्यिक कृतिहरुको विक्री वितरण, प्रकाशन उत्पादन वा चोरी भएका घटना र त्यस सम्बन्धी विवादहरु कुनै कानून व्यवसायी र अदालतहरुमा पुगेका देखिदैनन् । तथापि साहित्यिक कृतिहरुको प्रकाशन उत्पादन र विक्री वितरणमा लेखकहरुले प्रकाशक र वितरक संस्थाहरुसँग दरिलो सम्झौता नगर्ने र त्यसको अनाधिकृत विक्री वितरणप्रति चासो नराख्ने प्रवृतिका कारण वार्षिक रुपमा प्रतिलेखकलाई रु. ३० हजार बराबरको नोक्सानी हुने अनुमान गर्न सकिन्छ ।

# परिच्छेद ६

## ६.१ रोयल्टी संकलन, निर्धारण र वितरणका आधारहरु तयार गर्नका लागि गर्नुपर्ने कार्यहरु

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रलाई साहित्य र संस्कृतिको बिशाल भण्डार मानिन्छ । प्रथम दुखान्त नाटककार पहलमानसिंह स्वाँरदेखि आजसम्म आइपुग्दा सयौ साहित्यकारहरु सुदूर पश्चिमले जन्माएको छ भने हजारौ साहित्यिक कृतिहरु प्रकाशित पनि भएका देखिन्छन् । देशका अन्य भागको तुलनामा सुदूर पश्चिममा व्यवसायिक रुपमा नै साहित्यिक कृतिहरु प्रकाशन गर्ने प्रकाशन संस्था र गृहहरु स्थापित भएका नभएपनि बिभिन्न संघ संस्था र व्यक्तिहरुले स्रस्टाहरुका कृतिहरु प्रकाशन गर्ने गरेको देखिन्छन् ।

सुदूर पश्चिममा साहित्यको क्षेत्रमा विभिन्न संघ संस्था, प्रकाशन गृह र व्यक्तिहरुले लेखकहरुका कृतिहरु प्रकाशित गर्ने गरेको देखिए पनि यी कृतिहरुबाट लेखकले पाउनु पर्ने आर्थिक लाभ अथवा रोयल्टी पाएको भने देखिदैन् । साहित्यिक कृतिहरुको बजार पनि ठूलो र व्यापक भई नसकेको तथा किनेर पढ्ने मानसिकता पनि कम भएका कारण पुस्तकको बिक्री वितरण गर्न नसकिने र देशका अन्य भागमा पनि पठाउन नसकिने अवस्था भएका कारण साहित्यिक कृतिहरु कम छापिने गरेको देखिन्छन् । लेखक स्रस्टाहरुलाई त्यसबाट आफूलाई आर्थिक लाभ होस् भन्ने कुरामा भन्दा पनि समाजमा साहित्यकारका रुपमा स्थापित हुने र सवैले चिनून् भन्ने कुरामा चिन्ता हुने हुँदा आफ्नो रचनाबाट उनीहरुले प्रत्यक्ष आर्थिक आभ लिन सकेको देखिदैन् ।

कुनै पनि साहित्यिक रचना बौद्धिक सम्पत्ति हुन् र यसमा व्यक्तिको मानसिक र भावनात्मक श्रम लागेको हुन्छ, भन्ने तथ्यलाई बुझाउन नसकिएकै कारण साहित्य क्षेत्र व्यवसायिक हन् नसकेको देखिन्छ । स्रष्टाहरुलाई आफ्ना रचनाहरु र त्यसबाट लिन सकिने लाभप्रति सचेत गराई उत्पादक/ प्रकाशक र व्यवसायिक पक्षलाई पनि यसको अनाधिकृत उतपादन, प्रकाशन र बिक्रिबितरण नगर्न-नगराउने कार्य तर्फ सचेत गराउन

सकिएमा बौद्धिक सम्पत्तिको संरक्षण गर्ने सम्बन्धित व्यक्तिलाई लाभ पुग्ने र साहित्य क्षेत्र मूल्यवान् हुने देखिन्छ । त्यसैले यस क्षेत्रमा रोयल्टी प्रावधान लागू गर्न सकिएमा एकातिर यसको सही सदुपयोग हुने सम्भावना देखिन्छ भने अर्को तर्फ रचनाका स्रस्टाहरुलाई बौद्धिक सम्पत्तिको मूल्य प्राप्त भई उनीहरुलाई आर्थिक लाभ पुग्ने र आफ्ना रचनाको प्रतिफलले जीवन निर्वाह गर्नमा सहयोग पुग्ने देखिन्छ ।

**१. साहित्यिक क्षेत्रमा रोयल्टी संकलन, निर्धारण र वितरण गर्नका लागि गर्नुपर्ने कार्यहरुलाई बुँदागत रुपमा औल्याइएको छ :**

क) रोयटी भनेको के हो ? साहित्यिक क्षेत्रमा यसको संकलन र वितरण कसरी गरिन्छ भन्ने कुराको जानकारी दिनका लागि प्रतिलिपि अधिकार रजिष्टारको कार्यालय र सम्बन्धित निकायले लेखक, प्रकाशक र वितरकलाई सचेतना गोष्ठी र प्रशिक्षण कार्यक्रम गर्नु आवश्यक देखिन्छ ।

ख) आफूले रचना गरेका साहित्यिक रचनाहरु बौद्धिक र मानसिक सम्पत्ति भएकोले लेखकहरु स्वयं आफ्ना रचनाबाट पाइने प्रतिफल प्राप्त गर्न सजक हुनुपर्दछ ।

ग) रोयल्टी संकलन कार्यका लागि लेखकहरुको सामुहिक र साझा निकाय वा संस्था सुदूर पश्चिममा गठन गरी त्यसले लेखकहरुले पाउनुपर्ने रोयल्टी संकलन गरी न्यायोचित वितरण गर्नु पर्दछ ।

घ) रोयल्टी निर्धारणका लागि लेखकहरुले प्रकाशहरुसँग आफ्ना कृतिहरु प्रकाशन र विक्री वितरण गरेवापत पाउनुपर्ने रोयल्टीका लागि सम्झौता र अनुबन्ध गर्नपर्दछ ।

ङ) रोयल्टी संकलन र वितरणका लागि छुट्टै सरकारी निकाय गठन गरी त्यसको प्रभावकारी कार्यन्वयन गर्ने र कानून निर्माण गरी प्रभावकारी ढंगले कार्यन्वयन गर्नुपर्ने ।

## २. यस सम्बन्धी गर्नुपर्ने अन्य कार्यहरु

क) रोयल्टी प्रावधान लागू गर्न अन्य सम्पत्ति सरह साहित्यिक कृति पनि लेखकको बौद्धिक सम्पत्ति हो र त्यसबाट आर्थिक लाभ प्राप्त गर्न सकिन्छ भन्ने कुराप्रति सुदूर पश्चिमका लेखक/स्रस्टाहरुलाई सचेतना गोष्ठी गराउनु पर्ने ।

ख) सुदूर पश्चिमका सम्पूर्ण प्रकाशक/उत्पादक, बितरक र ब्यवसायिक पक्षहरुलाई यस क्षेत्रमा भएको कानुनी व्यवस्था र गर्नुपर्ने कार्यहरु जस्ता कुरामा सचेत गराउन सचेतना कार्यक्रम गर्नुपर्ने ।

ग) यस क्षेत्रमा कानूनको परिपालना भए नभएको प्रभावकारी अनुगमन गर्नुपर्ने ।

घ) रोयल्टी प्रावधान र प्रतिलिपि अधिकारप्रति सचेत गराउदै पटक पटक स्थानीय र राष्ट्रिय स्तरका पत्र-पत्रिका,रेडियो,टी.भी.र एफ.एम.जस्ता सञ्चारका माध्यमहरुमा सूचना र जानकारीहरु प्रसारण गर्नुपर्ने ।

ङ) सुदूर पश्चिममा प्रकाशन/ उत्पादन र बिक्रि- बितरण गर्ने सम्बन्धित ब्यक्ति संस्था र निकायको प्रभावकारी अनुगमन गरी अनाधिकृत उत्पादन,प्रकाशन र बिक्रि बितरण गर्ने पक्षलाई कानुनी कारवाही गरी दण्ड, सजाय र जरिवाना गरी त्यस्ता प्रक्रियालाई निरुत्साहित गर्नुपर्ने ।

च) लेखक र स्रष्टाहरुलाई आफ्ना रचनाको संरक्षण,सम्बर्द्धन गर्न आफ्ना प्रकाशित कृतिहरुको सदुपयोग र दुरुपयोगप्रति सचेत रहन र प्रतिलिपि अधिकार सम्बन्धि जानकारी दिई कानुनी प्रकृया र उपचार सम्बन्धि जनचेतना गराउनु पर्ने ।

# परिच्छेद सात
# निस्कर्ष तथा सुझावहरु

## ७.क. निष्कर्ष:

### ७.क. १. बौद्धिक सम्पत्तिका रुपमा साहित्यिक रचना

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र कला, संस्कृति र साहित्यको धनी र सम्पन्न क्षेत्र हो । नेपाली भाषाको समेत उद्‌गम स्थलका रुपमा चिनिने यो क्षेत्रका कला, संस्कृति र लोकसाहित्य आदिम साहित्यका चिनारीहरु हुन् । सुदूर पश्चिममा साहित्य लेखनको इतिहास पनि लामो र सम्पन्न देखिन्छ । पहलमानसिंह स्वाँर, जयपृथ्वीबहादुर सिंह, देवकान्त पन्त जस्ता स्रष्टाहरुबाट सुरु भएको साहित्य व्याकरण र लोकसाहित्य लेखनको यात्राले अतीतदेखिआज सम्मको लामो दूरी पार गरेको देखिन्छ । साहित्य लेखनको यस लामो यात्राबाट प्राप्त उपलब्धी नै सुदूर पश्चिमको बौद्धिक सम्पत्तिका रुपमा चिनिने साहित्यिक रचनाहरु हुन् ।

सुदूर पश्चिममा साहित्यका विविध विद्याका कृतिहरु प्रकाशित भएका देखिन्छन् । लोकजीवनमा रहेको “डोटेली लोक साहित्य”, खोज, अनुसन्धान र विद्यावारिधि समेत गरिने बौद्धिक समुदायको आकर्षण र चासोको केन्द्र बनेको छ । यसको खोज अनुसन्धान,संकलन र प्रकाशनमा केही महत्वपूर्ण उपलब्धीहरु हाँसिल भएका छन् । अहिलेसम्म दुई जनाले डोटेली लोक साहित्यमा विद्यावारिधि गरेका छन्, भने अँजुलीभरि सगुन र पोल्टाभरी फाग, “गौरापर्व एक परिचय”, डेउडा, “डोटेली धमारी तथा भो पर्वको गीत र गाथाहरु” जस्ता महत्वपूर्ण कृतिहरु प्रकाशित भएका छन् ।

साहित्यका अन्य विद्यामा समेत सुदूर पश्चिममा महत्वपूर्ण र प्रशस्त कृतिहरु प्रकाशित भएका देखिन्छन् । पहलमानसिंह स्वाँरले सुरु गरेको साहित्य लेखनको क्रमलाई निरन्तरता दिदै यस क्षेत्रले उल्लेख्य उपलब्धीहरु हाँसिल गरेको छ । कविता, कथा, उपन्यास निबन्ध गीत- गजल जस्ता विद्यामा लेखन र प्रकाशनको क्रम तीव्र देखिन्छ । जेहोस सुदूर पश्चिममा बौद्धिक सम्पत्तिका रुपमा साहित्यिक रचनाहरु प्रशस्त प्रकाशित भएका देखिन्छन् ।

### ७.क.२. साहित्य लेखन र विकासमा बढ्दो क्रियाशीलता

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा साहित्य लेखनको क्रम तीव्र भएको देखिन्छ । पहलमानसिंह स्वाँरबाट सुरु भएको साहित्यका विभिन्न विद्याको विद्यागत लेखनले लामो यात्रा पारगर्ने क्रममा सुदूर पश्चिमबाट सयौं साहित्यकारहरु उदाएका छन् । सुदूर पश्चिमाट उदाएका स्रष्टाहरु मध्ये केही राष्ट्रकै ख्यातिप्राप्त साहित्यकारका रुपमा कहलिएका छन् भने केही सुदूर पश्चिममै बसेर साहित्य साधना गरी स्थापित हुने प्रयास गर्दैछन् । साहित्य लेखनको यात्रामा दिनानुदिन नवप्रतिभाहरुको प्रवेश हुने क्रमले सुदूर

पश्चिम क्षेत्रको साहित्यिक लेखन र विकासमा उल्लेखनीय प्रगति हुने कुरामा विश्वास गर्न सकिन्छ ।

साहित्यका विभिन्न विद्याको विद्यागत रचनाहरु लेखनकासाथै सुदूर पश्चिममा विभिन्न साहित्यिक संघ संस्थाहरुले समेत साहित्यिक विकासमा उल्लेखनीय भूमिका निर्वाहा गरिरहेका देखिन्छन् । साहित्यको विकास, नयाँ प्रतिभाहरुलाई प्रोत्साहन,स्रष्टाका कृतिहरु प्रकाशन र लेखक कविहरुका हकहितका लागि सुदूर पश्चिमका विभिन्न जिल्ला र स्थानमा साहित्यकारहरुकै संलग्नतामा स्थापित र क्रियाशील संघसंस्थाहरुले कवि गोष्ठी, लेखन, प्रशिक्षण र तालिम, कृति प्रकाशन र विभिन्न साहित्यिक गतिविधिहरु गरिरहेका देखिन्छन् । यसले गर्दा एकातिर पुराना र नयाँ स्रष्टाहरुलाई निरन्तर प्रेरित गरिरहेको देखिन्छ भने अर्कोतिर साहित्यको संस्थागत विकास पनि भइरहेको देखिन्छ ।

## ७.क.३. साहित्य लेखनमा नवप्रतिभाहरुको आकर्षण: आशलादो भविष्य

सुदूर पश्चिममा साहित्य लेखनमा पुराना स्रष्टाहरु जसरी स्थापित भएका छन् नवप्रतिभाहरुको आकर्षण पनि त्यत्तिकै बढ्दो देखिन्छ । अछाममा जन्मिएका पहलमानसिंह स्वाँर नेपाली साहित्यका प्रथम दुखान्त नाटककार भई राष्ट्रिय प्रतिभाका रुपमा अमर हुनु, राजा भइकन पनि भाषा र साहित्यमा दिएको देनले जयपृथ्वीबहादुर सिंह सधै स्मरणीय रहनु, लोकेन्द्र बहादुर चन्द र महेशविक्रम शाहले नेपालकै प्रतिष्ठित मदन पुरस्कार प्राप्त गरी कथाका क्षेत्रमा ख्याति प्राप्त गर्नु, भाउपन्थी, ललिजन रावल, डा.डी.पी भणडरी, डा. जयराज पन्त, आनन्ददेव भट्ट, आर.डी. प्रभास चटौत जस्ता सुदूर पश्चिमेली प्रतिभाहरु राष्ट्रिय रुपमै स्थापित हुनुले सुदूर पश्चिमका नवप्रतिभाहरुलाई प्रेरित गरिरहेको देखिन्छ । पचासको दशकपछि सुदूर पश्चिममा स्थापित भएका सुदूर पश्चिमाञ्चल साहित्य समाज र अन्य संघ संस्थाका साहित्यिक गतिविधि, राष्ट्रिय स्तरका कार्यक्रम सुदूर पश्चिममै हुनु र माथि उल्लेखित स्रष्टाहरु विभिन्न कार्यक्रममा आएर नवप्रतिभाहरुलाई हौसला दिने जस्ता कार्यले सुदूर पश्चिममा युवा र नवप्रतिभाहरु साहित्य लेखनप्रति आकर्षित हुने गरेका छैनन् भने गीत, गजल, कविता, निबन्ध कथा र उपन्यास जस्ता विभिन्न विद्याका रचनामा संलग्न भई साहित्य लेखनमा लागिरहेका पनि देखिन्छन् । यसले गर्दा सुदूर पश्चिममा साहित्य लेखन र प्रकाशनको भविष्य अत्यन्त आशलाग्दो छ भनेर विश्वास गर्न सकिन्छ ।

## ७.ख. सुझावहरुः

***सुदूर पश्चिमाञ्चलमा प्रकाशित साहित्यिक रचना तथा क्रियाशील साहित्यकारहरुको विवरण संकलन, अवलोकन, अध्ययन र विश्लेषण गरी मूल्यांकन गर्दा निम्नलिखित सुझावहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ :***

❖ सुदूर पश्चिममा साहित्यका विभिन्न विद्याका रचनाहरु लेख्ने र प्रकाशन गर्ने गरेको देखिए पनि आधुनिक मान्यता, विधि र शैलीमा स्तरीय लेखनका लागि कतिपय पुराना र नयाँ स्रष्टाहरुलाई लेखन सम्बन्धी प्रशिक्षण तालिम गराउनु आश्वक देखिन्छ ।

❖ सुदूर पश्चिममा साहित्यिक कृतिहरु प्रकाशन गर्ने र त्यसवापत लेखकलाई पारिश्रमिक/रोयल्टी दिने व्यवस्था नभएको हुँदा साहित्यलाई बौद्धिक सम्पत्ति र व्यवसायिक श्रोतका रुपमा पनि आर्थिक लाभ प्राप्त गर्न सकिने गरी व्यवसायिकता प्रदान गर्नका लागि लेखक, प्रकाशक, वितरक आदिलाई संयुक्त रुपमा सचेतना कार्यक्रम गर्नुपर्ने देखिन्छ ।

❖ स्रष्टाहरुका महत्वपूर्ण कृतिहरुलाई राज्यले नै प्रकाशन गर्ने, खरिद गरिदिने र स्रष्टालाई विद्वत वृत्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

❖ विद्यालय र विश्वविद्यालयका विभिन्न तहका पाठ्यपुस्तकहरुमा सुदूर पश्चिममाञ्चलका स्रष्टाहरुका रचनाहरु पनि छनौट गरी समावेश गर्नुपर्ने देखिन्छ ।

❖ सुदूर पश्चिमका विभिन्न जिल्ला, स्थान र विकट ठाउँहरुमा बसेर पनि साहित्य साधना गर्ने र रचना प्रकाशित गर्ने कतिपय स्रष्टाहरु ओझेलमा परेका देखिन्छन् । उनीहरुको विवरण र कृतिहरु खोजबिन गरी प्रकाशमा ल्याउनु पर्ने देखिन्छ ।

❖ राज्यको तर्फबाट साहित्य सिर्जनामा लागेको स्रष्टा  उनीहरुका कृतिको प्रकाशन संरक्षण जस्ता कार्यमा कुनै लगानी देखिदैन अतः सुदूर पश्चिममा नै सरकारी पहलमा स्रष्टाहरुलाई समेट्ने र प्रतिनिधित्व गर्ने साहित्यिक निकायको स्थापना हुनु आवश्यक देखिन्छ ।

❖ प्रतिलिपि अधिकारप्रति लेखकहरुलाई सचेत गराउन स्थानीय स्तरमा स्थानीय प्रशासन साहित्यिक संघ संस्थाहरुले पटक पटक गोष्ठी सेमिनार र सचेतना कार्यक्रम गर्नु आवश्यक देखिन्छ भने प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयलाई विस्तार गरी प्रत्येक क्षेत्रमा स्थापना गर्नु पर्दछ ।

*अस्तु*